सा. २०४८ R.

संस्कृत-समीक्षा

को अनुत्थान र उत्थानका कारण
पायहरु,-विभिन्न अनुसन्धानबाट)

समीक्षा
R
आ. ५३
नं. ४-८६१

प्रकाशकः-

नेपाल-संस्कृत-विश्व-विद्यालय

Z

सम्पादकौ-
आचार्य पूर्णचन्द्रो दुङ्गेलः
श्री खेमराजो ज्ञवाली

१०००
पं. २०२८

पौष २७ गते
पृथ्वी जयन्ती

मूल्य २।५०

वाल्मीकि संस्कृत महाविद्यालय रामशाहपथ,
काठमाडौंको
सा. २०४ सामूहिक-पुस्तकालयको निमि-
त्त सादर समर्पण
द्वाराः-
२१।१०।२९

संस्कृत-समीक्षा

(संस्कृतको अनुत्थान र उत्थानका कारण
तथा उपायहरु,-विभिन्न अनुसन्धानबाट)

नं. ४-८६१

R.

प्रकाशकः—

नेपाल-संस्कृत-विश्व-विद्यालय

सम्पादकौ—
आचार्य पूर्ण चन्द्रो तुङ्गेलः
श्री खेमराजो ज्ञवाली

प्रकाशकः—
नेपाल संस्कृत विश्वविद्यालय
दाङ हेमन्त पुर
राप्ती अञ्चल

प्रथम आवृत्तिः १०००
शाके १८९२
संवत् २०२८

पौष २७ गते
राष्ट्रिय एकता दिवस
पृथ्वी जयन्ती

मूल्य २।५०

मुद्रकः प्रिटिङ्ग एण्ड स्टेशनरी वर्क्स
कमलपोखरी

सा. २०४८ R

राष्ट्रिय – एकता — दिवस
२०२८ पौष २७ गते
पृथ्वी जयन्ती ।

समर्पण-

यो संस्कृत-समीक्षा विशाल-आर्यजगत्का प्रातः स्मरणीय परमपावन ती नै पूर्वजहरूमा सभक्ति समर्पित छ, जो, समस्त विश्वका लागि विशेषतः हाम्रो लागि अमूल्य— रत्नहरू— विश्व भाषा जननी संस्कृत, तदनुप्राणित-आर्य-संस्कृति, आर्य सभ्यता र आर्येतिहास दिएर गए।

समर्पकः—

विश्व भाषा जननी संस्कृत, तदुज्जीवित—आर्य संस्कृति, आर्य सभ्यता र आर्येतिहासको अनन्य उपासक एवम् तत्तदुद्भूत क्रमशः केही रूपान्तरित विश्वका समस्त— भाषा, संस्कृति, सभ्यता र इतिहासहरूको प्रेमी संस्कृत-जगत् ।

★

आह्वान

श्रीमान् संस्कृत—संस्कृतिप्रेमी पाठक वृन्द !

यहाँहरूले स्वयं जान्नु भएकै छ जोकि संस्कृतसंग समस्त हिन्दुजातिको बडो गहिरो भावनात्मक सम्बन्ध छ । यो सम्बन्ध अनादि एवम् अविच्छिन्न छ । यसको कारण यो छकि यसमा आर्य संस्कृतिको इतिहास उसको दर्शन, ज्ञान विज्ञान-कला-कौशल सङ्गीत आदिको अगाध साहित्य भरिएको छ । संस्कृतको लोप भयो भने हिन्दुजातिको अस्तित्व नै संशयमा पर्न जानेछ । संस्कृतको रक्षा, त्यसको प्रचार एवं प्रसार हाम्रो लागि जीवन मरणको प्रश्नछ । अस्तु, नेपालमा योगिराज नरहरिनाथज्यूको अमोघ कल्पनाको अत्याधुनिक विश्वको प्रथम एवं विशालतम "नेपाल—संस्कृत—विश्वविद्यालयको" कार्यान्वयनमा सबैको पूर्णसहयोग अपेक्षित छ ।

नेपालमा संस्कृत शिक्षालाई सर्वथा दोष मुक्त, अत्याधुनिक एवं वैज्ञानिक बनाउने दृष्टिले संस्कृत शिक्षा, कार्यक्रमको अध्ययनको लागि योगिराजज्यूको नेतृत्वमा एउटा विद्वन्मण्डल शीघ्र भारत आदि संस्कृतप्रेमी विश्वका देशहरूको यात्रामा गैरहेको छ । उक्त अवसरमा हामीले संस्कृत, वाङ्मयको विभिन्न विषयमा-संस्कृत शिक्षा, आर्य संस्कृति, हिन्दुदर्शन,भाषा विज्ञान, उपनिषद्, पुराण,इतिहास निगम,आगम, आदि संस्कृत साहित्यका विभिन्नक्षेत्र, नेपाल र भारतको आदि कालदेखि अविच्छिन्नरूपमा चलिआएको सम्बन्ध,योगिराजको इतिवृत्त एवं उपलब्धि आदि विषयमा उच्चकोटिका निबन्धहरूलेयुक्त एक स्मारिक (Souvenir) प्रकाशित गर्ने योजना छ । यहाँहरूसंग सविनय अनुरोधछ कि कृपया निम्नलिखितविषयमा एउटा आफ्नु निबन्ध आगामी चैत्र मासान्तसम्म निम्नलिखित ठेगानमा पठाइदिनु भएमा ठूलो अनुग्रह हुनेछ । पछि पनि विचारपूर्णलेख, सत्य-समाचार एवम् रचनात्मक सुझाउ यस- ने.सँ.वि.वि. बाट प्रकाशित हुने पत्र-पत्रिकाकोनिमित्त पठाइरहन विशेष अनुरोधछ ।

निवेदकः—आचार्य पूर्णचन्द्र ढुङ्गेल
"नव्यव्याकरण-साहित्य-सांख्ययोग-पुराणेतिहास-
ज्यौतिष-नव्यन्यायाचार्य-"

* * *

प्रधानाचार्य—जनता महाविद्यालय, विजौरा दाङ्ग
सदस्यः—नेपाल संस्कृत विश्वविद्यालय
बिल्वकुञ्जदाङ्ग राप्ती अञ्चल, नेपाल ।

* * *

लेख प्रेषण स्थलः— श्री गोरक्षनाथ पीठ, मृगस्थली,
काठमाडौं, नेपाल । अथवा
नेपाल-संस्कृत-विश्व-विद्यालय, हेमन्तपुर, दाङ्ग,[राप्तीअञ्चल]

सा. २०४८ R.

नं.४८८६१

भूमिका

संसारका प्रत्येक मनुष्यमा विशेषतः तीन कुरामा महत्वाकांक्षा भएको पाइन्छ । ती यी हुन्— १ म, सबैभन्दा ज्ञानवान् बनौं २ म, सबैभन्दा धनी बनौं ३ मलाई सबैले मानुन् । व्यक्ति मात्रले चाहना गरिएका उक्त तीनै गुणहरूको प्राप्तका लागि आज अहमहमिकाको जताततै बोहवाला छ । यी तीनै गुण अधिक परिश्रममा आधारित छन् । कुनै व्यक्तिले अधिक परिश्रम गरी ज्ञानको खोजमा केही ख्याति प्राप्त गरिहाले पनि अर्थ र संमानको क्षेत्रमा त्यति ख्याति पाएको देखिंदैन । कसैले अत्यधिक परिश्रम गरेर ज्ञानवान् एवम् अर्थवान् भै गए पनि जन–समाजमा सम्मान पाएको पाइंदैन । रात दिन एक गराई अत्यन्त अधिक परिश्रमबाट करोडौंमा एक दुई मात्र विरलकोटि व्यक्तिले उक्त तीनै महत्त्वाकांक्षाहरूलाई कथमपि प्राप्त गरेको उदाहरण कहिलेकाहिंमात्र फेला पर्दछ । समाज या पूरै देशको पनि यही नै स्थिति सर्वत्र देखा पर्दछ । प्रत्येक मनुष्य-समाज एवं देशको परम कर्तव्य हो उक्त तीनै महत्वाकांक्षाहरूलाई प्राप्त गर्नु । परन्तु कर्तव्य निष्ठ भै लक्ष्यको प्राप्तिमा अनवरत तल्लीन हुँदै अगाडि बढ्दा एक या दुई पनि लक्ष्य प्राप्त हुनु साधारण कुरा होइन । अहोरात्रको परिश्रमले प्राप्त भएको एउटै पनि लक्ष्यको महत्त्व कम छैन । कुनै पनि व्यक्ति समाज या देश विशेषले अनादिकालदेखि आफ्नै ढङ्गले उक्त तीनै लक्ष्यको प्राप्तिका लागि गरिएका खोज, वर्गीकरण र परीक्षणहरूलाई चटक्क बिर्सी अर्को— व्यक्ति, समाज या देशको विचार—सरणिका विशेषता-

हरूलाई आफ्नै पनमा ढाल्न नसक्नु र आफ्नु बाटो, भाषा, भाव एवं साधनहरूलाई छोडी अर्काको अन्धानुसरण गरी आफूलाई सभ्य कहलाउन लागेको देख्ता स्वाभिमानी प्रत्येक देशभक्तलाई अचम्म नलागी रहन सक्तैन । विकासको बाटोमा लम्किरहेको हाम्रो नेपालले उक्त तीनै महान् आकांक्षाहरूको प्राप्तिको लागि व्यावसायिक रूपमा केही सन्तोषजनक परिपाटी अपनाएको भए पनि अनादिकालदेखि सुरक्षित रूपमा राखिएका ती ती आफ्ना विशेषताहरूको स्वरूप नचिनी सरासर अर्काको अन्धानुसरण गर्न लागि रहेको कुरा नयाँ प्रकाशित शिक्षा नीतिले जनाएको छ । आपात रमणीय— परिणाम दुःखदायी यै शिक्षा नीति अनुसार नै नेपाल (विश्वको एकमात्र विधानतः हिन्दू राष्ट्र) को शिक्षा चलिरह्यो भने नेपालीको नेपालमा आफ्नु भन्ने चीज जो, बहुमूल्यको हुन सकोस, केही पनि रहला भन्न सकिंदैन । यही "यथार्थ वस्तु स्थिति" देखाउन— हाम्रै दाजु-भाईहरूले नै आफ्नु अनादि परम्परा नचिनी बौद्धिक क्षेत्रमा पाश्चात्यहरू कै अनुगामी बनी संस्कृतलाई दबाएका वास्तविक कारण र उसलाई उठाउन उपायहरूको युक्तिपूर्ण खोज भएका विभिन्न लेखकहरूबाट प्रस्तुत गरिएका लेखहरूको संग्रह गरी यस— दर्पण (ऐना) स्वरुप संस्कृत— समीक्षामा प्रकाशित गर्ने काम भएको छ । यो एउटा संस्कृत जगत्को अन्तः पीडा हो । यसलाई स्वस्थ हृदयले हेरिदिने क्षमता राखी हेर्न र संस्कृत जगत्को अन्तः पीडा बुझी नैतिक सहयोग गर्न आह्वान गरिन्छ ।

संस्कृत–समीक्षाको खांचो

(राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को निष्पक्ष समीक्षा र सुधारको अनुरोध)

मानवमात्रले मानवताको ज्ञान गरेर मानव कर्तव्य पालन गर्न पाउनु पर्ने शिक्षाको यस योजनाले मुठ्ठीभर जागीरदार जन्माउने लक्ष्य राखेर परिबार नियोजन गरेझैं नियोजन गरेको छ। यसै योजनाले मानवजातिको जन्म सिद्ध अधिकार निष्पक्ष र पवित्र शिक्षा क्षेत्रमा पनि भ्रष्टाचार र पक्षपात गर्ने वाटा बनाएका छन्। परीक्षा क्षेत्रमा पनि नातावाद, कृपावाद र स्वाथ साधन गर्ने अँध्यारा ढोका राखेका छन्। प्रशासन र व्यवस्थाद्वारा शिक्षा, न्याय यातायातादि जनजीवनका अनिवार्य साधनहरूको सुविधा गर्न नसकेका वन पर्वत नदी आदिले दुर्गम सुदूर पूर्व, पश्चिम, उत्तर, दक्षिण देशका चिरकालदेखि उपेक्षित कुनाकाप्चासम्म समान रूपेण साक्षरता आन्दोलन चलाउनु पर्ने ठाउँमा जनताले भोका पेट, नाङ्गा आङ, स्वयसेवक भएर स्थापना गरी चलाएका शिक्षण संस्थाहरूलाई पनि स्थगित गर्ने दुरभिसन्धि यसै पद्धतिले ल्याएको छ। शिक्षाको माध्यम प्रथम स्थानमा शुद्ध राष्ट्रभाषा, द्वितीय स्थानमा राष्ट्रभाषा जननी संस्कृत भाषा र तृतीय स्थानमा अरु भाषा राख्नु पर्ने औचित्यको हत्या गरेर यस योजनाले प्रथम स्थानमा विदेशी भाषा राखेको छ, द्वितीय स्थानमा राष्ट्रभाषा राखेझैं गरेको छ; संस्कृत भाषाको समूल उन्मूलन गरिदिएको छ। व्यावसायिकताको आपात रमणीय बोक्रे नारा लगाएर देशमा आर्थिक दासता डाक्ने कुचेष्टा गरेको छ। देखौवा उद्देश्यमा राष्ट्रियताको नाममात्र लेखेर परिणाममा राष्ट्र, राष्ट्रियता, राजमुकुट, धर्म संस्कृति सभ्यता तथा हिन्दूत्वको हत्या गर्ने वातापी आकूत राखेको छ।

देश—विदेशका विद्वद्बृन्दद्वारा सम्मत तथा राजा र

जनताद्वारा सञ्चालित, नेपाल संस्कृत विश्वविद्यालयको नाम पनि सहन सकेको छैन। देश र जनताको आयूरक्षक आयुर्वेदको पनि स्वास्थ्य विभागमा नाम लेख्न सकेको छैन।

तसर्थ देशवासी र प्रवासी समस्त देशभक्त ज्ञानी विज्ञानी भाषा विज्ञानी, शिक्षा शास्त्री, शिक्षक, शिक्षार्थी, विद्यार्थी तथा विद्यार्थीका अभिभावक महानुभावहरूले एक भएर समयमा नै यस योजनाको खातो फर्काउनु परेको छ।

२०२८ वैशाख १ गते प्रकाशित राष्ट्रिय शिक्षा पद्धतिको योजनाले संस्कृतको मूलोच्छेद गरेको चोट संस्कृत—समाजमा पर्‍यो र विभिन्न क्षेत्रमा विभिन्न प्रतिक्रियाहरू भए। फलस्वरूप काठमाण्डूमा २०२८ कार्तिक ७ गतेदेखि विभिन्न विचारगोष्ठी–सार्वजनिक सभा पत्रकार सम्मेलन तथा श्री ५ मा र श्री ५ को सरकार छेउ शिष्टमण्डलद्वारा मागहरू प्रस्तुत गरिए। संस्कृतको समुत्थान गर्न—

(१)संस्कृतोत्थान-विमर्श-समिति
(२)संस्कृतोत्थान- समिति
(३)नेपाल-संस्कृत-परिषद्
(४)सहयोग-समिति
(५)सम्पादक मण्डल
(६)शिष्ट-मण्डल—

उपर्युक्त विभिन्नसमितिहरूको गठन भयो। भगीरथ प्रयत्न पछिनिचोडमा सिंहावलोकन गरी विहङ्गम दृष्टिद्वारा विभिन्न विद्वान्हरूका अनुसन्धानहरूको सारोद्धार "संस्कृत—समिक्षा" पाठकहरूका समक्ष प्रस्तुत गरिएको छ। समीक्षा माथि पनि सबैले पुनः समीक्षा गरी राष्ट्रको मुटु र जन— जीवनको जग, शिक्षाजस्तो अनिवार्य योजना परिशुद्धरूपमा कार्य क्षेत्रमा उतार्ने कार्यमा सबैको पूर्ण सहयोग अनिवार्य छ।

संस्कृत-जगत्
राष्ट्रिय एकता दिवस पौष २७ गते पृथ्वी जयन्ती
२०२८।९।२७

लेखकपृष्ठाङ्क-सूची

आर्य—संस्कृति एवं राष्ट्र-भाषाको मूल आधार–संस्कृतको उत्थानका निमित्त युक्ति युक्त लेख तथा सम्मतिहरु प्रस्तुत गर्ने महानुभावहरुको नामावली र पृष्ठाङ्क तल दिइन्छः—

क्र. सं		पृष्ठ सं.
१)	आचार्य पूर्ण चन्द्र ढुङ्गेल—	१
२)	प्रा० गोविन्द प्र० भट्टराई—	३
३)	सा० रामजङ्ग बहादुर सिंह—	१७
४)	प्रा० तोपनाथ पाण्डे—	२२
५)	प्रा० जूननाथ पण्डित—	२५
६)	प्रा० ऋषिराम पोख्रेल—	३०
७)	शिक्षक वर्ग रा० पो० सं० प्र० पाठशाला—	३३
८)	डा० पिनाकि प्रसाद आचार्य—	३४
९)	प्रा० लोकनाथ ढकाल—	३६
१०)	श्री केशरबहादुर क्षेत्री—	३७
११)	श्री मेघराज पौडेल—	३८
१२)	श्री अच्युतराज रेग्मी—	४८
१३)	श्री गणेश प्रसाद शास्त्री (आहिताग्नि)—	५१
१४)	प्रा० शेषराज रेग्मी—	५३
१५)	प्रा० चेतोनाथ आचार्य—	५४
१६)	प्रा० भवानी प्र० मिश्र—	५६
१७)	प्रा० देवराज पौडेल—	५७
१८)	प्रा० खेमराज ज्ञवाली—	५८

१९) नेपाल संस्कृत परिषद्‌को विधान— ६५

२०) प्रा० शिवराज आचार्य— ७३

२१) श्री बुद्धिसागर पराजुली— ८१

२२) प्रा० शिवगोपाल रिसाल— ८३

२३) प्रा० रोहिणीराज भट्टराई— ८६

२४) श्री गोवर्धनबहादुर कार्की— ८९

२५) प्रा० खेमराज "केशवशरण"— ९३

२६) श्री विष्णुप्रसाद ज्ञवाली— ९५

२७) प्रा० दुर्गाप्रसाद दवाडी— ९८

२८) प्रा० महेन्द्रबहादुर थापा— १०६

२९) श्री पुष्करनाथ ठाकुर— १०७

३०) प्रा० शिवहरि मरहट्टा— ११३

३१) मु० कृष्णबहादुर शाही— १२०

३२) शास्त्री खगेन्द्रनाथ योगी— १२२

३३) प्रा० मधुसूदन रिसाल १२७

३४) श्री तुलसी "वैरागी"— १३०

३५) श्री ५ को सरकारसित संस्कृत जगत्‌का मागहरू- १३४

३६) श्री हृदयनारायण चौधरी— १३६

३७) योगिराज नरहरिनाथ— १३७

३८) श्री लेखनाथ कोइराला— १४१

३९) श्री रामचन्द्र अधिकारी— १४३

४०) योगिराज नरहरिनाथ— १४७

संस्कृत-समीक्षा

आचार्य पूर्णचन्द्र ढुङ्गेल
प्रधानाचार्य, जनता महाविद्यालय, दाङ् ।
सदस्यः—नेपाल संस्कृत विश्वविद्यालय

दि ० १८।८।०२८

सँस्कृतका अनुत्थानका कारण र उन्नतिका उपायहरू

कुनै पनि भूखण्डले देश या राष्ट्रको पङ्क्तिमा बसिनु र विश्वमा केही नाम कमाउनु साधारण कुरा होइन । विश्व इतिहासलाई हेर्दा थाहा हुन्छ कि कुनै पनि व्यक्ति, समाज वा राष्ट्रलाई समाप्त पार्ने विश्वमा आएका अनेक—पहिरा र झञ्झावातहरूको त कुरै के रह्यो र !! पूरै मानवतालाई नै मास्ने किसीमका अनेक युद्ध—महायुद्धहरू पनि भए । त्यस्ता विकट अनेक समस्याहरूको सामना गर्दै विश्वका प्रत्येक देशका कर्मठ पूर्वजहरूले आ—आफ्ना देशलाई विनाश र पतनका भीषण परिस्थितिहरूबाट बचाएको होइन भनी कसले भन्न सक्दछ ? तत्तद्देशका आदर्श महापुरुषहरूका त्याग र बलिदान

हरूको फलस्वरूप—आजका ती ती देशहरूले आ—आफ्ना देशको सत्ता र आफ्नु समस्त जनताको निर्बाध सत्ता स्थिर बनाई उन्नतिको पथमा अघि बढ्दै देशको स्तर माथि उठाई सकेका छन् । प्रत्येक देशका कर्मठ पूर्वजहरूले आ—आफ्ना भावी नागरिकहरू माथि त्यस्तो अमूल्य ऋण छोडेर गएका छन् । जसको बदलामा हामीहरूले प्राणोत्सर्ग गरे पनि त्यसको पूर्ति कदापि हुन सक्दैन । साच्चै भनौं भने "कुनै पनि देशको नागरिक आज, कुनै पनि आफ्नु भूखण्ड या देशमा उभिएको छ भने त्यो, आफ्ना पूर्वजहरूका पुरुषार्थ, पसिना र कमाईको दौलतमा उभिएको छ भन्न सकिन्छ । यस्ता आधारभूत सत्य वस्तु स्थितिमा कसैलाई पनि सन्देह होला जस्तो मलाई लाग्दैन ।

तत्तद्देशका आदर्श महापुरुषहरूले आ—आफ्ना भावी सन्तान र देशको लागि संस्कृति र इतिहास यिनै दुई कुरा छोडेर गएका छन् । त्यस देशका जनताको र त्यसदेशको गौरव वा प्रतिष्ठा, त्यसै देशको संस्कृति र इतिहासमा निर्भर रहन्छ । संस्कृति त्यो हो, जसमा पूरै देशवासीका आचार र विचार सम्बन्धी समस्त क्रियाकलापहरू सन्निहित हुन्छन् । जसले आफ्नु निजी विशेषता लिएको हुन्छ । कुनै पनि देशको आत्मा संस्कृति हो त इतिहास त्यसको शरीर । इतिहासले समस्त भूतलाई वर्तमानसंग मिलाउँदै—आफ्नु देश, आफ्नु संस्कृति, आफ्नु सभ्यता, आफ्नु सनातन धर्म र आफ्ना पूर्वजहरू प्रति अपार श्रद्धा र विश्वास उत्पन्न गरेर उनीहरूमा स्थायी ममता जगाई दिन्छ । यही

विकसित-मानवता हो । जहाँ म, भन्ने भावना छ त्यहाँ मेरो र मेरा भन्ने भावना अवश्य हुन्छन् । व्यवहारमा-आफ्नु देश, आफ्नु संस्कृति, आफ्नु सभ्यता, आफ्नु सनातन धर्म र आफ्ना पूर्वजहरूका बहुमूल्य आदर्शहरू प्रति अधिकाधिक श्रद्धा र विश्वास नगरी विश्वमानवतासंग संबन्ध राख्न खोजिन्छ भने त्यस प्रकारको अनुचित उदारतालाई ढोंग सिवाय अरु केही पनि भन्न सकिन्न । त्यस प्रकारका अनुचित स्वप्नाले देशको चौतर्फी उन्नतिमा कहिले पनि सहयोग हुन सक्दैन । यहाँ विश्वमानव संग सम्पर्क नै राख्नु हुन्न भन्ने, मेरो भनाइको मतलव, कसैले पनि नलगाओस्, त्यो सम्पर्क, त्यस्ता जनता या देशलाई नै उपयुक्त या आवश्यक हुन्छ, जुन देशको जनताले, आफ्नु देश, आफ्नु संस्कृति, आफ्नु सभ्यता, आफ्नु परंपरा, आफ्नु सनातन धर्म, आफ्नु अतीत गौरव र आफ्ना आदर्श पूर्वजहरू प्रति अपार निष्ठा र विश्वास राख्दै विश्वमानवसंग केही सिकी आत्मसात् गर्न र स्वत्व राख्दै आफ्नु पनि केही दी स्वार्थ रहित बन्धुत्व स्थापित गर्न चाहन्छन् । हामीहरू कहाँतक त्यस कोटिका छौं ? विचार गर्नु पर्नेछ । हामी आफ्नु संस्कृति, इतिहास एवं पूर्वज महापुरुषहरूको मर्यादालाई बचाउन र उनको प्रतिदिन अभिवृद्धि गर्न कहाँ तक समर्थ छौं ? हाम्रो संस्कृति र संस्कृत भाषाको के संबन्ध छ ? संस्कृतको अनुत्थान के कति कारणवाट भएको हो र त्यसको उन्नतिका उपायहरू के हुन सक्दछन् ? इत्यादि कुराहरूमा म, यहाँ केही यथार्थ वस्तुस्थिति देखाउन चाहन्छु ।

संस्कृतको अनुत्थानका कारणहरु

१ वर्तमान समयमा भैरहेको संस्कृतको अनुत्थानलाई सम्झन, आर्य संस्कृति र संस्कृत भाषाको सम्बन्ध जान्न अत्यन्त आवश्यक छ । सृष्टिकालीन आदिमानवका संस्कृति र भाषा पनि संभवतः यीनै दुई थिए । अर्थात् सृष्टिकालिक आदिमानवको संस्कृति आर्य—सस्कृति हो र भाषा संस्कृत हो । जसरि पछि मानव समाजहरू उत्तरोत्तर बढ्दै गए, त्यसरि नै आर्य-संस्कृति र संस्कृत भाषा पनि उनीहरूदेखि टाढा हुंदै गए । असंपर्कले नै उनीहरूलाई टाढा गराएको हो, कुनै अश्रद्धा र अविश्वासले होइन । विश्वका समस्त संस्कृतिहरू र समस्त भाषाहरू आर्य—संस्कृति र संस्कृत भाषा देखि नै उत्पन्न भए तापनि पछि गएर ती समस्त संस्कृति र भाषाहरूको आर्य—संस्कृति एवं संस्कृत भाषा सगका संबन्ध छुट्न गयो र इनीहरूसंगै अन्य समस्त संस्कृति र भाषाहरूले प्रतिद्वन्द्विता राख्न थाले । जसले गर्दा विश्वका प्रत्येक संस्कृतिहरू र भाषाहरूले आर्य जगत्को सांस्कृतिक, ऐतिहासिक र भाषिक वैशिष्टयसंग ईर्ष्या र डाह राख्न थाले । फलस्वरूप—आर्य—संस्कृति र संस्कृतको विशाल भूभाग भारतमा वैदेशिक आक्रमणहरू भए, जसले आर्य-संस्कृति र संस्कृतमा भएका अमूल्य गौरवलाई मेटाइदिने सम्म पनि प्रयास र भयङ्कर षड्यन्त्रहरू वरावर गर्दै आएको हो । यहाँतक कि त्यस स्थितिमा आर्य—संस्कृति र संस्कृतको मर्यादा वचाउनमा धेरै धेरै देश भक्त र संस्कृत प्रेमी सज्जन वृन्दले त्याग र बलिदानको वेदीमा उभिनु परेको थियो ।

त्यस्तो विकट समयमा विशाल संस्कृत वाङ्मयको सर्वांशेन संरक्षण नै हुन सकेन र कैयौं अमूल्य ग्रन्थरत्नहरू विलुप्त भए। संस्कृति र संस्कृतलाई समूल नष्ट बनाउने दीर्घकालीन र सामयिक क्षणिक योजनाहरू पनि बने। जसबाट समाजको मोड अनुसार गैरहेका संस्कृत वाङ्मय जगत्लाई धेरै धक्का लाग्यो र सीमित स्थितिमा रहन बाध्य हुनु पऱ्यो। समाजको गति अनुसार हिंडने प्रेरणा, तात्कालिक प्रशासनहरूवाट संस्कृत जगत्ले नपाउंदा दिन प्रति दिन संस्कृतको गति मन्द हुन थाल्यो। धेरै वर्षसम्म अन्य—संस्कृति र अन्य—भाषाभाषी वैदेशिक प्रशासकहरूको घातक कूटनीतिले गर्दा आर्यजातिका सर्वोत्कृष्ट आधार—आर्य—संस्कृति र संस्कृत भाषालाई दबाएर ईशाई संस्कृति र अंग्रेजी भाषाको अधिकाधिक प्रचार हुन थाल्यो। अलिकति पनि अंग्रेजी जान्ने व्यक्तिलाई दर्जा र सम्मान दिने देशघाती कुप्रथा बसालिएकले संस्कृत जस्तो अमृतलाई छोड़ी सबैले अंग्रेजी पढन थाले। यस्तो स्थितिमा उत्तरोत्तर फैलिएका प्रलोभन र दासताले समाजमा संस्कृतज्ञहरूका स्थान एकदम सीमित हुंदै गए। यहाँ तक कि आफ्ना पूर्वजहरूको विश्वविख्यात मर्यादालाई बचाउन आफ्नु अमूल्य जीवन दिने संस्कृतज्ञ विद्वान्हरूले राष्ट्रमा उचित स्थान पाउन छोडे। ठीक यही हवा आज हाम्रो नेपालमा पनि आएको छ। जसले गर्दा आज संस्कृत जस्ता आर्यजातिका बहुमूल्य निधिको अनुत्थान भएको छ।

२ आर्य—संस्कृति र संस्कृत वाङ्मयका अनुयायीहरूले पनि सामाजिक प्रशासनमा उत्तिकै स्थान नियमतः पाउनु पर्नेमा प्रशासक प्रमुख अधिकारीहरूको संस्कृतको अनभिज्ञताले गर्दा उक्त स्थान पाउन सकेका छैनन् । जसबाट संस्कृत समाजमा नैराश्य आई भावी आफ्नु सन्तानलाई समेत संस्कृतको अपेक्षा अंग्रेजी तिर लगाउन बाध्य हुनु परिरहेछ । यो संस्कृतज्ञ समाजको बाध्यता नै हो, संस्कृतमा केही पनि छैन भनेर आफ्नु सन्तानलाई अंग्रेजी पढाएको होइन । अतः यो पनि एउटा संस्कृत जगत्मा नैराश्य उत्पन्न गर्ने र संस्कृतको अनुत्थानको वीज हो ।

३ शिक्षामन्त्रालय विश्वविद्यालय एवं शैक्षिक र बौद्धिक प्रतिष्ठानहरूका प्रमुख अधिकारीहरू, आर्यसंस्कृति र संस्कृत वाङ्मयका लब्धप्रतिष्ठ विद्वान् हुनुको साथै पाश्चात्य विद्याहरूमा पनि केही दखल भएका हुनु नितान्त आवश्यक हुँदा हुँदै त्यस्ता विद्वान्हरूको अभावमा—अरूबाट भएका संस्कृत प्रतिका अनास्था, अविश्वास र अकर्मण्यबाट संस्कृतको अनुत्थान भैरहेको छ ।

४ चलिरहेका संस्कृत संस्था-विद्यालय, महाहिद्यालय र विश्वविद्यालयहरूमा रिक्त हुन गएका स्थानको यथासमय पूर्ति हुनु र तो तो शिक्षण संस्थाका शिक्षक एवं प्रशासक-प्रमुख शिक्षकहरूलाई प्रशासनले मनोमानीका साथ ७-७ ८-८ वर्ष सम्म पनि अस्थायी राख्नु निमित्त र का० मु० पद दिई धेरै

वर्ष सम्म उनीहरूलाई त्यस्तै रूपमा अल्झाई राख्नु यी सब प्रक्रियाहरू संस्कृतलाई सत्यानाशको स्थितिमा पुर्‍याउने दुष्प्रवृत्तिहरू हुन् ।

५ आर्य—संस्कृति र सँस्कृत प्रति हिन्दूजातिमा नै प्रति दिन बढिरहेका अश्रद्धा र अविश्वासले नै संस्कृत जस्ता जिउँदा भाषाको र त्यसमा रहेका ज्ञान—विज्ञानको स्थितिलाई कमजोर पार्न खोजिएको हो । हिन्दू जातिको आफ्नु बहुमूल्य वस्तुलाई उसले चिन्न नसक्दा यस्तो बिकट संस्कृतमारा दुःस्थिति उत्पन्न भएको छ ।

६ हाम्रो देशमा नै हाम्रै सँस्कृति र संस्कृत संग द्वेष राख्ने विदेशी बिभिन्न मिशनहरू चलाउने एजेन्टहरू, जसले हिन्दूसंस्कृति र संस्कृतमा आमजनतालाई अश्रद्धा र अविश्वास गराइदिने काममा प्रशस्त विदेशबाट भत्ता पाइरहेका छन् । तिनीहरूका गुप्त क्रियाकलापमा ध्यान नदिए सम्म संस्कृत र संस्कृतिलाई उन्नत स्थितिमा पुर्‍याउन दिने स्थिति आउला जस्तो मलाई लाग्दैन । मूर्ति आदि पुरातात्विक साँस्कृतिक वस्तुहरूको चोरी जस्तो जघन्य कृत्य गर्ने यस्तै राष्ट्रघाती पातकीहरूबाट नै संस्कृत र संस्कृतिको पतन भैरहेको छ ।

उन्नतिका उपायहरू

१. सर्वप्रथम— विश्वको एक मात्र संवैधानिक हिन्दू अधिराज्य हाम्रो नेपालमा पनि हिन्दूताको सर्वोत्कृष्ट प्रतीक या

द्योतक संस्कृत विश्वविद्यालयको सञ्चालन हुनु अत्यन्त जरूरी छ । जो कुरा विभिन्न ऐतिहासिक संस्थाहरूमा भएका अनेक—बृहद् आध्यात्मिक सम्मेलनहरू, विद्वत्सम्मेलनहरू, बुद्धिजीवी सम्मेलनहरू, छात्र—प्राध्यापक सम्मेलनहरू, अन्य नर—नारी संस्कृत र संस्कृति अनुरागी सम्मेलनहरू र संस्कृत परामर्शदात्री समितिका महत्त्वपूर्ण मञ्चहरूबाट धेरै पटक शोची विचारी धेरै धन र बुद्धिको औचित्यपूर्ण व्ययद्वारा निर्णीत भई शुभारम्भ गरी सकिएको छ । जसमा विशाल—संस्कृत—वाङ्मयमा भएका प्राचीन—अर्वाचीन समस्त ज्ञान—विज्ञानको सम्बन्धमा नै रात दिन स्वातन्त्र्येण विचार—विमर्श गर्ने र विश्वलाई केही दिन सक्ने आशा राखिएको छ । त्यस्तो राष्ट्रियताको प्रमुख संस्थाले प्रस्फुटित, अंकुरित, पल्लवित, पुष्पित र फलित हुन सक्ने खुला वातावरण नपाए सम्म संस्कृतको उत्थान हुन सक्ला भन्न सकिंदैन ।

२ नेपाल—संस्कृत – विश्व—विद्यालयका पूरकका रूपमा विद्यालय एवं महाविद्यालयहरूको उत्तरोत्तर नवनिर्माण र चलीरहेका संस्कृत-संस्थाहरूको सुदृढीकरण हुन नितान्त आवश्यक छ ।

३ निम्न माध्यमिक ४ कक्षादेखि नै प्रत्येक वर्षमा एम० ए० एम· कम्· एम· एस्सी· सम्म सय सय नम्बरको सरल—संस्कृत अनिवार्यरूपमा राखिन जरूरी देखिन्छ । किनकि हिन्दूधर्म, हिन्दूसंस्कृति, हिन्दूजगत्का प्राचीन अर्वाचीन समस्त विशेषताहरू संग परिचित हुन, नेपाली

मात्रले जरुरी संभनु पर्दछ र प्रशासनले पनि त्यस प्रकारको पाठ्यक्रम लागू गर्नु वाञ्छनीय भएको छ। वर्गविशेष र क्षेत्रविशेषले संस्कृत र संस्कृतिमा जोड दिदैमा उनको राष्ट्रोचित सम्मान भएको छ भन्न सकिन्न। अतः यस्तो व्यवस्था हुन परम आवश्यक छ।

४ चलिरहेका संस्कृत संस्थाहरूमा रिक्त भएका स्थानको अविलम्ब पूर्ति, अकर्मण्य र उपेक्षाबाट ल्याप्स भएका स्थानको पुनरुज्जीवन र ७—७—८—८ वर्ष सम्म खेलबाडका साथ निमित्त र का० मु० मा नै अल्भाइएका प्रधानाध्यापक तथा प्राचार्यहरूलाई शिक्षा विधान अनुसार यथासमय अधिकारी या अनधिकारी घोषित गरी सक्रियता र खुला दिलले कार्य गर्न सक्ने वातावरण प्रत्येक संस्कृत संस्थामा ल्याई दिन जरुरी छ।

५ समय समयमा संस्कृत क्षेत्रमा भएका क्रियाकलापहरूको अध्ययन—अनुसन्धान र मूल्याङ्कन गर्ने केही अधिराज्य व्यापी संस्कृत—सम्मेलनहरूको संस्कृतका विशिष्ट विद्वान् शिक्षा शास्त्रीहरूको आयोजकत्वमा शिक्षा मन्त्रालय श्री ५ को सरकारबाट व्यवस्था भएमा केही सुधार सम्भव छ।

६ संस्कृतका अप्राप्य एवं बहुमूल्य ग्रन्थहरूको प्रकाशन गर्ने अभिभारा श्री ५ को सरकारले लिन अत्यन्त जरुरी देखिन्छ।

७ अन्य प्रशिक्षण शिविरहरू चलाएभैं श्री ५ को सरकार कै तर्फबाट ठाउँ ठाउँमा संस्कृत प्रशिक्षण शिविरहरू र दुई वर्षे

संस्कृत – भाषा प्रशिक्षण व्यवस्था गरिदिएमा देशवासी प्रत्येक संस्कृतानुरागीले संस्कृत सिक्ने मौका पाउने थियो ।

८ समयको गतिलाई हेरी त्यसको रुचि र प्रवृत्ति अनुसार संस्कृतका परम वैज्ञानिक नयाँ पाठ्यपुस्तकहरू तयार गर्न संस्कृतका मर्मज्ञ विद्वान्हरूको आव्हान हुन र त्यस अनुसार लेखिएका पुस्तकहरूलाई औचित्यानुसार पुरस्कार दिनु र पाठ्य ग्रन्थमा राखिदिने व्यवस्था, तत्परताका साथ श्री ५ को सरकार या विश्वविद्यालयबाट हुन जरुरी छ । यो पनि एउटा संस्कृत र संस्कृति उत्थानको बाटो हुन सक्दछ ।

९ आफ्ना — संस्कृति, सभ्यता, परम्परा, धर्म, मर्यादा, इतिहास, कला—कौशल र आदर्श पूर्वजहरू प्रति आस्था र विश्वास पैदा गर्नका निमित्त प्लानमा विदेश जान चाहने प्रत्येक छात्र – छात्राहरूलाई केही संस्कृतको ज्ञान अनिवार्य राख्नु पर्दछ । त्यसो भएमा प्लानमा विदेश जान अभिलाषा राख्ने प्रत्येक नेपाली नागरिकले संस्कृतवाङ्मयमा भएका गरिमाको परिचय पाउने मौका पाउने थिए र विदेशमा पनि हाम्रा गौरवपूर्ण विशेषताहरूको प्रचार प्रसार हुने थियो ।

१० असंस्कृतज्ञहरूको संख्या हाम्रो देशमा अधिक हुँदै गएको र उनीहरूले स्वप्नमा पनि संस्कृतमा भएका विशेषताहरू जान्ने चेष्टा नगरिदिनाले र राज्यप्रशासनको संस्कृत प्रतिको घोर उपेक्षाले संस्कृत समाज केही दुर्वल जस्तो देखा परीरहेछ ।

प्रशासनको संस्कृत प्रतिको यो उपेक्षाले देशकै अहित गरीरहेछ । यो कुरा केही दिन या वर्ष पछि मात्र आमजनताले थाहा पाउन सक्ला ।

११ संस्कृतको अनुत्थानका मूल कारणहरूलाई पूर्वाग्रह रहित भएर जरैसंग पत्तालगाई मनसा, वचसा, कर्मणा एवम् धन र जनसहयोगबाट उठाइएका सुधारात्मक अभियानले अवश्यमेव सुधार हुन्छ । यस्तै अधिराज्यव्यापी संस्कृत—सुधार अभियानले संस्कृतलाई सामाजिक रूप लिन पूर्ण सहयोग दिन्छ । संस्कृतले समाज जता गयो उतै जाने क्षमता पनि अवश्य प्राप्त गर्न सक्ने छ । यस्तै राष्ट्रोत्कर्षवर्धक उपलब्धि हुन सक्दा मात्र आर्य—जाति र आर्य—संस्कृतिको सबै भन्दा ठूलो विजय र उन्नति भएको मान्न सकिन्छ ।

अत्यन्त खेदको कुरा छ, विश्वगुरूत्वको गरिमा राख्ने हाम्रो आर्य—जाति नै आज वैदेशिक सम्पर्कमा आई आफ्नो देश र आदर्श पूर्वजहरूका त्याग र बलिदानलाई चटक्क विर्सी उल्टै उनीहरूलाई नै मूर्ख र अवैज्ञानिक ठहराउन थालेको छ । आफ्नो देशको अतीत गौरव र आर्य—संस्कृतिका विश्वमान्य विशेषताहरूको उसलाई थाहै छैन । त्यस्ता विवेकशून्य हिन्दू भनाउँदालाई यहाँ यस संक्षिप्त लेखमा मलाई केही पनि भन्नु छैन । हामी अति भोका रहेछौं कतैबाट पेट भर्न पाए सबै कुरा पूरा भैगए । आफ्नु जाति, संस्कृति र संस्कृतको गौरव चाहे

जतासुकै जाओस् । कुनै देशको इतिहास र संस्कृतिमा बाधा पुग्नु नै त्यस देशको अस्तित्वमा बाधा पुग्नु हो । कुनै देशको इतिहास र संस्कृति मेटिनु नै त्यस देशको नाश हुनु हो । हामीहरूमा नै आफ्नु संस्कृति र आफ्ना पूर्वजहरूमा विश्वास हुन सकेन । हामी हिन्दू–जातिको नै आज विश्वमा सबै भन्दा ज्यादा अधःपतन भैरहेको छ । यस्तै राष्ट्र— संस्कृत—संस्कृति–द्रोही भावना फैलिंदै आएर आत्मा एव आत्मीय स्वरूप चिन्न नसक्ने दुई पैसामा बिक्ने प्रवृत्ति उत्तरोत्तर बढ्दै गयो भने मानवता जस्ता विशेषतःहिन्दूता जस्ता बहुमूल्य चैतन्यको मूल्य नै के रह्योर !!! यस्तै यस्तै बहुमूल्य आफ्ना चीजहरूलाई बिर्सी निःसार एवम् भडकिला अन्य वस्तुहरूलाई नै बहुमूल्य संझने र त्यसैमा निलिप्त हुंदै जाने व्यापक भावनाले गौरवशाली हिन्दू समाजमा पनि स्थान पाएकोले आजको हिन्दूसमाजले आफ्नु प्राचीन गौरवलाई सुरक्षित राख्दै सत्यान्वेषी बनी वास्तविक सत्यको अन्वेषण गर्न सक्ला ?

जयतु संस्कृतम् !

⁂

प्रा. गोविन्द प्रसाद भट्टराई

संस्कृत - पतनका कारण र उत्थानका उपायहरू

[१]हाम्रो संबिधानमा नेपाल धर्म सापेक्ष राज्य छ । हिन्दु धर्मको र आर्यसंस्कृतिको वैदिककाल देखिनै संरक्षक रहेको नेपालको संविधानको भाग ५ को दफा २० मा श्री ५ भन्नाले श्री ५ पृथ्वीनारायणशाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दु धर्मावलम्बी भनि स्पष्ट शब्दमा उल्लेख गरेकाले हाम्रा राजाले आर्यसंस्कृतिको र हिन्दूधर्मको संरक्षक हुनै पर्छ र सोही मतमा रहनु पर्छ । तथा मौसूफका उत्तराधिकारीहरूका निमित्त पनि आर्यसस्कृतिका अनुयायी र हिन्दूधर्मावलम्बी नभै गद्दीनसीन हुन नसक्ने व्यवस्था वाधिएकोछ । तथा श्री ५ महाराजाधिराज सरकारबाट हाम्रो देशलाई एउटै स्वतन्त्र अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दुराज्य भनि घोषित गरिबक्सेको छ । यी सबै प्रमाणवाट हामी नेपालीले आर्यसंस्कृतिको र हिन्दु धर्मको संरक्षक राजालाई नै मान्नु पर्छ । तर खै त्यस्ता हिन्दूराजाका प्रजा हामीले हिन्दूधर्मको र आर्यसंस्कृतिको पालन गरेको । हामीहरू नभक्ष्याभक्ष्यको विचार गर्छौं, नकर्तव्याकर्तव्यको । जस्तो आचरण गर्दछ त्यस्तै

जाति वन्दछ [आचारमूला जातिः स्यात्] जाति आचारमूलक हुन्छ । म्लेच्छाचारवाट हिन्दूत्व र आर्यसंस्कृतिको रक्षा हुन सक्तैन । म्लेच्छाचार सिकाउने विद्यालाई हामीले प्रोत्साहन दिएकाछौं र आर्य संस्कृति र हिन्दुत्वको पाठ पढाउने विद्यालाई तिरस्कार गरीरहेकाछौं, त्यसैले अङ्ग्रेजीको उन्नति र संस्कृतको अधोगति भैरहेको छ । आज आएर ता संस्कृतिको फेदैमा बञ्चराको प्रहार भएको छ, अब केको आधारमा आर्य संस्कृतिको र हिन्दु धर्मको रक्षा गर्ने ।

आज संस्कृतकाविद्वान्हरूले आफ्ना छोरालाई संस्कृत नपढाई अङ्ग्रेजी पढाएकाले उनीहरूले नै संस्कृतक र संस्कृतिको उन्मूलन गरे त्यसैले यसको जवाफदेही संस्कृतज्ञ नै छन् आदि भन्ने आक्षेप पनि सुनियो ।

विचारगर्दा यो आक्षेप युक्तिसङ्गत लागेन, किन भने संस्कृतज्ञलाई हिन्दु धर्मको र आर्य संस्कृतिको रक्षा गर्ने जिम्मा दिएको उक्ति न संविधानमा छ न ऐनमा छ । न कुनै अधिकार नै छ । यसको संरक्षकत्व स्वयं श्री ५ महाराजधिराज सरकारले स्वीकार गरिबक्सेको छ । त्यसैले वर्गविशेष वा जातिविशेषमा यस्को संरक्षकत्व नरहि, नेपाल मुलुकका एकताका प्रतीक श्री ५ महाराजधिराज सरकार र वहांका उत्तराधिकारीमा रहेको छ तसर्थ संस्कृतका विद्वान्हरूले हैनकि स्वयं सरकारबाट विवेक पूर्ण विचार गरि बक्सनु परेको छ ।

संस्कृत शिक्षाको विषयमा मन्द विष—प्रयोग हुंदै आएको छ। त्यसैको फलस्वरूप हरेक जिल्लाका संस्कृतका प्राथमिक पाठशाला अंग्रेजीकरण भए। नास्तिकवाद बढ्दै गयो। पूजा पाठ स्वाहाकार स्वधाकार नित्य नैमित्तिक, जातीय धार्मिक आध्यात्मिक, राजनैतिक, सामाजिक, आर्थिक सनातन देखि मानि आएका जति पनि आदर्श पक्ष छन् ती सबैको लोप भयो हरेक अड्डा अदालत अधिकरणमा संस्कृतका विद्वान्लाई राख्नु भन्ने पृथ्वीनारायणशाहको दिव्योपदेश अवैज्ञानिक ठहऱ्यो। संस्कृतका विद्वान्हरूको जीविका हरायो। इत्यादि कारणबाट संस्कृतको दिनानुदिन ऱ्हास हुंदै आइरहेकै थियो। आज यति हुंदा हुंदै पनि कुनै जिल्ला र अञ्चलका एकाध संस्कृतका प्रधान पाठशाला बांकी थिए जसको आधारबाट हजार प्रति एक संस्कृत जीवितै थियो, यसलाई वर्त्तमान शिक्षानीतिले खतमै पारेको छ, खुट्टा नै काटिएको यो लङ्गडो संस्कृत अब देखौंवा अनुसन्धानात्मक तहसंम कसरी पुग्न सक्ला ?

जुनसुकै काम गर्दा पनि योजनाबद्ध तरीकाले कामको उठान गर्नु पर्दछ। यो आर्यसंस्कृति र हिन्दूधर्मको संरक्षण भनेको के हो ? आर्य संस्कृतिको र हिन्दूधर्मको स्वरूप नै अर्कै छ भने हामीलाई भन्नु केही छैन। हामीले मानेकै चाहिं यसको स्वरूप हो भने आजको जुन स्वरूप छ यो आर्यसंस्कृति र हिन्दूधर्मको स्वरूप होइन। हामीलाई सदाचारी अनुशासित हिन्दू समाजको सिर्जना गर्नु छ भने जुन लिपिमा शिक्षा दिये पनि सदा-

चार सम्बन्धी र संस्कृतको राम्रो ज्ञान गराउने किसिमका सरल रचनाहरू चार कक्षा देखि नै उच्चशिक्षा संम १ सय अङ्कको १ पत्र अनिवार्य राखिनु पर्छ। संस्कृत माध्यमिक कक्षा देखि आचार्य सम्म पास गरेकालाई उनीहरूको योग्यतानुसार सो सरहले पाउने सरकारी कार्यालयहरूमा माथिल्लो तह सम्म नै अग्राधिकार (पहिलो ग्राह्यता) दिनु पर्दछ । सबैले अनिवार्य संस्कृतको १०० पू. को १ पत्र र संस्कृतका छात्रहरूले पनि अनिवार्य १०० अङ्कको १पत्र अंग्रेजी लिनै पर्छ। यसो गर्दा संस्कृतज्ञ पनि अरू कोही भन्दा कमी हुंदैनन् र परराष्ट्र सम्बन्धी कार्यमा पनि समर्थ हुने छन्। हरएक अञ्चलमा एक संस्कृत महाविद्यालय वा संस्कृत-प्रधान-पाठशाला आवश्यकता हेरि राखिनु पर्छ। पूर्व घोषणा अनुसार शुरू भएको संस्कृत विश्वविद्यालयको यथाशीघ्र सुचारू सञ्चालन हुनु पर्छ । ७५ जिल्लामा पहिलेका प्राथमिक र निम्न माध्यमिक संस्कृतका पाठशालालाई पुनः स्थापना गरी प्रोत्साहन दिएर बढ़ाउनु पर्छ। संस्कृत तर्फ विशेष प्रोत्साहनार्थ छात्रवृत्ति हुनु पर्छ।

इति

संस्कृत भाषाको अवनतिका मुख्य कारण तथा त्यसको उत्थानका उपाय र आवश्यकता

राजर्षि रामजङ्गबहादुरसिंह

अवनतिका कारणहरू:—

(१) शिक्षाप्रणाली, जो अंग्रेजहरूले बनाएका थिए ।
(२) संस्कृत भाषालाई कुनै राजकीय महत्व नदिनु ।
(३) यो मृत भाषा हो भनी विद्यार्थीहरूका मनमा पारिदिनु ।
(४) हाम्रो संस्कृति सभ्यतालाई छाडी विदेशी संस्कृतिमा झुकनु ।
(५) धर्मको ग्लानि हुनु र धर्मको आचरण र शास्त्रको विश्वास छाडी धर्मलाई त्याग्नु ।
(६) विज्ञानको प्रगतिले, विद्यार्थीले संस्कृत भाषा पढ्न छाडन पाउने शिक्षा प्रणाली हुनु ।
(७) संस्कृत भाषा प्रचारक या नयाँ प्रवृत्ति अनुसार संस्कृत भाषालाई प्रधानता दिइने शिक्षा प्रणाली भएको कुनै शिक्षालय नहुनु ।
(८) संस्कृतको अनुसन्धानात्मक रचनाहरू, प्राचीन उपयोगी ग्रन्थहरूको अध्ययन गर्ने गराउने र जटिल भाषामा लेखिएका ग्रन्थहरूको सरल गरी पठन पाठन क्रममा सम्मिलित

गर्न नसक्नु र प्राचीन ग्रन्थको महत्त्वको प्रचार गर्न नसक्नु ।

(९) संस्कृत शिक्षाको आवश्यकतालाई शिक्षालयहरूमा महत्त्व नदिई–पढाउनु

(१०) संस्कृत पढ्न चाहने विद्यार्थीहरूको दिन प्रति दिन अभाव ।

(११) संस्कृत पढेका व्यक्तिहरू भन्दा अरू शास्त्र भाषा पढ्नेहरूको राजकीय नौकरीमा ज्यादा चाहना र माग ।

उत्थानको आवश्यकता

(१) संस्कृत भाषाको लोप भएमा हाम्रो धर्म र संस्कृतिको लोप हुनु अवश्यंभावी छ ।

(२) नेपालीको प्राचीन गौरव संस्कृत विद्या नै हो यसमा संदेह छैन ।

(३) आयुर्वेद, वेदान्त, धर्मशास्त्र, गणित, ज्योतिषशास्त्रहरूको सम्यग् ज्ञान संस्कृत विना हुन सक्तैन ।

(४) संस्कृत भाषाले नै अध्यातम पट्टि रुचि गराउन सक्छ र वर्तमान फैलिएको नास्तिक भावना, ईश्वर प्रतिको अनास्था, राजभक्ति प्रति दुर्भावना, अराष्ट्रियता, विदेशी

संस्कृतिमा रुचिलाई दमन गर्न र हटाउन सक्ने छ। अन्यथा अरू उपायले गर्ने प्रयास गर्नु मृगतृष्णा हो।

(५) प्राचीन सभ्यता, संस्कृति; भौतिक, आध्यात्मिक आधिदैविक ज्ञान, कलाहरू लोप भएको संस्कृत शिक्षाकै अभावले हो र हाम्रा प्राचीन सभ्यता संस्कृतिको लोप हुनाले नै दोस्रोको संस्कृति सभ्यताले हामीलाई पराधीन गराई स्वतन्त्र शक्ति र आफ्नो गौरवलाई नै बिर्साई दिइरहेको छ र अराष्ट्रिय तत्त्वको प्रोत्साहन दिइरहेको छ।

(६) अन्य भाषाको भन्दा संस्कृत भाषाको व्यापक प्रचार नगर्नाले विद्यार्थीको संस्कृत पढ्ने मनोवृत्तिलाई हटाई सकेको हुनाले र विशेष कारण, यो भाषालाई राजकीय कर्मचारी पद या राजकीय कार्यपद्धतिमा स्थान दिने आवश्यकताको अनुभव गर्न नसक्नु।

(७) समाजलाई धर्मको प्रचार गरी स्वधर्मावलम्बी बनाउन संस्कृत भाषाको व्यावहारिक उपयोगिताको नितान्त लोप र अभाव भएकोले संस्कृत भाषाकै प्रचारको महत्वको ध्यान राख्नु।

(८) हाम्रो राष्ट्र भाषालाई समुन्नत पार्न तथा अन्य भाषाका ग्रन्थहरूको उल्था गर्न पनि संस्कृत शब्द प्रयोग गर्नु पर्ने हुनाले संस्कृत भाषाको अत्यन्त आवश्यकता छ।

उत्थानका उपायहरु

(१) नेपाल सरकारको ध्यान र रुचि संस्कृत भाषा पट्टि आकर्षित गराउनुनै मुख्य उपाय हो । कारण यदि सरकारले नै यस भाषालाई महत्व दिएन भने जनताले जे जति प्रयत्न गरे पनिहुन सक्नु सम्भव हुंदैन । अतः सरकारको ध्यान यस प्रति हुन पनि अत्यन्त लाभकारी प्रमाणित हुने कुराका कारण निम्नलिखित छन्: —

(क) संस्कृत पठित योग्य कर्मचारीमा धर्म प्रति रुचि रहन्छ र ती भ्रष्टाचारी हुंदैनन् ।

(ख) संस्कृत पठित, प्रायशः आफ्नै संस्कृति धर्म, राष्ट्रियतामा गौरव राख्तछन तिनका हातबाट देश पराधीन रहने र राष्ट्रको गौरव राजभक्ति प्रतिकूल कार्य हुन सक्तैनन् ।

(ग) संस्कृत पठित, कर्मचारी, राष्ट्रिय भाषा प्रेमी पनि हुन्छन् र यदि राष्ट्रलाई आफ्नै भाषाको प्रधानता दिएर राष्ट्र भाषालाई प्रोत्साहन दिई सबै राजकीय कार्य राष्ट्र भाषाकै माध्यमवाट गर्नु गराउनु छ भने संस्कृत पठितद्वारा नै सफल हुन सक्तछ ।

(घ) सरकारले शिक्षा प्रणालीमा अन्य विदेशी भाषा सरह यसलाई त्यत्तिकै वा त्यो भन्दा कम महत्व दिनाले यो भाषाको सरासरै लोप हुने छ । अतः पाठ्यक्रम या शिक्षा

प्रणालीमा अनिवार्य गरी संस्कृत भाषा विना कुनै उच्च शिक्षा प्राप्त गर्न नपाउने गरिदिनु पर्ने, सो गरेमा विद्यार्थी वर्ग, कर्मचारी वर्ग, प्रशासक बर्गहरूको भ्रष्टाचार, उच्छृङ्खलता, नास्तिकता, अराष्ट्रियता घट्ने र क्रमशः लोप हुदै जाने छ ।

(ङ) सरकारले उच्च शिक्षालय भन्दा व्यापक जनतालाई शिक्षा प्रचार गर्नु पर्ने नितान्त आवश्यकता छ, कारण हाम्रो देशका जनता ६ प्रतिशत मात्रै शिक्षित छन् । जनतालाई सभ्य तुल्याउने शिक्षा नै हो । शिक्षाको व्यापक प्रचारका लागि-निम्न श्रेणीका विद्यालयहरू जति मात्रामा चाहिने छन् त्यसको चतुर्थांश पनि विद्यालयहरू स्थापित भई सुव्यवस्थापूर्वक चलेका छैनन् । निम्न श्रेणीका विद्यालयहरूमा संस्कृतको पाठ्यक्रमै छैन । अतः हामीले ध्यान दिनु पर्दछ कि निम्न श्रेणी देखि विद्यार्थीलाई संस्कृत भाषामा रुचिगराउन संस्कृत आनवार्यरूपले पढाउनु पर्दछ । यो शिक्षाविधान बनाउनेकै जिम्मेवारी हुंदा सरकारले यस प्रति ध्यान राख्नु पर्दछ ।

(२) संस्कृत माध्यमिक विद्यालय, विश्वविद्यालयहरू र कर्मकाण्ड पढाउने संस्कृत संस्थाहरू देशमा व्यापक रूपले स्थापित हुनु पर्दछ ।

(३) संस्कृत विद्वान् तथा विशेषज्ञले अति सरल तरीकाबाट संस्कृत पढाउने शैली बनाई संस्कृतका रोचक, व्यावहारिक

तथा शिक्षाप्रद पुस्तक प्रचुर मात्रामा लेखी प्रकाश गर्नु पर्दछ ।

(४) प्राचीन संस्कृत ग्रन्थहरू, षट् दर्शनका ग्रन्थहरूको प्रचारका निमित्त राष्ट्र भाषामा अनुवाद तथा भाष्य लेख्नु तथा प्रकाशित गर्नु पर्दछ ।

(५) संस्कृत प्रचारक—"बृहद् आध्यात्मिक परिषद्" जस्ता संस्थाहरूको व्यापक प्रचार हुनु पर्दछ ।

तोयनाथ पाण्डे वा. सं. म. वि.

संस्कृतका अनुत्थानका कारणहरु

युग घण्टाको सुइ झैं नदेखिने गतिले घुम्दै छ र परिवर्तन ल्याउदै छ । त्यस प्रति दृष्टि दिने परंपरा संस्कृतको भएन । उन्नाइसौं शताब्दीको प्रारम्भमा पौरस्त्य समाज र ऋषि सन्ततिहरू असभ्य छन् । खस्रो दन्त्यकथा र निरर्थक स्वप्नमा उनीहरूको क्रियाकलाप निहित छ भन्ने देखाउन पाश्चात्य प्रभाव अनेकौं सजधजसाथ आकर्षक रूपमा आएको थियो । त्यसलाई निष्फल पार्न संस्कृतले केही तत्परता नदेखाई सन्तोष लिएर बस्यो । समाज क्रमशः पाश्चात्य प्रभावमा रंगियो । संस्कृतका अनुयायीहरू नगण्य भए । तीनले पनि आफ्नो पद्धतिमा अनुभवजन्य नयाँ संशोधन ल्याउन

सकेनन् । दुराचारी, अनाचारी र सदाचारीको भावनाले परस्परमा मनोमालिन्य वढ्यो । अन्त्यमा स्वयंपाकिता नै सदाचारको परिभाषा भित्र पर्न आयो । उता परिवर्तित समाज भने प्रभावकारी ढङ्गबाट अघि बढ्दै आयो । संस्कृत समाजले आरु सँग सम्पक वढाउन सकेन । चीन, जापान, लङ्का, वर्मा आदिलाई नवुझे पनि इण्डोनेसिया सम्मलाई पनि ध्यान नदिइ समुद्र पार तर्न राहादानी नदिनु नै संस्कृतको मूल तत्त्व संझियो । यसरी चारै तिरबाट कुण्ठित हुँदै हुँदै सारै सानो क्षेत्रमा सास फेर्न थाल्यो । अर्को पक्षको निन्दा मात्र गरेर महान् बन्ने वानी लियो । विश्वका सवै कुरा संस्कृतमै छ भन्ने भाषण सुनेर सन्तोष मान्ने प्रवृत्ति लियो । अहंमन्यताले निर्माणपद्धतिलाई छिन्न भिन्न पाऱ्यो । यही अनुसार शिक्षा दीक्षा चल्दै आयो । अर्को शक्तिशाली पक्षले संस्कृतलाई वुझ्दै नवुझी यसमा रहेको जीवनोपयोगी र राष्ट्रोपयोगी तत्त्वको विश्लेषणै नगरी यसलाई हेय संझ्यो । प्रतियोगितात्मक समाजमा रोजी रोटीको समस्या सुरसाको मुख लिएर आयो, जसमा आयुर्वेद र ज्योतिष जस्ता वैज्ञानिक विषयले पनि प्रवेश नगरी सुख पाएनन् । संस्कृतका विद्वान्हरूले दौरा सुरुवाल र पछ्यौरा माथि कोटलाईहाले तापनि राजनैतिक शरणमा जाने १।२ जना वाहेक मोटर चढन र ठूलो पदमा पुग्न कहिल्यै पाएनन् र अप्रिय दयामा वाच्नु पऱ्यो । यस अभिशापवाट छुटाउन संस्कृतका अध्यापकहरूले पनि आफ्ना छोरालाई मात्र होइन आफ्नी छोरीलाई पनि अंग्रेजी पढाउन थाले । छात्रावास र छात्रवृत्तिको वल्छीमा अल्झेका

केही छात्रहरुवाट आफ्नो जीवन सम्म धान्न सक्ने व्यवस्था हुँदा संस्कृतका अध्यापकहरु पनि चूपै लागे । यस्तो होता पनि समय समयमा गरेको 'जयतु संस्कृतम्' जस्तो राष्ट्रको भलाई लाई कृतघ्न समाजले जङ्गार तरेर लट्ठी बिर्सियो । संस्कृतछात्रहरुमा ग्लानि आयो, निरुत्साह भए, वाध्य भएर उपायान्तरमा लाग्नु पर्‍यो । यही दुर्गतिनै संस्कृत भाषाको अनुत्थानको कारण हो भन्ने मेरो अल्प विचारमा लाग्द छ ।

उत्थानका उपायहरू

संस्कृतको उन्नतिका उपायहरु,संस्कृतज्ञको हातवाट खुस्केर त्यही शक्तिको शरण लिन पुगेका छन्,जसले उठनै नदिई लक्षहीन गति, अथहीन वाक्य र स्मृतिहीन व्यवहार देखाउने चेष्टा गरी रहेछ । संस्कृत समाजले जागरूक र त्यागी वनी त्यही शक्तिको हृदय परिवर्तन गर्न सके यसको तत्काल उन्नति हुन्छ, अन्यथा भ्रम र श्रममात्र हुने छ । समाज शतप्रतिशत प्रवृत्ति मार्गमा लागीसकेको हुनाले रोजी रोटीको आकाङ्क्षा राख्दछ ।

●

संस्कृतं नाम दैवी वाक्

संस्कृताऽनुत्थानकारणम्

प्रा. जुननाथपण्डितः
लाजिमपाटस्थः

(२०२८।८।१२।७)

आङ्ग्लैः शासनसौकर्यार्थं स्वमासन द्रढयितुञ्च बलात्प्रवर्तितिथाः पाश्चात्यशिक्षायाः प्रचारात् प्रसाराच्च भारतवर्षे संस्कृतशिक्षागतिरोधः समुत्पन्नः । अद्य यावत् सैव शिक्षाप्रणाली भारते नेपालदेशे च प्रवर्तते ।

सेयं शिक्षाऽनुत्पादनपराऽपि स्थूलवेतनप्रदानप्रलोभनेन जनान् प्रवर्त्य प्रतिदिनं वर्धिता संस्कृतिविघाताय संस्कृतशिक्षाविनाशाय च प्ररूढा । भारतवर्षे नेपालदेशे च 'मेकाले' प्रवर्तिताया अस्याः पाश्चात्यशिक्षाया अपेक्षाधिकप्रचारः प्रायेण राष्ट्रिय संस्कृतिसभ्यतादीनां लोपाय आसादितो विवेकिभिः । एतत्सर्वं विमृश्य एकेन कविना उक्तम्—

शिक्षावृद्धिच्छद्मना स्वीयभाषां
स्वेच्छाचारैः पाठयन्तः समन्तात् ।
द्रव्यै राष्ट्रं मोहयन्तो ह्यनार्या
भोगोन्मादैर्धर्मतश्च्यावयन्ति ।   इति

संस्कृतस्यानुत्थानहेतवः

यद्यपि न कश्चिदुपकारः कृतः पाश्चात्यशिक्षया इति वक्तुं न शक्यते तथापि तच्छिक्षया वयं स्वदर्शनात्त स्वधर्मात्, स्वसिद्धान्तात् मानवकर्तव्यतायाश्च दूरतरं गता इति महान्खेदस्य विषयः । अतः स्पष्टमेव सँस्कृतस्यानुत्थाने मूलभूतो हेतुः पाश्चात्यशिक्षाप्रचार एवेति वक्तुं शक्यते

तन्मूलः हिन्दूनां संस्कृतौ, सभ्यतायां, धर्मे, इतिहासे दर्शनादिशास्त्रेषु आधुनिकशिक्षितैः प्रवर्धितः अनादरव्यवहारोदयः— २

राष्ट्रियविधाने अन्तर्जातीयविवाहानुमतिः । अधिकरणेषु विवाहसिद्धिः, वर्णाश्रमव्यवस्थायाः शैथिल्ये प्रशासनानुमतिः, उपनीतानां द्विजानां कामचारकामवादकामभक्षाः एवमादयो हेतवश्च क्रमात् संस्कृतस्य विनिपाताय वृद्धिं गताः— ३

संस्कृताध्यायिषु पाश्चात्यभाषापरीक्षासूपाधिप्राप्तये प्रयत्नः, संस्कृतज्ञविदुषां पुत्रैः पाश्चात्यशिक्षाग्रहणञ्च— ४

प्रारम्भिक—संस्कृत—पाठशालानां समुच्छेदः सर्वकार विहितः— ५

ग्रामे ग्रामे जने जने पाश्चात्यशिक्षासौकर्याय अधिकाधिकः प्रबन्धः साहाय्यदानञ्च— ६

अमेरिकादिदेशतः देशविकासाय प्राप्तंसाहाय्यं संस्कृतशिक्षावृद्ध्यै शिक्षाधिकारिभिर्न प्रयुज्यते— ७

एवमान्ध्यंविलोक्यापिसंस्कृतविदुषामौदासीन्येनस्थितिः-८

कर्मकाण्डज्ञानकाण्डादिमर्मानभिज्ञानां कतिपयप्रतारकसंस्कृतज्ञानां समाजशोषणरीतिमनुभूय समाजस्य क्रमशः संस्कृतज्ञविद्वत्सु अनाश्वासवृद्धिः— ९

यमनियमादितपोमार्गस्थानामपि आर्थोपार्जनमुखताम्,

तपःसिद्धयै च प्रयासवैमुख्यमासाद्य लोकस्य शास्त्रेष्वेवानास्थोदयः— १०

उच्चोच्चपदाधिकारिणां संस्कृतानभिज्ञता— ११

संस्कृतज्ञप्रौढविदुषामधिकाधिकराजसम्पर्काभावः १२

संस्कृतविद्यासु वर्तमानानां ज्ञानविज्ञानराशीनामनुसन्धानाय राष्ट्रे चेतनाभावः— १३

संस्कृतज्ञविदुषांप्रतिभातः नवनवग्रन्थलेखनेप्रेरणानुदयः— १४

वर्तमानशिक्षाप्रणाली—परीक्षाप्रणाल्यौ— १५

भारतादिदेशभ्रमणेन विद्वत्तां प्रवर्धयितुं संस्कृतविदुषां छात्राणाञ्च अपेक्षितसाहाय्यप्रदाने पराङ्मुखता— १६

संस्कृतस्योत्थानहेतवः

संस्कृतोत्थानाथ पूर्वोक्ता दोषाः परिहार्याः, तत्तदुपायाश्च ग्रहीतव्याः इति स्पष्टमेव— १

सर्वत्र राष्ट्रियकार्यालयेषु शुद्धराष्ट्रभाषालेखनाय प्रशासनस्य निर्देशनम्, तदर्थं प्रबन्धश्च, भवेत् ।— २

संस्कृतभाषायां रूपकप्रदर्शनाभिरुचिश्छात्राणाम् ३

संस्कृतज्ञैः स्थाने स्थाने ग्रामे ग्रामे स्वसंस्कृतेर्महत्त्वख्यापनम्, पुराणादिवाचनञ्च ४

एतत्कार्यजातं घटयितुमेकः संस्कृतविश्वविद्यालय आवश्यकः— ५

यथाकथञ्चित्संस्कृतशास्त्ररक्षायै तु प्रस्तुतराष्ट्रियशिक्षायोजनायां चतुर्थकक्षातः (१) साधारणी सरल—संस्कृतशिक्षा (२) असाधारणी विशिष्टसंस्कृतशिक्षा च व्यवस्थापनीया। तत्र सरलसंस्कृतशिक्षा व्यावसायिकसाधारणशिक्षयोरनिवार्यताञ्चच्छेत्, विशिष्टसंस्कृतशिक्षा च संस्कृतनिम्नमाध्यमिके इति विशेषः— ५

अद्यत्वे सुरासुन्दरीभोगं सुखाभासमभिलक्ष्य भिक्षया, चौर्येण, द्यूतेन, भ्रष्टाचारेण, राजकीयवेतनेन च द्रव्यार्जनं कुर्वन् नैतिकचारित्रिकबलहीनः समाजः पाश्चात्यशिक्षापरिणामे दृश्यते। नूनमवगतमेतद्राष्ट्रनायकेन श्री ५ महेन्द्रवीरविक्रमेण। यतो हि राष्ट्रियप्रतिभां स्वदेशे प्रवर्धयितुं व्यवसायप्रधाना नवीना शिक्षा आयोजिता। तां च वयमभिनन्दामः। किन्तु तत्र स्थाने स्थाने संशोधनं विदुषां सम्मत्या अपेक्षितमित्यन्यदेतत्। सदाचारेण मानसिकशुद्धिमधिगत्य जनः शान्तिसुखं वा लभते तदर्थमध्यात्मप्रधानं संस्कृताध्ययनं राष्ट्रे अत्यन्तमपेक्षितम्। विज्ञानञ्च वर्तमानयुगप्रसादः अपेक्ष्यत एव। अतो निम्नप्रकारेण त्रयो विश्वविद्यालया राष्ट्रे आवश्यकाः प्रतीयन्ते, यथा—

संस्कृतविश्वविद्यालयः— १

विज्ञानविश्वविद्यालयः— २

कलाविश्वविद्यालयः— ३

तत्र पूर्वयोर्द्वयोः प्रयोजनं प्रागुक्तमेव कलाविश्वविद्यालये समस्ता विषया राष्ट्रभाषायामध्याप्याः। अल्पसमयेन च सर्वैर्जनैर्लब्धुं शक्यते शिक्षेति अल्पव्ययेन अस्य विश्वविद्यालयस्य वैशिष्ट्यं सिध्यति । अस्य व्यवसायपरत्वं प्राधान्येन स्वीकर्त्तव्यमिति सूत्ररूपेण मदीयो विचारः ।

* * *

संस्कृतश्रुतिमहती महीयताम्

प्रा. ऋषिरामशर्मा पोख्रेल
त्रि. वि. वि.
०२८—मार्ग १८

संस्कृतको पतनका कारणहरु:—

१ पठन पाठनमा समसामयिकताको अभाव
  (क) जातीयताको अनावश्यक विवाद
  (ख) वास्तविक तथ्य प्रति उदासीनता
  (ग) सैद्धान्तिक आडम्बर
२ आधिकारिक वक्रदृष्टि
३ धार्मिक र नैतिक पतन प्रति उपेक्षा
४ योजनाविद्हरुमा पूर्वाग्रहपूर्ण दवाव
५ योजना कालमा योजनातर्जुमा आदिमा सम्बन्धित विशेषज्ञको सन्निवेश नहुनु।
  (क) अधिकारीको अनावश्यक दवाव
  (ख) प्रोत्साहनको अभाव
  (ग) सत्यलाई छिपाउने आधिकारिक दुस्साहस
  (घ) मानसिक दासता र न्यूनताको सिर्जना
  (ङ) तयार भएका योजना र तर्जुमाको उपेक्षा

६ संस्कृतका पाठशालाहरुको खारेजी

७ सांस्कृतिक तत्त्व प्रति सार्वकारिक उपेक्षा

८ आफ्नै धन; श्रम आदिबाट सुलभ वैज्ञानिक तत्त्वको उपेक्षा गरी खर्चिलो श्रमसाध्य पाश्चात्य पद्धति अपनाएर अमूल्य र अनन्त राष्ट्रिय धनराशिको व्ययभार उठाई राष्ट्रियताकै विनाशको बीजारोपण गर्नु ।

९ दुर्लभ ग्रन्थराशिहरु कीराले काटेर विदेशमा पुर्याएर वास्साफेरेर राख्नु तर अनुसन्धानात्मक कार्यको लागि अलिकति पनि अर्थराशि नदिनु ।

१० सार्वकारिक सेवा – प्रवेशमा सम्बन्धित– विषय वस्तुको सन्निवेश नभएबाट बाध्यतावश संस्कृतका स्नातकले पाश्चात्य शिक्षा तर्फ उन्मुख भै सलग्न हुनुपर्ने स्थिति तर्फ आधिकारिक उदासीनता ।

संस्कृत शिक्षाको उत्थानका उपाय:-

१ सेवा-प्रवेश परीक्षाहरुको पाठ्यक्रममा सम्बन्धित विषयको सन्निवेश हुनु अत्यावश्यक ।

२ धार्मिक, सांस्कृतिक र नैतिक विषयलाई उच्चशिक्षा सम्म अनिवार्य साथै विशिष्ट स्थान दिइनु पर्छ ।

३ यसको लागि प्रत्येक स्कूल कलेजमा धार्मिक र सांस्कृतिक विषयका कमसे कम एक जना शिक्षकको नियुक्ति हुनु पर्छ ।

४ हालको नयाँ राष्ट्रिय शिक्षायोजनामा चौथो कक्षादेखि उच्चशिक्षा (स्नातकोत्तर) तह सम्म कमसेकम ३० प्रतिशत संस्कृत शिक्षा अनिवार्य हुनु पर्छ ।

५ दान र उपदानका भरमा संस्कृतलाई झुण्डाइ राख्ने आधिकारिक नीतिको सर्वथा परित्याग हुनुपर्छ ।

६ स्पष्ट र समयानुकूल योजना जनसमक्ष ल्याइनु पर्दछ ।

७ नेपाल संस्कृत-विश्व-विद्यालय दाङ्को निमित्त आवश्यक धनराशि छुट्याई चाँडै नै प्राविधिक कार्य आरम्भ हुनु पर्छ ।

८ संस्कृत शिक्षाका प्रारम्भिक तह-शिक्षालयहरू प्रत्येक ग्राम पञ्चायतमा र उच्चमाध्यमिक तहका शिक्षालय प्रत्येक जिल्लामा अनि उच्चशिक्षातहका शिक्षालयहरु प्रत्येक अञ्चलमा कमसेकम एकएक वटा हुनै पर्छ !

९ युगानुकूल एवं राष्ट्रिय उन्नतिका निमित्त आवश्यक तत्त्वहरू संस्कृत शिक्षामा समावेश हुनुपर्छ ।

१० राष्ट्रिय अभिलेखालय, केशरपुस्तकालय, राष्ट्रिय पुस्तकालयका र अन्यत्रछरिएका दुर्लभ र अन्य ग्रन्थहरूको अनुसन्धान तुरुन्त आरम्भ हुनु पर्छ । यस्तो गर्न साह्रै ढिलो भैसकेको छ ।

११ हाम्रो राष्ट्रभाषा नेपालीको उत्थानको निमित्त आवश्यक प्राविधिक विषयहरू सन्निवेश गर्न नेपाली संस्कृत शब्दकोश बनाउन यथाशीघ्र कार्यारम्भ हुनु पर्छ ।

१२ विश्वको एकमात्र हिन्दूराष्ट्रको हैसियतले विश्वको आध्यात्मिक खाँचो पुरा गर्ने क्षमता प्राप्त गर्न संस्कृत शिक्षा प्रति सामयिक र उदार दृष्टिले व्ययभार वहन गर्न राष्ट्रिय

धनराशि छुट्याउनु पर्छ ।

१३ उपर्युक्त कुराहरू नगर्ने हो भने संस्कृत शिक्षालाई अब पूर्ण वहिष्कार गर्नु अत्यावश्यक छ । नत्र धोबीका कुत्ता घरकानघाटका भइन्छ तर यसरि संस्कृत र संस्कृतिको सर्वथा परित्याग गर्नाले सगरमाथा जस्तो हाम्रो राष्ट्रिय गौरव र इतिहास कालो पोतिएर मासिनेछ ।

१४ अन्त्यमा संस्कृत तर्फका शिक्षक र शिक्षार्थी एवं धर्म र संस्कृत संस्कृति प्रेमी एक भएर राष्ट्रियताको सुरक्षाको लागि कटिबद्ध हुनु अत्यावश्यक भएको छ ।

* * *

श्रीयोगी नरहरिनाथज्यू
संयोजक :
गोष्ठी आयोजक समिति

रानीपोखरी संस्कृत प्रधान
पाठशाला, काठमाडौं
२०३८।८।१५।४

त्यस समितिको निमन्त्रणा—पत्र प्राप्त भयो । त्यसमा सोधिएको प्रश्नानुसार हाल संस्कृत भाषाको अनुत्थानको कारण संस्कृत शिक्षाले नेपालको संस्कृति, राष्ट्रभाषा र राष्ट्रियता अनुरूप उपयुक्त दृष्टिकोणले प्रसार हुन नपाउनु हो र उक्त अनुरूप राष्ट्रिय दृष्टि राखेर समयोपयोगी ढङ्गबाट प्रसार गराएमा यसको पर्याप्त उत्थान हुने देखिन्छ भन्ने यस प्रधान पाठशालाका शिक्षकवर्गको मन्तव्य छ ।

गोष्ठीमा संमिलित हुने सम्बन्धमा पाठशाला छोडेरउपस्थित हुन नमिल्ने कुरा समेत यसै पत्रद्वारा अवगत गराएका छौं ।

भवदीय
शिक्षकवर्ग रानीपोखरी संस्कृत प्रधान
पाठशाला, काठमाडौं ।

ॐ नमः शिवाय

संस्कृत भाषाको महत्व

ले० डा० पिनाकीप्रसाद आचार्य

संस्कृत भाषा र हिन्दू धर्मको गाढा सम्बन्ध छ, यी दुइको अवयव र अवयवीको जस्तो सम्बन्ध छ । नङ र मासुको जस्तो सम्बन्ध छ (Part र Whole) को संबन्ध छ ।

नेपाल राज्य संविधानले हिन्दु राज्य घोषित भएकोले हिन्दुत्वको मूल आधार संस्कृत भाषा नै भएकोले नेपाल सरकारले पाठ्यक्रममा संस्कृत भाषा अनिवार्य गर्नु पर्दछ । नयां शिक्षा पद्धतिमा संस्कृत अनिवार्य नगर्नु सर्कारको अदूरदर्शिता हुनेछ ।

फेरि श्री ५ को राष्ट्रिय एकताको लक्ष पनि संस्कृत भाषा अनिवार्य नगरे पूरा हुनु असंभव छ, किनभने राष्ट्रिय एकताको निमित्त सांस्कृतिक एकता जरुरी छ । संसारभरीका भाषाहरूमा संस्कृत भाषा वैज्ञानिक छ, यो अद्वितीय छ, यी पाँच ओटा अक्षरहरू ङ, ञ, ण, न, म, जो देवनागरीमा छन्, जस्को उच्चारण पाँच स्थानबाट हुन्छ, यस्ता उच्चारण एउटै अक्षरमा हुने संसारका कुनै भाषामा छैन । संस्कृत भाषामा जुन नीति शास्त्र छ, संसारका कुनै भाषामा छैन, जुन साहित्य

छ, त्यो अद्वितीय छ, यो भाषामा भएको दर्शन शास्त्र संसारको बहुमूल्य धनराशि हो । दर्शन शास्त्रलाई आधुनिक विज्ञानको पनि विज्ञान भन्दछन् । यो संस्कृत भाषामा भएका छन्द शास्त्र र अलंकारहरु संसारका कुनै भाषामा पनि पाइदैन । अध्यात्मवाद संस्कृत भाषामा मात्र छ । यो संस्कृत भाषा कुनै युगमा विश्वव्यापी थियो, यही भाषाका पर्यायवाची शब्दहरू विश्वभरीका भाषामा अपभ्रंश भएर रहेका छन् । चीनको भाषामा मनुष्यमा सर्वोच्च बुझाउने माउत्सेतुंग भन्ने पद नै मनुष्येषु-उतुंगबाट बनेको हो । यो चित्रलिपिबाट लेखिए तापनि संस्कृत भाषाकै अपभ्रंश हो ।

अंग्रेजीका लब्जहरूमा सैकडा ५० संस्कृतकै अपभ्रंश हो, जो भिन्न लिपिमा लेखिन्छ । जस्तो गम् धातुबाट गो माने जानु अद् धातुबाट इट माने खानु अवस्कंद पदबाट एब्स्कंड बन्यो । ल्याटिन र जर्मनीमा व्याकरण नै संस्कृत व्याकरण जस्तो छ । रुसको भाषामा आधा संस्कृतकै अपभ्रंश छ ।

उपरोक्त कारणले अहिले यूरोपमा संस्कृतको अनुसन्धान हुँदैछ ।

संस्कृत भाषाको पतनको कारण हो सम्राट् चन्द्रगुप्त, सम्राट् हर्षवर्धन जस्ता राजाहरूको पतनबाट सस्कृत भाषाको अवनति प्रारंभभएको हो । यसैको उत्थानबाट राष्ट्रको उत्थान हुने हुनाले यसैको उत्थानबाट राष्ट्रिय एकता ल्याउने श्री ५ को सदिच्छा पूरा हुने हुनाले यसको उत्थान गर्न सत्याग्रह गर्नु परे पनि गरेर हिन्दूराष्ट्रमा राष्ट्रिय एकता ल्याउनु अनिवार्य हुनेछ ।

सम्मतिः

श्री हिन्दुधर्मावलम्बिभूपालपरिपालिते नेपालराज्येऽस्मिन् गीर्वाणगव्याः पालनपोषणसंवर्धनादिकर्मसु यथेच्छाचरणरूपदुष्परिणामसान्द्रदुग्धास्वादनलुब्धैः समाराधिता आगोपालाङ्गनामा च राजमहिषीं प्रतिष्ठिता आङ्गलभाषा महिषी एव प्रमुखतया प्रतिबन्धविधायिनी विद्यते । नहि महिषोपालकनिलये स्थिता गौस्तुष्टा पुष्टा वहुसत्वा वा प्रायशो दृश्यते ।

उक्ताया आङ्गलभाषामहिष्याः सुनियन्त्रणं विना गीर्वाणगव्याः काऽपि समुन्नतिः स्थितिर्वाऽत्र न संभवतीत्यहंमन्ये ।

अतिदूरादागताया अतिथिवत्प्रशासकवर्गैरपिप्रपूजितायाः पृथुलावयवसंस्थानाया महाबलाया उन्नतश्रृङ्गाया उच्छृङ्खलायाश्चैतस्याः सुनियन्त्रणं कर्तुं विना राज्ञो नजनः कोऽप्यन्यः प्रभवतीति तदर्थं राजान एव सर्वैः सम्भूय सम्यग् विज्ञापनीयाः ।

यदि च राज्ञां राष्ट्रस्य च हितकरं तादृशं विज्ञापनमपि विफलं भवेत् तदा बृहदुपायान्तरं प्रयोक्तव्यम् । तच्च कीदृक्, कदा, कथं वा प्रयोक्तव्यमित्यत्र सर्वैरेव पुनः सङ्घीभूय सम्यग् विचारणीयमेव ।

नवीनशिक्षायोजनायां चतुःकक्षात एव परकीयमातृभाषावत्स्व संस्कृतिमूलभूतसंस्कृतभाषानिवेशनार्थमपि नम्रीभूय सर्वैरेव प्रथमतः प्रजानाथ एव नाथयितव्य इति ।

अत्र सम्भ्रमसंजातवागशुद्धिषु सविनयं क्षमां प्रार्थयमानो बहुवचनाद्विरमति ।

समये स्वयं समुपस्थातुमशक्तः प्रा० लोकनाथ ढकालः ।
२०२८/८/१८/१२ बादनबेला ।

आदरणीय सभापति उपस्थित महिला तथा सज्जनवृन्द

संसारको धर्म र संस्कृतिको अध्ययनका निमित्त संस्कृतको अध्ययन जरूरी

केशर बहादुर क्षेत्री
मार्ग १८, २०२८
भारवि

सिन्धु उपत्यका
पाशुपत धर्मको
केन्द्र

मध्य एशिया
वैदिक धर्मको
केन्द्र

बौद्ध जैनबम्पो
धर्मको केन्द्र
हिमालय शैलमाला

सिन्धु उपत्यका उपर आर्यहरुको प्रहार परेपछि आफ्नु पाशुपत धर्म लिइ (Fiuno Dvaivd) किरातहरु क्रमशः हिमालयका दूनहरुमा पसि त्यहाँका वासिन्दाहरुले पाशुपत धर्मको शाक्य वर्धन र श्रीमा देवीको रूपमा आगम पूजा गरेको प्रमाण पाइन्छ ।

आर्य साथै आएको वैदिक धर्म प्रचार हुन लागेपछि वैदिक श्रुति शास्त्रको विरुद्ध सप्त तथागत खड़ा भए तापनि निगमको प्रभाव सूर्यवंशी शाक्यहरू उपर परेकोले तत्कालिन कोशालीका राजकुमार बिरुधकको आक्रमण कपिलवस्तु उपर भयो ।

महापरि निर्वाण—पिप्रहवा बौद्ध पात्रको उल्लेख राज गुरुको पहिलो बौद्धसंघमा वाद्-विवाद वैशालिको दोस्रो बौद्ध

संघको बिवाद स्वरूप हैमवत र थेरवादको दृष्टिकोणमा भेद ।

हैमवत् संप्रदाय नेपाल मध्य एशिया र चीन तर्फ प्रसार

थेरवादको दक्षिणतर्फ प्रसार ।

पुष्यमित्रका पालादेखि भारतमा वैदिकधर्मको बोलवाला

नेपालमा बौद्धधर्मको आधार वैदिक र बौद्धधर्मको समन्वय

●

संस्कृतमा एक दृष्टि

मेघराज पौडेल
दाङ

संस्कृत भन्नाले संस्कृत भाषा, त्यस भाषामा उल्लेख भएका ज्ञान-विज्ञान, धर्म-कर्म, रीति–नीति, संस्कृति–सभ्यता, इतिहास, भूगोलआदि सबै ग्रन्थ—(वेद, उपवेद, स्मृति, पुराण, शास्त्र आदि) विचारहरू संमिइन्छन् । वस्तुतः नेपालीहरूको संस्कृति संस्कृतमानै आधारित छ। यहाँ पूर्वकालदेखि नेपाल र भारत एउटै संस्कृतिमा रहेको पाइन्छ । यही संस्कृति र संस्कृतको आधारमानै अमरले 'आर्यावर्तः पुण्यभूमिर्मध्यं विन्ध्य(सिन्धु) हिमालयोः भनेर हिमालय र समुद्रको बीचको प्रदेशलाई एक मानेका

छन् । यस विशाल पुण्यभूमिलाई एक शरीरको रूपमा हेर्दा नेपाल शीररअरु आधुनिक भारतीय प्रदेश अङ्गको रूपमा देखा पर्दछन् । शरीरको संपूर्ण संचालन मस्तिष्कबाट भएझैं आर्य संस्कृति र संस्कृतको संरक्षण,संबर्धन विशेष गरेर नेपालको जिम्मामा रहेको बुझिन्छ । तर पनि जबसंम अरु शरीरमा अवयव, स्वस्थ र पुष्ट हुन्छन् तबसम्म मात्र मस्तिष्कको विशेषता देखिन्छ । अतः संस्कृतको केही चर्चा गर्दा नेपाल र भारत दुबै देशको इतिहासतिर दृष्टि दिनु आवश्यक देखिन्छ ।

आजको वैज्ञानिक समयमा आएको सामाजिक जटिलतालाई हेर्दा आजको स्थितिमा रहेको संस्कृत शिक्षा उपयोगी छ या छैन भन्ने कुराको चर्चा हुनु पनि अस्वाभाविक देखिंदैन । गहिरो दृष्टिले हेर्दा उपयोगी छैन भनी कदापि नभनिए तापनि संस्कृतभाषा, संस्कृत शिक्षा, प्राच्यविचार एवं प्राच्य ग्रन्थहरूको इतिहास हेर्दा यस पुण्यभूमिमा आइपरेका सातौं शदीदेखि बीसौं शदी सम्मका कतिपय आर्यविरोधी, संस्कृत विरोधी र हिन्दू संस्कृति विरोधी, आक्रमणकारी अमानवीय संकटहरूले गर्दा हाम्रो ऐश्वर्य खण्डहरको रूपमा रहन पुग्यो । प्रत्येक देशले आ–आफ्ना प्राचीन तत्वहरूको खोजी गरी विश्वमा आफ्नो प्राचीन सभ्यताको प्रमाण देखाउने होड चलेको आजको युगमा हामी यस पुण्यभूमि निवासीहरू आफ्नो पनालाई बिर्सन थालेकोमा एक शोचनीय स्थिति देखा पर्दछ । जुनसुकै जाति या समाजले यदि आफ्नै आर्जनबाट तरक्की गर्दछ भने मात्र

आजको विश्वमा उसको केही मूल्य हुनजान्छ । जुनसुकै विकसित देशको इतिहासले भन्दछ कि आफ्नै संस्कृतिमा हुर्केको सभ्यता नै त्यस देशको लागि स्थायी हुन्छ र आफ्नै ऐश्वर्यको अभिबृद्धि बाट मात्र आफ्नो स्वत्व कायम गर्न सकिन्छ । अतः आजको विकासको होडमा भाग लिएको नेपालले पनि आफ्नै पनाबाट अगाडि बढ्नु आवश्यक छ । नेपाल संवैधानिक रूपबाट एक हिन्दूराज्य हो । हिन्दूराज्यको नाताले पनि आर्यसंस्कृति र हिन्दू धर्मको रक्षाको साथै संस्कृत भाषामा भएका ज्ञान-विज्ञानको खोजी र प्रयोग गरी यी दुबैको सन्तुलनद्वारा विश्वलाई एक नयाँ पाठ दिन सक्षम हुनुपरेको छ । धेरै दिनको अप्रयोगले गर्दा उत्पन्न असुविधालाई देखेर यदि त्यस वस्तुतिर घृणा जगाउने हाम्रो बानी बसेमा अवश्य हामीले हिजोलाई नै घृणा गर्नु पर्ने स्थिति आउँछ । यस प्रसंगमा संस्कृत भाषा र संस्कृत वाङमय प्रयोगमा नआएको र आज यसको अनुपयोगिता देखापरेका खास कारणहरूको उल्लेख गर्नु प्रासंगिक देखिन्छ ।

धेरैजसो तथ्यको आधारमा ऋषिहरूद्वारा वेद, उपनिषद्, रामायण, पुराण आदि ग्रन्थ नेपालमा नै रचना गरिएका भन्न सकिन्छ । महाभारतकाल संम संस्कृत ग्रन्थकै आधारमा ज्ञान–विज्ञानको उन्नति भएको कुरा हामी महाभारतको युद्धमा प्रयोग गरिएका शस्त्रास्त्र र कोठामा बसेर सञ्जयले अन्धा धृतराष्ट्रलाई युद्ध वर्णन गरेका आदि कारणहरूबाट थाहा पाउँछौं । विक्रमको ७०० वर्ष अगाडि स्थापना भएको तक्षशिला विश्व विद्यालयका

देन पनि कम छैनन् । तर त्यस समयमा वेद शिक्षालाई विज्ञान तिर भन्दा ज्ञानतिर बढी ग्रहण गरेको पाइन्छ । विक्रमको पाँचौं शदीतिर उत्तर पश्चिम तिरबाट आएको हुण जातिको सरदार तोरमाणका छोरा मिहिरकुलले उक्त संस्था नष्ट गरेपछि संस्कृत को ह्रास हुँदै गएको इतिहासमा पाइन्छ ।

ईसाको छैठौं सातौं शदीमा नेपालको लिच्छवी कालमा संस्कृत शिक्षाको झलक पाइन्छ तापनि सातौंदेखि चौधौं शदी सम्मको मुसलमान शासनले भारतमा संस्कृतको ठूलो क्षति गऱ्यो । नेपालमा दिइने संस्कृतशिक्षा ग्रहणगर्न भारत र चीनबाट पनि शिक्षार्थीहरू आएको प्रमाण पाइन्छ तापनि त्यस समयमा संस्कृतको संक्रमणकाल थियो भन्नुमा बाह्रशदीमा महमुद गोरी द्वारा मन्दिर र संस्कृत शिक्षण संस्था नष्ट गरिनु, तेह्रौं शदीमा कुतुबुद्दिन ऐनकद्वारा विहारस्थित विक्रमशिलाको बौद्ध विहार नष्ट गरी आचार्य शिक्षार्थीहरू मारिनु, ईसाको एक शदी पूर्व स्थापित नालन्दा विहार (विश्व विद्यालय) नष्ट गरिनु र त्यहाँको पुस्तकालय छ महीनासंम आगोमा रही भस्म हुनुबाट स्पष्ट छ । यस स्थितिमा नेपालले मात्र संस्कृत शिक्षा र ग्रन्थ जोगाउन न सकेकोमा कुनै असामर्थ्य देखिंदैन । मुगल सम्राट् अकबरले संस्कृत शिक्षालाई केही मान्यता दिए तापनि उनका वंशजहरू औरङ्गजेब, नादिर शाह, गुलाम कादिरले समूल नष्ट गर्ने प्रयास गरे ।

यसरी मुसलमानको शासनकालमा नष्ट भई आफ्नो

अस्तित्व समेत जोगाउन असमर्थ भएको संस्कृत आफूमा भएको ज्ञान विज्ञान दर्शाउन कसरी समर्थ हुन्थ्यो ? यस स्थितिको संस्कृत शिक्षा र आर्य संस्कृतिमा युरोपीयन पादरीहरूको धर्म प्रचार युरोपीयन व्यापारीहरूद्वारा खोलिएका शिक्षण संस्थाले बढी प्रचार गरे । भारतमा मुस्लिमको अन्तिम समय र नेपालमा मल्लको अन्तिम समयतिर शिक्षाका सबै क्षेत्रमा देखा परेको कमीबाट फाइदा उठाई भारतमा पुर्तगाली र फ्रान्सिसी व्यापारीहरूले क्याथोलिक धर्मको र इष्ट इण्डिया कम्पनी र डेनिस व्यापारीहरूले प्रोटेष्टेण्ट ईसाई मतको प्रचार गर्दै १७२५ ई_ संम २१ स्कूल स्थापना गरेको इतिहासमा पाइन्छ । ईसाई ज्ञानवर्धिनी सभा (१७२७), लन्दन मिसनरी सोसाइटी (१८०४) जस्ता आफ्नो शासन सत्ता बलियो पार्ने उद्देश्यले खोलिएका संस्थाहरू संस्कृत शिक्षा संस्कृत ग्रन्थ, आर्य संस्कृति, र हिन्दू धर्मको समूल नष्ट गर्नुमा प्रयत्नशील पाइन्छन् ।

१७६१ मा वारेन् हेष्टिङ्गस्द्वारा बनारसमा संस्कृत कलेज खोलिए तापनि १८१६ मा स्थापित हिन्दू कलेज (कलकत्ता विद्यालय) का नाममा खोलिएको अहिन्दू कलेजमा' राजा राममोहन राय, डेविट हेयर, सर यडवर्ड हाइट ईष्ट जस्ता आर्य संस्कृति विरोधी भारतीयहरूलाई संस्थापकको रूपमा लिएर "पार्थिनन्" जस्तो संस्कृत, आर्य, संस्कृति र अध्यात्मवादको उपहास गर्दै बेलायतीपनाको समर्थन गर्ने पत्रिका अगाडि सार्दै, राक्षसको प्रशंसा र राम-लक्ष्मणको

निन्दा गरिएको "मेघनाद वध" काव्यका लेखक मधुसूदन पन्त जस्ता आर्य संस्कृति विरोधीलाई साहित्यकारको रुपमा अंगालेर देखापर्दछ। वस्तुतः सत्रौं शदीदेखि उन्नाइसौं शदीको प्रथमचरण संम (१७००—१८३०) संस्कृत र आर्य संस्कृतिलाई दवाउनमा ३ मुख्य कारण देखा पर्दछन् १— पादरी, २ – केही देशवासी, ३— इष्ट इण्डिया कम्पनीद्वारा संस्कृतको विरोध र अंग्रेजीको प्रचार।

ई. १८१३ मा पास भएको इण्डिया ऐक्ट १८ १ मा गएर लार्ड मैकोलेको सशक्ततामा लागू गरिंदा संस्कृतको अन्ध विरोधी मैकोलेले संस्कृत र आर्य संस्कृतिलाई लत्याउँदै, ज्ञान भन्दा परीक्षामा जोड दिंदै, नैतिकताको ह्रास गर्दै आफ्नो नीति लागू गर्‍यो। स्मरणीय छ त्यससमयमा जर्मनका विद्वान्हरू संस्कृत अध्ययनमा प्रवृत्त थिए तापनि देशवासीहरू अप्रवृत्त हुनु पर्‍यो। त्यस समयको नेपालको शिक्षा नगण्य देखिन्छ।

१८३५—१८५४ को नयाँ शिक्षा नीतिले प्राच्यग्रन्थहरूको प्रकाशन बन्द गरी छात्रवृत्ति टुटाएको देखिन्छ भने १८५४ को वुडको नीतिमा युरोपीय शिक्षाको महत्व जगाएको मात्र फेला पर्दछ। भारतको शासनसत्ता महारानी भिक्टोरियाको हातमा गएपछि १८८२ को शिक्षा नीतिले संस्कृतलाई देखावटी रूपमा स्थान दिए पनि १९१३ को नवीन पद्धतिद्वारा ब्रिटिश सरकारले आफ्नो भाषा, संस्कृति र धर्मको प्रचार गर्दै योजनाबद्ध शिक्षाको नाममा महँगो शिक्षाद्वारा यन्त्रवत् शिक्षित गराइए, शिक्षा शास्त्री

निष्क्रियबने, शिक्षकहरूले आफ्नो विवेक र सामर्थ्य देखाउन छाडे।

त्यस समय नेपालको शासन सूत्र राणाको परिवारमा सीमित थियो, जन चेतना जागृत गर्नु आफ्नो गोडामा आफैं बञ्चरो हान्नु थियो। आफ्ना छोरा नातीको लागि खोलिएको दरवार स्कूललाई पनि वेलायती पनाको तालीम केन्द्र जस्तो गराइएको थियो। दरवार स्कूलको शिक्षा सर्व साधारणको लागि हुंदा सम्म संस्कृत शिक्षाको पनि सूत्रपात नेपालमा देखिन्न तापनि त्यस समयका अंग्रेजी-संस्कृत दुबै शिक्षालाई दाँजेर हेर्दा अग्रेजी शासनको कठपुतली भएको राणापरिवारले अंग्रेजी शिक्षालाई विशेष प्रश्रय दिएको देखिन्छ। यसरी सातौं शदीदेखि नष्ट भ्रष्ट गरिंदै आएको संस्कृत शिक्षा संस्कृत वाङ्मय, अध्यात्मवादी विचार बीसौं शदीमा आएर जर्जरित अवस्थामा विदेशी प्रहारबाट मुक्त देखिए तापनि विदेशी चस्मा लगाएका, विदेशी आत्मा राखेका स्वदेशीहरूले नै उच्च स्थान ओगटेको हुँदा उनीहरूकै पञ्जामा पर्नगै उनीहरूकै मुठीमा सीमित रहनु परेको देखिन्छ। नेपाल र भारत दुबै देशको इतिहासलाई हेर्दा संस्कृत भाषाको प्रचलन, प्राच्य ग्रन्थ अनुसारको ज्ञान विज्ञानको प्रयोग नभएको कैयौं शताब्दी भैसकेकोछ। अतः प्रयोग नगरिएको वस्तु प्रयोगमा ल्याउँदा अवश्य केही समय उसको खोजी, परिमार्जन र संशोधनले वैदिक समयबाट चलिआएको भौतिकवाद र अध्यात्मवादको समन्वय र गतिशीलता महाभारत कालसंम देखापरे तापनि त्यसदेखि यतातिर पूर्ण बिकसित रूपमा पुग्न

नपाउँदै उपर्युक्त अनेक प्रकारका बाधाहरू मात्र देखा पर्दछन् ।

गरीब, दलित र पीडितको पक्ष लिने यस युगमा यसरी पिछडिएको संस्कृतले आजका समस्त शिक्षित आर्यावर्त निवासीहरूबाट अवश्य कदर पाउनु पर्दछ । संस्कृत, संस्कृति र संस्कृत वाङ्मयको संवृद्धि र विकाशद्वारा अशान्त विश्वलाई शान्ति-दिने कार्यमा अग्रसर हुनु युगको माग भएकोछ । धेरै समयसंम चलनमा नआएको वस्तु चलनमा ल्याउँदा समय अनुसार आवश्यक तत्व ग्रहण गरिनु पर्दछ र उक्त वस्तुलाई समयोपयोगी बनाउनु तत्कालीन सामर्थ्यवान्हरूको हातमा निर्भर गर्दछ संस्कृतको यति लामो अन्धकारको युगलाई हेर्दा संस्कृत शिक्षा उपयोगी छ या छैन भन्ने कुरामा प्रशस्त चर्चा हुनु अस्वाभाविक छैन । यदि आफ्नो भूतकालको या हिजोको अस्तित्व स्वीकार गरिन्छ भने आफ्नो संस्कृति स्वीकार गर्न करै लाग्दछ । यसरी संस्कृतिको अस्तित्व स्वीकार गरेपछि संस्कृतको अस्तित्व हाम्रो समाजमा आज पनि छ र भोलि पनि रहने छ भन्ने कुरामा दुई मत हुन सक्तैन । हामीहरूमा आफ्नो संस्कृति र परंपरामा पाइने कुराहरूको कारण र तथ्यहरू पत्तालगाउने कोशिसै नगरी अन्ध विरोध गर्ने बानी बसेको छ; यो वस्तुतः बसेको होइन बसालिएको हो, तर अब पनि हामीहरू सचेत भएनौं र आफ्नो संस्कृतिमा पाइने वैज्ञानिक तथ्यहरूको पनि कारण पत्ता लगाउने प्रयासनगरी अपहेलना र घृणा गर्न थाल्यौं भने आफूप्रति आफै दगाबाज बन्ने छौं । विदेशीहरूद्वारा आफ्नो संस्कृति

र भाषाको महत्त्व बढाउन हाम्रो संस्कृति र संस्कृतको मिथ्या-लान्छना लगाइएको कुरा हामीहरूले केलाउनु अत्यावश्यकछ ।

राजनैतिक दृष्टिकोणले अलग, आफ्नो सार्वभौमिकतामा रहेको स्वतन्त्र हाम्रो देश नेपालले शिक्षाको नयाँ मोड लिएको बेलामा संस्कृतको उत्थानका केही उपाय प्रस्तुत गर्नु समयोचित देखिन्छ ।

१— दीर्घकालीन योजना :— यस योजना अन्तर्गत बितेको इतिहासमा आईपरेका संस्कृतका कठीनाईहरूलाई हृदयङ्गम गरी, आफ्नै ऐश्वर्यबाट मात्र स्वत्व कायम गर्न सकिन्छ भन्ने कुरा महसूस गरी, एकोहोरो विज्ञानको प्रगति भएको आजको युगमा ज्ञान र विज्ञानको समन्वय र सन्तुलनको आवश्यकता महसूसगरी, विश्वलाई शान्तिको पाठ दिने उद्देश्य लिएर, थन्किएका, लुकेका, छिपेका वाङमयहरूको खोजी गरी आजको हाम्रै भाषामा शिक्षा उपलब्ध गराउने लक्ष राखिएको हुनुपर्दछ । यसकोलागि चाहिने आवश्यक संस्था, विभागको पूर्ण सहयोग प्राप्त हुनुपर्दछ । उदाहरणको लागि जस्तै:—

(क) संस्कृत विश्व विद्यालय
(ख) अन्वेषण विभाग
(ग) पाठ्यक्रम विभाग
(घ) प्रयोग शाला

आदिलाई सशक्त र सक्षम बनाई धनुर्वेद आयुर्वेद ज्योतिर्विज्ञान

कृषी पशुपालन, यात्रा साधन आदिको व्यावहारिक सफलता हासिल गर्ने हुनुपर्दछ।

२—अल्पकालीन योजनाः— साधारणतः अंग्रेजी भाषाले नै वैज्ञानिक देन दिएके जस्तो भ्रान्त धारणा हामीमा बसेको छ। भाषा बेग्लै हो र विज्ञानको क्षेत्र बेग्लै हो भन्ने कुरा बुझी सकेर पनि अबुझ जस्ता भएका छौं। यूरोपका शिक्षा-संस्कृति, रीति रिवाज आदि क्षेत्रमा कारण खोजि गरी वैज्ञानिकता दिइन लागेको समयमा हाम्रो संस्कृति र हाम्रो ज्ञान-विज्ञानको शिक्षा एक संक्रामक अवस्थामा रहेको पाईन्छ। यदि यूरोपीय दवाउकै कारणले गर्दा हामी आफ्ना वस्तुको संरक्षण संवर्द्धन गर्न असमर्थ भएका देखिन्छौं तर त्यही दवाउलाई अझै स्वीकार गर्दै कोरो अंग्रेजीभाषा जानेको व्यक्तिलाई संस्कृत जान्ने व्यक्तिकोभन्दा सरकारी नोकरीको व्यावहारिकपक्षमा बढी महत्व दिइदैछ भने यस्तो असमानता व्यावहारिकरूपमा हटाइनुपर्दछ। कमसेकम समान सुविधा र समान मान्यता दिइनु पर्दछ।

दीर्घकालीन योजनालाई टेवादिन निम्न माध्यमिक तहबाट संस्कृत र नेपाली भाषामा विशेष जोड दिइनु पर्दछ। स्मरणीयछ हाम्रो नयाँ शिक्षा योजनामा कम स्थान दिइएकोछ।

नयाँ शिक्षा योजनाको व्यावसायिक शिक्षामा जोड दिने उद्देश्य संस्कृतमा वर्णित पशु पालन, कृषि, आदिबाट पनि पूर्ति गर्न्नु पर्दछ।

यसरी संस्कृत शिक्षाको इतिहासलाई हेर्दा हाम्रो समाजमा

यसको अनुपयोगिता मात्र दर्शाई विदेशी संस्कृति र सभ्यताको बोलवाला बढाउने कैयौं प्रयास गरिए तापनि आजको युगमा आएर हामी आफ्नो पनतिर आकर्षित भई के के छ भन्ने तिर खोजी गर्न सक्षम र लगनशील भयौं भने अवश्य हामी पनि एक हौं भनी विश्वको सामू उभिन समर्थ हुनेछौं र एक उदाहरण रूपमा रहने छौं; भनाईको तात्पर्य यो होकि प्राच्य ग्रन्थहरूमा ज्ञान विज्ञान दुवैछन्, प्राच्य संस्कृति वैज्ञानिक मूलकारणमा आधारित छ हिन्दू धर्म विशाल छ, तर बितेका कैयौं शताब्दीहरूमा यी तथ्य कुराहरूले स्थान पाउन नसकी मुगल र अंग्रेजीसत्ताबाट आफ्नो नष्ट भ्रष्ट भईस्वत्व समेत शंकित रूपमा राखेको देखिन्छ। यी कुरालाई ध्यानमा राखी आर्यावर्तको मस्तिष्क रूपमा रहेको नेपालले आफ्ना सबै अंगसहित शरीरलाई सक्षम तुल्याई संस्कृत, संस्कृति, हिन्दू धर्म र अध्यात्मवादी विचारको उत्थान दीर्घकालीन र अल्पकालीन योजनाहरूद्वारा गर्नु नितान्त आवश्यक छ।

–अच्युतराज रेग्मी

श्री श्रद्धेय नरहरिनाथज्यू

गोष्ठी आयोजन समितिको तर्फबाट पठाउनु भएको निमन्त्रणपत्रको लागी धन्यवाद। संस्कृत भाषाको उत्थान र यसको उन्नतिका उपायहरूको अनुसन्धान बिषयमा जुन बिचार गोष्ठी आयोजना हुँदैछ यो निश्चयनै संस्कृत भाषा प्रेमी समुदायको निमित्त खुसीको कुरा हो। यस विचार गोष्ठीको परिणाम

स्वरूप कुनै सन्तोषजनक समाधान प्रस्तुत हुन सक्यो भने त्यो सबैको लागि ठूलो हर्षको विषय हुने छ।

संस्कृत भाषाको अनुत्थान को विषयमा विचार गर्दा सर्व प्रथम त यस्को दोष संस्कृतका विद्वान्हरूले नै व्यहोर्नु पर्ने देखिन्छ। किनकि यो सुसंस्कृत भाषालाई समयानुकूल तुल्याएर सर्वसाधारणको लागी सरल र सुगम बनाउने उपाय पट्टि यस भाषाका निष्णातहरूको ध्यान पुग्न सकेन। जसको फलस्वरूप समाजले यो भाषालाई धार्मिक अनुष्ठान र धार्मिक क्रिया कलापको निम्ति मात्र सीमित रहेको जस्तो अनुभव गर्न थालेको छ। संस्कृत भाषाको प्राचीन समयमा जुन व्यापकता र प्राधान्य थियो, त्यसको निरन्तर ह्रास हुँदै गइरहेछ। जुनसमाज आफ्नो सामाजिक व्यवस्थालाई युगानुकूल तुल्याएर आफ्नै समाजबाट विभिन्न क्षेत्रमा युगपुरुषहरू पैदा गर्न सक्षम भएको छ त्यही समाजको बोली र विद्यानै सर्वत्र व्यापक भएको देखिन्छ। संस्कृत भाषाको अहिलेसम्म अस्तित्व रहिरहनुमा यो भाषालाई सबैले प्राचीनतम भाषा भनेर स्वीकार गर्नुमा पनि यही नै कारण हो जस्तो मलाई लाग्दछ।

आधुनिक समाज पश्चिमी सभ्यता, पश्चिमी कला कौशल र पश्चिमी ज्ञान–विज्ञान द्वारा भएको भौतिक उन्नतिका प्रति अत्यन्तै आकृष्ट छ। उ त्यसैको अनुशरण गरेर आफु पनि उन्नतिशील भएको अनुभव गर्न चाहन्छ। यस्तो वर्गको लागि संस्कृत भाषा प्रेरणाप्रद हुन सकेको छैन। आजको समाजमा

कर्णधार मानिएकाहरू पनि धेरै जसो यही वर्गबाट नै आएका छन् । उनीहरूमा संस्कृत भाषाको उन्नतिमा कुनै चाख देखिँदैन र यस्तै वर्गको व्यवस्था संचालनमा पनि प्रभुत्व रहेको छ ।

संस्कृत भाषाको उन्नति गर्ने उपायहरूको अनुसन्धान गर्दा संस्कृत प्रेमी विद्वान्हरूको जहिले पनि प्रथम दृष्टि सरकाले नै यस्को संरक्षण, संबर्धन एवं प्रसार गरोस् भन्नु पट्टि मात्र गएको देखिन्छ । सरकारी पदमा रहेर शिक्षानीतिको सूत्र संचालन गर्नेहरूको भावना र आस्था कसरी प्रभावित भएको छ भन्ने तिर चाहीं कसैको दृष्टि पुगेको छैन । संस्कृत भाषाले सरकारी संरक्षण तब मात्र पाउन सक्तछ, जुन बेला सरकारमाथि यस भाषाका प्रेमीहरूको प्रभाव रहन्छ । वर्तमान स्थितिमा — संस्कृत प्रेमी समुदायले सरकारको मुख मात्र ताक्नुको सट्टा यस्को उत्थानको निमित्त प्रबल जनमत तयार पारेर जन भावनालाई संस्कृत भाषाको उन्नतिको निमित्त अनुकूल तुल्याउन सकेमा नै संस्कृत भाषाको उत्थानको निम्ति एक प्रभावकारी उपाय सिद्ध हुनेछ भन्ने मेरो विचार छ । समयाभावले गर्दा स्वयं गोष्ठीमा उपस्थित हुन नसकेकोमा क्षमा चाहन्छु ।

दिनाङ्क—
२०२८ मार्ग १६
डिल्ली बजार घट्टे कुलो

श्रीः

स्वधर्मस्य, स्वराष्ट्रस्य, स्वादर्शस्य, स्वसंस्कृतेः ।
अपारमहिमागारं वन्दे संस्कृत-वाङ्मयम् ॥

गणेशप्रसाद "शास्त्री" आहिताग्नि

अनुत्थानका संक्षिप्त कारण

(१) संस्कृतलाई सक्रियात्मक राज्याश्रय पर्याप्त हुन सकेन र साथै संस्कृतज्ञले आफ्नो भविष्य शून्य देखे ।

(२) संस्कृतज्ञहरूको संमान हुनसकेन र संस्कृतमा विद्वान्हरू पैदा हुन छोडे ।

(३) संस्कृतज्ञहरू स्वयंमा, आत्मसंमानका भावना र आत्म-गौरवको अनुरूप आचरण भएन ।

(४) संस्कृतको पठन पाठन प्राचीनता एवम् आधुनिकताको सामञ्जस्यको साथै युग समयानुसार सरल सरस एवं सुपाठ्य हुन सकेन ।

(५) संस्कृतको अनुत्थानका कारणः— राष्ट्रिय चेतना, धर्म, सभ्यता, शिष्टाचार, सच्चरित्र, आध्यात्मिक ज्ञान आदिको लोप हुँदै जानु मुख्य हुन् ।

उत्थान हुनको लागि

उपर्युक्त दुःस्थितिलाई निष्पक्ष एवं शान्त दृष्टिले हृदयङ्गम गरी संस्कृतको उन्नतिबाट नै हाम्रो वास्तविक समुन्नति हुन सक्छ र दुःख, संताप, शोषण, दुराचार, अकर्मण्य, अनास्था

इत्यादि दूषित कीटाणुग्रस्त बिश्वमानवको सर्वाङ्गीण विश्वजनीन कल्याण- (प्रेयःश्रेयः) मार्ग निर्दिष्ट हुन सक्छ भन्ने बुझेर संस्कृतज्ञ एवं संस्कृतानुरागीले प्रशासन (व्यवस्थापिका र कार्यपालिका) मा अधिक भन्दा अधिक संख्यामा पुग्न संपूर्ण प्रयत्न शान्तिपूर्ण तरीकाले गर्नु न्यायसंगत होला अरु उपाय नगण्य वा सहायक मात्र हुनेछन् ।

विदुषामनुचरः
गिरिधारी भट्टराईः
वा. सं. म. वि.

१. नेपाले सर्वकारेण संस्कृतभाषाया उपेक्षितत्वाच्छात्राणां विदुषांञ्चानभिरूचिः ।
२. रुच्यभावेन संस्कृतज्ञैरपि पुत्रा अपि न पाठ्यन्ते ।
३. संस्कृतज्ञानामपि पुत्राणां यदि तस्यामप्रवृत्तिः कुतोऽन्येषां तस्यां प्रवृत्तिः ।
४. केवलं निर्धनानां पुत्रा एव वृत्तिलोभेन तां पठन्ति ।
५. संस्कृतविद्वांसो भणन्ति संस्कृतभाषाऽध्वेतव्येति ।
६. स्वपुत्रान् अंग्रेजीभाषायां प्रोत्साहयान्ति च ।
७. अतश्च लोकः कथयति संस्कृतभाषा निःसारेति ।
८. इत्थञ्च संस्कृतभाषाया अनुत्थानं सञ्जातम् ।
९. संस्कृतज्ञैस्तस्या प्रगतिकरणाभावात् सर्वकारेण सा उपेक्षिता ।
१०. सर्वकारेण तस्या अपेक्षायां प्रगति र्भविष्यतीतिसंस्कृतज्ञा वदन्ति ।
११. एवञ्चान्योऽन्याश्रयः सञ्जातः।

१२. अन्योऽन्याश्रयनिवारणाय यत्नो विधेयः ।

१३. यत्नश्च, सर्वैः संस्कृतभाषाऽध्येतव्या ।

१४. सर्वेषांकृते संस्कृताध्यापनार्थं प्रारम्भिककक्षात एवानिवार्यरूपेणं संस्कृतभाषाया अवसरोदेयः ।

१५. प्रथमत एव संस्कृताध्ययने संस्कृतस्य सरलता अपि स्यात मातृभाषावत् ।

१६. संस्कृतभाषायां पूर्वैर्निर्मिता ग्रन्थाः स्वपाण्डित्यप्रदर्शनार्थं कठिनाः कृताः ।

१७. अतश्चाधुनिकैः सरलभाषायां ग्रन्थाः सर्वेषां कृते निर्मातव्याः।

१८. पाण्डित्यार्थं पूर्वनिर्मीता ग्रन्थाः सन्त्येव ।

शेषराजशर्मा रेग्मी—समभिलष्यः

श्रीः

संस्कृतस्याऽवनतिकारणं तदुन्नत्युपायश्च

संस्कृतस्याऽवनतिकारणं मूलतः संस्कृतस्नातकानां वृत्ति नैयून्यमेव प्रतिभाति। प्रचुरसंस्कृतपाठशालानामाङ्गलकलाशालारूपेण परिणतिश्च। एवं च साम्प्रतं संस्कृतपाठ्य ग्रन्थेषु अर्वाचीनविषयाणां राजनीति भूगोलेतिहासाऽर्थशास्त्राऽङ्गलभाषादीनां समावेशेऽपि प्रतियोगितायां संस्कृतस्नातकानां विजयलाभेऽपि तेषां तत्तच्छासनविभागे समुचितस्थानप्राप्तेरभावेन वृत्ते र्नितान्त संकटोपस्थित्या संस्कृतस्याऽवनतिरुत्तरोत्तरम् दरीदृश्यते। अनेनैव कारणेनाऽध्यापकाः स्वपुत्राणां संस्कृतशिक्षणे उदासीनाः संस्कृतच्छात्राश्चाङ्गलभाषाध्ययनेऽपि प्रवृत्ता दृश्यन्ते ।

प्राङ्महार्घतापिशाची सम्प्रतीव व्यात्तानना नासीत्, अतोऽल्पवेतनेऽपि संस्कृतस्नातका जीवनं समयापयन् परमधुना उच्चश्रेणीकाः प्रभुत्वसम्पन्ना अपि जना वणिग्रूपेण विराजमाना दृश्यन्ते, ततश्च सामान्यजना इव संस्कृतसेवका अपि द्विविधवणिक्पाशैर्भोजनाऽच्छादनाद्युपकरणसंग्रहणे व्याकुला दृश्यन्ते। संस्कृतप्रचारे सङ्कटहेतुरित्थं प्रतिभाति।

साम्प्रतमपि महाविद्यालये विश्वविद्यालये च संस्कृतप्राध्यापका इतरभाषाप्राध्यापकाऽपेक्षया प्राध्यापने पर्याप्तसमयं ददति परं तत्फलं सन्तोषजनकं नाऽस्ति। आर्यसंस्कृतेर्बीजरूपस्य संस्कृतस्य उत्थानं शासकानामपेक्षितं चेत्तत्तच्छासनविभागे यथान्यायं संस्कृतस्नातकाः स्थापनीयाः अन्वेषणकार्यादीनां विशिष्टप्रबन्धने ते नियोज्या इत्थं च सदाचारादीनां समृद्धिः संस्कृतस्य चोत्थानं भविष्यतीति निश्चप्रचम्।

चेतोनाथ शर्मा आचार्य
०२८/८/१७/६

संस्कृतको अनुत्थानमा कारण

१ विदेशी भाषा (अंग्रेजी) को अत्यधिक सम्मान र प्रचार प्रसार हुनु।

२ समयको गति र माग अनुसार संस्कृतका पाठ्यक्रमम परिवर्तन र परिवर्धन नहुनु।

३ शिक्षा सम्बन्धी बजेटको अत्यल्प भाग (करीब ६ प्रतिशत) मात्र भूत मन्छे जस्तो गरी संस्कृत तर्फ खर्च हुनु।

४. अंग्रेजीको रंग र उन्मादमा बगेकाहरू संस्कृत विभाग र संस्कृतज्ञहरूको प्रबन्धक र भाग्यनिर्णायक हुनु ।

५. संस्कृतलाई वर्गविशेषको पेवा सम्झी यस सम्बन्धी दोष सबै उनै माथि थुपारी दिनु ।

६. अधिराज्य भरी संस्कृतज्ञहरूको समान वेतन र सम्मान नहुनु ।

७. संस्कृतको विशिष्ट अध्ययनका लागि स्वदेशमा र विदेशमा पठाउने प्रबन्ध समेत नहुनु ।

८. पुराना भाषा- पाठशालाहरूलाई आवश्यक प्रवन्ध गरी अघि बढाउनुको सट्टा तिनीहरुलाई अंग्रेजीमा परिणत गर्नु

९. राष्ट्रियता, नैतिकता, अध्यात्मभावना र विश्वबन्धुत्व जस्ता कुरालाई शब्दले मात्र दोहोऱ्याउनु ।

१०. संस्कृतज्ञहरुको अध्यापन प्रणाली र विचारधारामा युगानुरूप रूप नदेखिनु ।

११. गुरुज्यू पुरोहित जस्ता सम्मानित पदमा नियुक्त हुन आवश्यक योग्यताको उल्लेख नहुनु र त्यस्तामा विशिष्ट संस्कृतज्ञलाई स्थान नमिल्नु ।

१२. मठमन्दिर जस्ता धार्मिक स्थानका अधिकारी र कर्मचारीमा पनि संस्कृतज्ञ हुनु पर्ने जरूरत नहुनु ।

१३. प्रचलित विवाह व्रतबन्ध आदि संस्कारको आवश्यकता कानूनी रूपमा स्वीकृत नहुनु र पौरोहित्य वृत्तिलाई सर्वथा छोड्न वा सम्मानित रूपमा राख्न पनि नसक्नु ।

उत्थानमा हेतु

माथि जुन अनुत्थानमा कारण देखाइए तिनीहरूको अभाव पक्ष उत्थानमा कारण हुन्छन् ।

मन्तव्य

प्रा० भवानी प्रसाद मिश्र
वा. सं. म. वि.

हामी सनातन धर्मावलम्विहरूको मात्र लागी भन्नु त कुन कुरा हो र, वास्तवमा संस्कृत भाषा अर्थात् देववाणीको विश्वजन हितार्थ नै नितान्त आवश्यक छ, अझ हामी जस्तो आर्य तथा हिन्दू जातीको लागि त श्वासको लागी वायुको भन्दा पनि बढ्ता आवश्यक पर्दछ । किनकि वायु त भौतिक जीवनको लागि मात्र आवश्यक छ । संस्कृत शास्त्र त भौतिक तथा आध्यात्मिक दुवै प्रकारका अस्तित्वको लागि उत्तिकै आवश्यक छ, यस्तो अमृत वाणीको शिक्षाको उत्तरोत्तर हाम्रो समाजमा हामीले विकाश गराउन सकेनौं भने हामी मृत तुल्य मात्र होइन त्यो भन्दा पनि हाम्रो अधिक हानी हुन्छ । वेद, उपनिषद, मन्त्र, तन्त्र इत्यादिको लागी पात्र हेरिकन मात्र अध्ययनको अधिकार दिइए तापनि संस्कृत भाषाको ज्ञानको त जाती, पाती, लिङ्ग तथा रंग भेद नगरिकन सबैलाई नै अधिकार दिनुपर्छ, हाम्रा सम्पूर्ण अंग्रेजी हाई स्कूल तथा कलेजहरूमा शुरुदेखि अन्तसम्म १०० नम्बरको अनिवार्य संस्कृत हुनुपर्छ । यसो गर्नलाई कथं केही बाधा पर्न

आएमा पनि नेपालीको पत्रमा ८० नम्बर संस्कृतलाई र बाँकि २० नेपालीलाई राखिएमा मात्र सहि मानेमा नेपाली भाषाको विकास हुन सक्तछ, जातीपातीको भेद नगरी शुद्ध संस्कृतका छात्रहरूलाई निःशुल्क शिक्षा तथा बृत्तिको प्रवन्ध अनिवार्य छ।

वर्तमान समयमा संस्कृत शिक्षाका ह्रासका कारणहरु

प्रा० देवराज पौडेल

१) विदेशी सांस्कृतिक विजिगीषुहरूकै इसाराको आधारमा देशको शिक्षा-नीति निर्भर रहनु।
२) संस्कृतका विद्वान्हरूको संस्कृत-शिक्षा विकाशमा संरम्भहीनता।
३) ओजः शून्य विशेष लक्ष्यहीन अनुपस्कृत अध्ययन अध्यापन विधि।
४) आर्थिक प्रलोभनको कमीले छात्रहरूमा अनुशिष्ट भई आत्मविश्वास साथ दृढ जिज्ञासु बन्ने भावना नहुनु।
५) विशेष रूपले प्राथमिक र माध्यमिक कक्षाहरूको लागि उपयुक्त सामयिक र प्राञ्जल पाठ्यपुस्तकको अभाव।
६) छात्र अध्यापक दुबैमा अध्ययन-प्रवृत्तिको कमी।
७) छात्र-संस्थान राजनैतिक अखाडा बन्नु।
८) यस शिक्षाका उपासकहरूको जिज्ञासा शून्य प्रवृत्ति।
९) विद्यालय महाविद्यालयहरूको प्रशासनिक शिथिलता।
१०) लोकसेवा आयोगको अध्यापक चुनने गलत नीति।
११) पठन-पाठन-प्रणाली अप्रगतिशील एवं उपेक्षापूर्ण।

स्थानः—ठूलाखर्क, अर्घाखाँची, लुम्बिनी अञ्चल,
चिदीका-मतिपुर, गाउँपञ्चायत,
खेमराज ज्ञवाली-साहित्यवेदान्ताचार्य :
आई० ए०

वेद र संस्कृतको आत्म निवेदनद्वारा संस्कृत अनुत्थान र उत्थानको विमर्श

यस जगत्मा विशाल परिवर्तनको धारा चलिरहन्छ, यस धाराभित्र अनेक प्रवाह बगिरहन्छन् । यसैमा चतुर्युग तथा चारवेद एवं युगानुकूल संस्कृतिको प्रभाव पर्नु प्रकृति र त्यस समयका जनताको माग हो र माग पूर्ण गर्नु राजा र प्रशासक अधिकारीवर्गको मुख्य कर्तव्य हो । युग र संस्कृत-संस्कृतिले धर्म संस्कृति-राष्ट्रियता देशभक्ति स्वदेशी वेषभूषा-मातृभाषा-राष्ट्र भाषा-आफ्नू पुस्तौंदेखि चलिआएको कुल परम्परालाई छाड्नु पर्छ भन्ने शिक्षा कदापि दिन सक्तैन, र दिएको पनि छैन, भूत भविष्यत्-वर्तमान यी तीनै कालमा उक्त विषयलाई त्याग गर्ने शिक्षा दिने पनि छैन, यो सत्यकुरा हो । युग चार छन् र वेद पनि चारै छन् । सत्य-त्रेता—द्वापर—कलि—यिनीयुग र ऋग्वेद-यजुर्वेद— सामवेद - अथर्ववेद— यिनी वेद हुन् । अवान्तर वक्तव्य यो छकि—प्रत्येक युग र प्रत्येक दिनमा क्रमशः चारै युग घुमीनै रहेका छन्, यो वस्तु ज्योतिर्विद्याद्वारा ज्ञेय हो । सत्ययुगमा धर्मचारै पाउले पूर्ण रहन्छ । राजा र प्रजाको संबन्ध पिता र पुत्रको जस्तो स्नेहपूर्ण र छलकपटशून्य हुन्छ । सत्यमा सबैले तपस्या-ईश्वर- साक्षात्कार-ज्ञान ध्यान-सत्कर्म गर्ने, वेद पढने पढाउने, संस्कृत भाषाको माध्यमले सर्व व्यवहार चलाउने

तथा शासकवर्गले राज्यशासन सञ्चालन गर्ने गर्दा पनि गाई, ब्राह्मण, देवता, वेद, अतिथि, गुरु, साधु, मान्यजनको सेवा गर्नुको साथै राजा र प्रजा सबैमा सत्य व्यवहार चलेकै थियो। बेकारी समस्या र अनिकाल भन्ने नाम मात्र पनि थिएन। पञ्चायती प्रशासन रामराज्यकोनीति यथार्थरूपमा चलेकै थियो। वेदको विज्ञान चारै युगलाई सुहाउँदो र लाभकारी अवश्य छ, परन्तुत्यसको उपयोग र उपभोग गर्नु बुद्धिमान् राजा र प्रजाको कर्तव्य हो र, त्यसमा अविश्वास अश्रद्धा गर्नु पनि दुवैको दुर्भाग्य हो। यो पूर्ण गर्न, सत्यता-अहिंसा-धार्मिकता -नैतिकता आत्मविश्वास-वेदमा-गुरुमा—स्मृतिमा—परम्परामा-विश्वास हुनु नितान्त आवश्यक हुन्छ। शास्त्रको आज्ञापालन गर्नु नै मानवता हो, उल्लङ्घन गर्नु पूर्ण दानवता हो भन्ने कुरा त्रिकाल सत्य हो। "सत्यमेव जयतेनानृतम्"। विद्ययाऽमृतमश्नुते"। "यतो धर्म स्ततो जयः"। "संगच्छध्वंसंवदध्वं" "सहनौ अवतु सहनौ भुनक्तु" यी आदर्शवाणीका विचारधारामा जनताको विश्वास हुँदा सुख र शान्ति थियो। कुनै चिन्ता थिएन। चिन्ता थियो—सत्कर्म, न्याय, धर्म, कर्म, वेदशास्त्र, यज्ञयागादि, ब्रह्मज्ञान, देश कल्याणादि सत्कर्म, आदि सत्कार्यको त्रेतामा तपस्या, यज्ञमा विश्वास, सत्कर्म, वेदादिमा विश्वास धर्मनीति, सदाचार, संस्कृतको पठन पाठनमा श्रद्धा र विश्वास थियो। द्वापरयुगमा पनि सत्यत्रेतामा जस्तै धेरैकुराको समानता रहेको थियो। अब क्रमशः कलिको अवतार भयो। यस युगमा पनि आदिकालमा

राज्य व्यवस्था राम्रोसित चलेकै थियो, सबै युगमा 'यथा राजा तथा प्रजा'' भन्ने उखान सत्य र सार्थक हुन सक्तछ, परन्तु—समझनु मानवको बुद्धिको कसौटी हो । यसमा— कालिदासको उक्ति सत्य प्रतीत हुन्छ । "तंसन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः । हेम्नः संलक्ष्यते ह्यग्नौविशुद्धिः श्यामिकाऽपिवा ।" तथास्तु। राजा र प्रजाको सम्मितिले जुन भाषा—जुन धर्म जुन संस्कृति चलाउन सक्यो, उही नै चल्न सक्तछ, यसमा युग र परिवर्तनको दोष भन्नु आफ्नै ठूलोदोष हो। अतएव शास्त्रमा भनेको छ कि—सर्वप्रथम आफूलाई हेर, अनि अरुलाई हेर, र आत्मा-परमात्माको विचार र खोज गर । त्यसो गरेमा जीवन सफल हुन्छ । आफ्नु धर्म र जातलाई विर्सनु नै संस्कृत र संस्कृतिको मुख्य पतन हो। अर्को मुख्यकारण यो पनि छ विदेशीवस्तु, विदेशी भाषा, विदेशी विज्ञान आदिमा पूर्ण विश्वास गर्नु, आत्मीय वस्तुहरूमा अविश्वास र अश्रद्धा गर्नु नै संस्कृतको पतनको कारण, र यसको विपरीत गरेर; आत्मीय वस्तु, आत्मीय संस्कृतिमा विश्वास उत्थानका उपाय हुन् ।

संस्कृत अनुत्थानका कारण र संस्कृत उत्थामका उपायहरू

संस्कृत अनुत्थानका कारणहरू:—

१) सर्वप्रथम संस्कृतलाई व्यवहार र दैनिक कार्यका प्रयोग नगर्नु तथा पूर्ण उपेक्षा गर्नु ।

२) संस्कृतलाई राष्ट्रभाषा बनाउन प्रयास नगर्नु ।

३) संस्कृतलाई सरल तथा सरस बनाई मातृभाषा बनाउने प्रयास नगर्नु ।

४) संस्कृतलाई व्यवहार तथा प्रयोगमा नल्याउने काम गर्नु ।

५) संस्कृत भण्डारमा रहेको विज्ञान राशिको राजा विद्वान् तथा जनताद्वारा उपेक्षा गर्नु ।

६) संस्कृतका विद्वान् संस्कृतज्ञ छात्र छात्राहरूलाई शिक्षा विभाग—संस्कृत विभाग तथा अन्य उच्च पदमा अयोग्य भनी नराख्नु ।

७) संस्कृतज्ञ तथा आयुर्वेदज्ञ विद्वान्हरूलाई मन्त्री र सचिव आदि पदमा नराख्नु ।

८) मन्त्रालयमा अरु विभाग झैं संस्कृत र आयुर्वेद विभाग नराख्नु !

९) पण्डित वर्ग र संस्कृत प्रेमीहरूले आफ्ना छोरा छोरीलाई श्रद्धापूर्वक संस्कृत नपढ़ाउनु ।

१०) सबै समाजले संस्कृतको उपेक्षा गर्नु तथा संस्कृतमा व्यावहारिक पुस्तक नलेख्नु ।

११) संस्कृतका ठूल-ठूला पण्डित वर्गले शास्त्रार्थको गर्वले संस्कृतका कठिन ग्रन्थ निर्माण गरी साधारण जनताले संस्कृतलाई बुझ्न नसक्ने बनाई जनभावनाबाट संस्कृत लाई उपेक्षा गर्नु ।

१२) वेद उपनिषद् धर्मशास्त्रस्मृति शिक्षाशास्त्र त्रिस्कन्धज्यौतिष त्रिविध गणित भूगोल अर्थशास्त्र राजनीति शास्त्र वेदको विज्ञान भाग अन्य संस्कृतका व्यावसायिक शिक्षाप्रद ग्रन्थ हरूलाई पाठ्यक्रममा नराख्नु ।

१३) परिवर्तन अनुसार सरस सरल वैज्ञानिक व्यावसायिक व्यावहारिक संस्कृत पुस्तकको निर्माण नगर्नुर साथै स्वतन्त्र

एक संस्कृत विश्वविद्यालयको सञ्चालन गर्ने प्रयास नगर्नु ।

१४) कठिन ग्रन्थहरूलाई सरल र सरस बनाई रचनात्मक शिक्षा नदिनु, वेद उपनिषदुक्त गुरुशिष्यको मर्यादा नबुझी नौकरीको मतलब मात्र पूर्ण गर्दै छात्र छात्रालाई संस्कृत बोल्न नसिकाउने तथा स्वयंगुरु वर्गले बोल्न स्वयं अत्यन्त लाज मान्नु ।

१५) संस्कृतलाई जनजीवनोपयोगी बनाई जनसाधारणमा पनि संस्कृतको प्रसार नगर्नु, अहङ्कारगर्दै आफ्नु वर्गमा मतभेद झगडा ईर्ष्या वैमनस्य गर्नु, संस्कृतज्ञहरूको प्रबलसंघ नखोल्नु; अरु वर्गलेझैं संस्कृतज्ञवर्गले र धनीवर्गले संस्कृत पढ्ने छात्र-छात्राहरूलाई आर्थिक सहयोग र आर्थिक पुरस्कार नदिनु, संस्कृतका पत्रपत्रिकाको प्रकाशन नगर्नु, सरकारले तलैदेखि माथिसम्म संस्कृतको उपेक्षा गरी संस्कृत प्रधान पाठशाला र संस्कृत महाविद्यालयका रिक्त पदहरूलाई पूर्ति गर्ने कानून मात्र खोजी संस्कृत र संस्कृतज्ञहरुको सम्बन्धमा कुरा गर्न पनि लाज मान्नु ।

संस्कृत उत्थानका उपायहरू:—

१) वर्णमालाको रचना वेद उपनिषदुक्त शिक्षावल्ली तथा शिक्षाध्यायको नियमानुसार गर्ने, तथा १ कक्षादेखिनै उक्त वर्णमालाको पठन पाठन सञ्चालन गर्ने, श्रद्धा पूर्वक विश्वासको साथ शुरुदेखि नै बालक बालिकालाई मातृभाषा तथा संस्कृत भाषालाई समानदृष्टिले बोल्न सिकाउने गर्नाले संस्कृतको पूर्ण उत्थान हुनसक्छ ।

२) संस्कृत साहित्यमा विद्यमान विज्ञान, विभिन्न व्यावसायिक शिक्षा, आयुर्वेद योगविज्ञान, कृषि विज्ञान, वैदिक विज्ञान शिक्षाध्याय, शिक्षाशास्त्र, विविध वैज्ञानिक ग्रन्थहरूको

सरल संस्कृत भाषा माध्यमले पठन पाठनको प्रारम्भ गर्नु ।

३) श्री ५, श्री ५ को सरकार, धनी, मानी, विद्वान्, व्यापारी, कर्मचारी, साधारण जन समाज, नरनारी वर्ग, आबाल बृद्ध, सबैले संस्कृतलाई प्रथम स्थान दिने र आर्थिक सहयोग दिने ।

४) संस्कृतलाई सरल, सरस क्रियाशील बनाउने ।

५) संस्कृतज्ञ, संस्कृत शिक्षार्थी, बालक बालिका, संस्कृतप्रेमी, जनतालाई आजीवन श्री ५ को सरकारले भोजन, आवास जीविका प्रदान गर्ने व्यवस्था गरिदिने ।

६) संस्कृतज्ञहरूलाई श्री ५ को सरकारले पूर्ण आर्थिक व्यवस्था मिलाई दिएर अनुसन्धान सम्बन्धी ग्रन्थनिर्माणमा नियुक्त गर्ने, साथै अरु प्रशासकहरूको समान वेतन दिने समेत कार्य पूर्ण गर्ने ।

७) यावत् व्यवहार, दैनिक कार्य, पत्र पत्रिका प्रकाशन, समाचार पत्र. सरल, सरस, संस्कृत भाषामा लेखेर जनसमाजमा पुऱ्याउने ।

८) संस्कृत भाषा माध्यमनेन सम्पूर्ण व्यवहारलाई सञ्चालन गर्ने प्रबन्धार्थ, संस्कृतमा रहेका विज्ञानको सरल व्याख्या र अन्य अंग्रेजी साहित्यमा विद्यमान विज्ञानको संस्कृतमा अनुवाद गरी छिटो छरितो बनाई पाठ्यक्रममा राख्ने ।

९) संस्कृत र नेपाली भाषालाई समानरूपले आदर गर्ने र पाठ्यक्रममा राख्ने, साथै आ-आफ्ना बालक बालिकालाई प्रारम्भ देखि नै संस्कृत बोल्न सिकाउने ।

१०) संस्कृतका सुन्दर प्रार्थना सम्बन्धी राष्ट्रिय भावनामय— पद्यहरू १ कक्षा देखि नै बालक बालिकाहरूलाई कण्ठस्थ गराउने ।

११) पाठ्यक्रमको प्रारम्भमा—सरल संस्कृत शब्दकोश—अष्टाध्यायी—सूत्रपाठ—सुन्दर—रघुवंशका पद्यांश—हितोपदेशसार—पञ्चतन्त्रसार— नीतिशतकसार— शिक्षाध्याय सार— तैत्तिरीयोपनिषद्को— संस्कृतविश्वविद्यालयद्वारा निर्मित—बालसाहित्यहरूको पठन पाठनगर्ने ।

१२) नेपाली भाषाको जननी संस्कृतभएकोले संस्कृत तथा जननीकोसमान दृष्टिगर्दै, नेपाली र संस्कृतको तुलनात्मक दृष्टिले एकसाथ पठन—पाठन—व्यवस्था सञ्चालन गराउनेकार्य श्री ५ को सरकारले गर्ने तथा गराउने ।

१३) पाठ्यक्रममा संस्कृत तथा नेपाली भाषालाई प्रथम-स्थानदिने—अंग्रेजी—हिन्दीलाई द्वितीयस्थान दिने—अन्यविदेशी भाषालाई तृतीयस्थानमा राख्ने ।

१४) शिक्षायोजनामा आफ्नो संस्कृति-राष्ट्रियता—स्वदेशी कला—स्वधर्म—स्ववस्तुको प्रयोग—स्वदेशी शिक्षामा— आविश्वास-तथा श्रद्धा गर्ने ।

१५) स्वदेशी वस्तुको उत्पादनमा ध्यानदिने—कारखाना खोल्ने—देशलाई स्वावलम्बी बनाउने—प्रेष—पुस्तकालय—आयुर्वेद— औषधालय—ब्रह्मचर्याश्रम—वेद—वैदिक विज्ञानको शिक्षादिने विद्यालयहरू खोल्ने— साधु —सन्त—ब्राह्मण—महिला—प्रत्येक—नागरिकले—संस्कृत र नेपाली भाषामा—पूर्ण—शिक्षाप्राप्त गर्न, ठूलो परिश्रम तथा श्रद्धा गर्ने ।

२०२८।८।१८।७।

द्वितीया तिथि :

श्रीः

नेपाल-संस्कृत-परिषद्को कार्यसमिति र त्यसको आह्वान—

शिवराज आचार्य
सचिव,
नेपाल संस्कृत-परिषद्
२०२८।९।१६।६।

१) अध्यक्ष - श्री जुननाथ पण्डित, प्राध्यापक, वाल्मीकि संस्कृत महाविद्यालय ।

२) उपाध्यक्ष श्री मुकुन्द्रनाथ भट्टराई " " " " "

३) सचिव— श्री शिवराज आचार्य प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ।

४) कोषाध्यक्ष - श्री ऋषिराम पोखरेल " " " " "

५) सहसचिव— श्री खेमराज ज्ञवाली, प्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय दाङ ।

६) सदस्य- श्री दुर्गाप्रसाद दवाडी, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ।

७) " श्री तेजकेशरि शर्मा प्राध्यापक, शिक्षा महाविद्यालय (कलेज अफ् एजुकेशन)

८) " श्री विष्णुप्रसाद न्यौपाने, शिक्षक, रानीपोखरी संस्कृत-प्रधान पाठशाला।

९) " श्री विष्णुप्रसाद ज्ञवाली प्राध्यापक, कपिलवस्तु इण्टर कलेज।

१०) " श्री लेखनाथ कोइराला। सम्पादक विश्वात्म-दर्शन

११) " श्री जीवनराज वाग्ले।

उपर्युक्त कार्य समितिको गठन भएकोछ संस्कृत-परिषद्को विधान सँगै मुद्रितछ। यसका उद्देश्यहरू प्राप्तगर्नकालागि यस परिषद्लाई सहयोग गर्न प्रत्येक संस्कृतज्ञ र संस्कृत प्रेमीहरूलाई अनुरोध गरिन्छ।

यस परिषद्को सफलता प्रत्येक संस्कृतज्ञ तथा संस्कृत प्रेमीहरूको सक्रिय सहयोग विना हुन नसक्ने हुँदा सबैको बौद्धिक एवम् आर्थिक सहयोग र समर्थन नितान्त वाञ्छनीय छ। नेपालमा संस्कृतको वर्तमान स्थितिमा ध्यान राखी संस्कृत सम्बन्धी यस प्रकारका संस्थाको आवश्यकता अनुभव गरिएकाले नै यस संस्थाको गठन भएको हो। तसर्थ यस संस्थालाई हुर्काउनु सबै संस्कृतज्ञ संस्कृत प्रेमीहरूको कर्तव्य हो भन्ने कुरा संझाइ रहनु त्यति आवश्यक भैरहोइन।

नेपाल संस्कृत-परिषद्को-विधान

१. नाम—यस संस्थाको नाम नेपाल-संस्कृत-परिषद् रहनेछ।

२. कार्यालय—यसको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र आवश्यकतानुसार देशका अरु कुनै भागमा सार्न पनि सकिनेछ।

३. यो शुद्ध शैक्षिक सांस्कृतिक र सामाजिक संस्था हुनेछ ।

४. उद्देश्य – यस परिषद्का उद्देश्यहरू तल लेखिए अनुसार हुनेछन्:—

(क) नेपालमा संस्कृत भाषाको र तन्निष्ठविद्या एवम् वैदिक संस्कृतिको संरक्षण, संवर्द्धन र प्रसारका निमित्त संस्कृतज्ञ र संस्कृत प्रेमीहरूलाई सङ्गठित गराई प्रयत्न गर्नु ।

(ख) संस्कृतको शास्त्रीय र व्यावहारिक पक्ष समेत जन समक्ष प्रस्तुत गर्ने अन्वेषण पूर्ण लेख र संस्कृतलाई लोकप्रिय बनाउन आवश्यक संस्कृत सम्बन्धी रचनाहरू सङ्कलित गरि पत्र—पत्रिका प्रकाशित गर्ने प्रयत्न गर्नु ।

(ग) संस्कृतको समुन्नतिका लागि आवश्यक मार्ग-निर्देशनार्थ समय-समयमा विद्वद् गोष्ठीको व्यवस्था गर्नु ।

(घ) संस्कृत र तन्निष्ठ संस्कृतिको व्यापक प्रसारगर्ने योजना बनाई कार्यान्वित गर्न र गराउन प्रयत्न गर्नु ।

(ङ) मिल्दा-जुल्दा उद्देश्य राख्ने अरु संघ–संस्थाहरूसित सहयोगको आदान-प्रदान गर्नु ।

५. सदस्यता — संस्कृतज्ञ र संस्कृत प्रेमी प्रत्येक नेपाली यस परिषद्को सदस्य बन्न सक्नेछ । सदस्यशुल्क वार्षिक रु. १/ हुनेछ ।

६. परिषद्को दुई वर्षे अधिवेशन, र त्यसको कार्य—अञ्चल—अञ्चलका यस परिषद्का साधारण सदस्यहरूका प्रतिनिधि-

हरूको दुई वर्षे अधिवेशन देशव्यापी रूपमा गरिनेछ र यस अधिवेशनले कार्य समितिका पदाधिकारीहरूको र सदस्य-हरूको चयन गर्नेछ, तर पहिलो कार्यसमितिका पदाधिकारीहरूको र सदस्यहरूको चयनभने तत्काल उपस्थित संस्कृतज्ञ र संस्कृतप्रेमीहरूका सम्मतिले गरिनेछ ।

७. दुई वर्षे अधिवेशनको गणपूरक संख्या अधिवेशनको निमित्त सूचना प्रकाशित गर्दा कार्य समितिले निर्दिष्ट गरेको मतदाताहरूको सम्पूर्ण संख्याको आधा ($\frac{1}{2}$) हुनेछ ।

८. दुई वर्षे अधिवेशनमा प्रत्येक अञ्चलका यस परिषद्का शाखाहरूबाट आएका यस परिषद्का सदस्य भएका प्रतिनिधिहरूले मतदाताकारूपमा भाग लिनेछन्, तर शाखा खुल्न नसकेका अञ्चलबाट भने केन्द्रीय कार्य समितिले मनोनीत गरेका प्रतिनिधिहरूले नै मतदाताका रूपमा भाग लिनेछन् । अरु साधारण सदस्यहरूले पर्यवेक्षकका रूपमा भाग लिन सक्ने छन् ।

९. परिषद्को दुईवर्षे अधिवेशनले कार्य समितिले प्रस्तुत गरेको कार्य विवरणको आधारमा परिषद्को कार्यका मूल्याङ्कन गरी परिषद्को आगामी मुख्य कार्यक्रमको सामान्यतया निर्देश गर्नेछ ।

१०. दुई वर्षे अधिवेशनले अञ्चल–अञ्चलमा यस परिषद्को प्रचार र सङ्गठन गर्ने-गराउने उत्तरदायित्व दिई अञ्चल

कार्यकर्ताको नियुक्ति गर्न सक्नेछ । त्यस्तो अञ्चलकार्यकर्ताले केन्द्रीय कार्य समितिको निर्देशनमा रही आफ्नो कार्य गर्नेछ,

११. दुई वर्षे अधिवेशनको सूचना अधिवेशन हुने समयभन्दा ३ मैना अगिनै कार्य समितिले पत्र-पत्रिकामा प्रकाशित गर्नेछ । त्यस सूचनामा कुन कुन अञ्चलबाट कति कति मत दाताले भाग लिने भन्ने कुरा पनि सूचित गरिनेछ ।

१२. दुई वर्षे अधिवेशन प्रत्येक दुई वर्षमा साधारणतया फागुन वा चैत मैनामा बोलाइने छ ।

१३. दुई वर्षे अधिवेशनले चयन गरेका कार्य समितिको कार्यावधि चयन भएका मितिदेखि दुई वर्षको हुनेछ । तर पैलो कार्य समितिको कार्यावधि भने चयन भएका मितिदेखि १५ मैनाको हुनेछ ।

१४. परिषद्को उद्देश्य प्राप्त गर्ने कार्यक्रम सम्बन्धी र परिषद्को नियमित सञ्चालन सम्बन्धी सम्पूर्ण उत्तरदायित्व सामूहिक रूपमा कार्य समितिको हुनेछ ।

१५. कार्यसमितिका पदाधिकारीहरू र अरू सदस्यहरू तल लेखिए अनुसार हुनेछन् :—

(क) अध्यक्ष ।
(ख) उपाध्यक्ष ।
(ग) सचिव ।
(घ) कोषाध्यक्ष ।

(ङ) सहसचिव ।

(च) सदस्यहरू ६ जाना ।

२६. कार्यसमितिका पदाधिकारीहरूको र अरू सदस्यहरूको कार्य—

(क) अध्यक्षले परिषद्का सम्पूर्ण कार्यहरूको प्रमुख उत्तरदायित्व वहन गर्नेछ र कार्य समितिको बैठक, बार्षिक साधारणसभा र दुईबर्षे अधिवेशनको अध्यक्षता गर्नेछ,

(ख) उपाध्यक्षले अध्यक्षका कार्यमा विशेष सहयोग गर्ने र अध्यक्षको अनुपस्थिति भएमा अध्यक्षको सबै काम गर्ने छ ।

(ग) सचिवले परिषद् सम्बन्धी कागज--पत्रको र छापको संरक्षण र परिषद्का पक्षबाट गर्नु पर्ने पत्र व्यवहार गर्नेछ, तथा कार्य समितिबाट स्वीकृत प्रस्तावहरूलाई कार्यान्वित गराउन विशेष प्रयत्नशील रहनेछ । परिषद्को दुईवर्षे अधिवेशनमा कार्य समितिबाट स्वीकृत परिषद्को कार्य विवरण प्रस्तुत गर्नु पनि सचिवको कर्तव्य हुनेछ ।

(घ) कोषाध्यक्षले परिषद्का कोषको उत्तरदायित्व वहन गर्ने छ र कार्यसमितिबाट स्वीकृत आय-व्यय-विवरण राखी संक्षिप्तरूपमा दुई वर्षे अधिवेशनमा र वार्षिक साधारण सभामा पनि प्रस्तुत गर्नेछ ।

(ङ) सहसचिवले सचिवको कार्यमा विशेष सहयोग गर्नेछ र सचिवको अनुपस्थितिभएमा सचिवको सम्पूर्ण कार्यगर्नेछ

(च) अरु सदस्यहरूले परिषद्का कार्यक्रम निर्धारण गर्ने काममा र तिनलाई कार्यान्वित गर्ने काममा भाग लिनेछन् ।

१७. सूचना पाएर पनि लगातार तीन पटकसम्म बैठकमा उपस्थित नहुने कार्य समितिका सदस्य र पदाधिकारीको स्थान कार्यसमितिले रिक्त भएको मान्न सक्नेछ र गणपूरक संख्याको निर्धारणका निमित्त त्यस्तो रिक्त स्थानको गणना गरिने छैन ।

१८. कार्यसमितिको नियमित बैठक प्रत्येक ३ महीनामा एकपटक हुनेछ र आवश्यक भएमा जैलेसुकै पनि हुन सक्नेछ ।

१९. परिषद्का कोषको सञ्चालन तल लेखिए अनुसार हुनेछ—

(क) दुइ सय रुपियाँ भन्दा बढी राशी परिषद्का कोषमा एकत्रित हुन आएमा एक सप्ताहभित्र परिषद्का नाममा नेपाल बैङ्क लिमिटेडमा बचत खातामा जम्मा गरिनेछ ।

(ख) उक्त खाताबाट कुनै राशी कार्य समितिको निर्णय अनुसार झिक्न परेमा कोषाध्यक्ष, अध्यक्ष वा सचिव दुई जनाको हस्ताक्षरद्वारा मात्र झिक्न सकिने छ ।

(ग) दुईसय रुपियाँभन्दा बढी परिषद्का कार्यमा व्ययगर्नु पर्दा कार्यसमितिबाट निर्णय भएपछिमात्र व्ययगरिने छ। दुई सय रुपियाँभन्दा थोरै एक सय रुपियाभन्दा धेरै परिषद्का कार्यमा व्यय गर्नु पर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षका परामर्शबाट व्यय गर्न सकिनेछ। सय रुपियाँ भन्दा थोरै राशी परिषद्का कार्यमा व्यय गर्नु पर्दा उपर्युक्त पदाधिकारीहरूमध्ये जो सुकैले पनि व्यय गर्न सक्ने छ।

(घ) भएको सबै व्ययको विवरण कार्यसमितिका बैठकमा प्रस्तुत गरी स्वीकृत गराउन पर्नेछ।

(ङ) अध्यक्ष वा सचिव वा कार्यसमितिका अरु सदस्यहरूले आफूआफूले गरेको आय व्ययको विवरण र आय भएको राशी आय वा व्यय भएको विवरण १५ दिनभित्रै कोषाध्यक्ष लाई बुझाउनु पर्नेछ।

२०. लेखापरीक्षण—प्रचलित नियमानुसार लेखापरीक्षण गराईनेछ र त्यसको परिणाम साधारण सदस्यहरूलाई उपलब्ध हुन सक्नेछ।

२१. परिषद्का सदस्यहरूको वार्षिक साधारण सभा गराई त्यसमा परिषद्को आय व्यय सुनाइने छ।

२२. साधारण सदस्यहरूको वार्षिक सभाले परिषद्को कार्यक्रममा छलफल गरी कार्यसमितिलाई कार्यक्रम सम्बन्धी परामर्श

दिन सक्नेछ ।

२३. वार्षिक साधारणसभा बस्ने सूचना सभा बस्नुभन्दा १ मैना अघिनै पत्र– पत्रिकामा प्रकाशित गरिनेछ ।

२४. वार्षिक सभाको निमित्त साधारण सदस्यहरूका सम्पूर्ण सख्याको पञ्चमांश(१/५) गणपूरक संख्या मानिने छ ।

२५. अञ्चल—अञ्चलमा यस परिषद्का शाखाहरू र जिल्ला जिल्लामा उपशाखाहरू खोल्न सकिने छन् र तीनको संचालन यस विधानको विपरीत नजाने गरी ती ती शाखाले बनाएका केन्द्रीय समितिबाट स्वीकृत नियमानुसार हुनेछ ।

२६. विधान संशोधन—दुई वर्षे अधिवेशनका मतदाताहरूका बहुमतले विधानमा संशोधन गर्न सकिने छ तर मूल उद्देश्य को र तेस्रो धाराको विपरीत हुने गरी कुनै संशोधन गर्न सकिने छैन ।

संस्कृतको अनुत्थानका हेतुहरू र संस्कृतको उन्नतिका उपायहरू

शिवराज आचार्य

२०२८।८।१५

संस्कृतको अर्थात् संस्कृतनिबद्ध विद्याहरूको अवनतिका केही प्राचीनकालिक हेतुहरू—

(१) अत्युपभोग, आलस्य, परिग्रह, लोभ, अभिद्रोह, अनृत

वचन, काम, क्रोध मिथ्याभिमान आदि ।

(२) विद्याको मर्यादामा नबस्नु ।

(३) सच्चा आचार्यहरूको र योग्य अमात्यहरूको मर्यादामा राजाहरू र प्रभावशाली गृहस्थहरू बस्नु पर्नेमा त्यसो नगर्नु ।

(४) विद्या, प्रतिभा र लोककल्याणेच्छालाई भन्दा निरर्थक चाटुकारितालाई राष्ट्रका अभिभावक धनका र बलका धनीहरूले महत्त्व दिनु ।

(५) विद्वानहरूमा विज्ञानवर्धन रुचिको ह्रास हुनु र विद्या बढाउने काम ठप् हुनु, तथा भएका विद्या पनि बिर्सिंदै जानु ।

(६) भारतवर्षमा विदेशीहरूको शासन ।

आधुनिककालमा नेपालमा संस्कृतको अर्थात् तन्निबद्ध विद्याका अनुत्थानका कारणहरू—

(१) राष्ट्रिय आत्मीयताको मूल आधार भएको आफ्नो मौलिक परम्परामा मौखिक श्रद्धा भए पनि दृढभावनात्मक श्रद्धा नहुनु ।

(२) भावनात्मक श्रद्धा भएका व्यक्तिहरूको पनि अन्ध श्रद्धा मात्र हुनु र त्यसलाई यौक्तिक बल दिन नसक्नु, दिंइदा पनि नलाग्नु ।

(३) हाम्रो परम्परा र विद्याका आधारस्तम्भका रूपमा

देखापर्ने गुरु, पुरोहित, विद्वान्, सन्त, महन्त, साधु, योगी, धनी, मानी, बलीहरूमा समुचित व्यक्तित्वको र चरित्रबलको न्यूनता र त्यसले गर्दा उनीहरूले आफ्नो समुचित सामाजिक भूमिका खेल्न नसक्नु ।

(४) आफ्नो परम्परामा अरुका परम्पराका उपादेय कुराहरूलाई आत्मसात् गरी घुलमिल गराउन नसकी आफ्नो परम्परालाई पूरै रूपमा पन्छाई त्यसका स्थानमा अरुका सामाजिक र प्रशासकीय परम्परालाई स्थान दिने प्रवृत्ति ।

(५) "चतुर्भिश्चप्रकारैर्विद्योपयुक्ता भवति आगमकालेन, स्वाध्यायकालेन, प्रवचनकालेन व्यवहारकालेनेति" भन्ने कुरा बिर्सी संस्कृतज्ञहरू विद्याको लक्ष्यरूप व्यवहारमा ध्यान नदिई निरर्थक ग्रन्थ रटाइमा लाग्नु ।

(६) हाम्रा प्राचीन कुन कुन उपलब्धिले बिना परिष्कारै आज पनि हामीलाई काम दिन सक्छन्; कुन कुन उपलब्धिले परिष्कृत गरेमा आजको हाम्रो खाँचो टार्न सक्छन् र के के कुरामा हामीले अरुका उपलब्धिबाट लाभ उठाउनु पर्छ भन्ने कुरामा बिवेक गर्न नसक्नु ।

(७) नेपाली राष्ट्रियताका निमित्त कति मात्रामा वैदिक परम्पराको योगदान हुनु आवश्यक र समुचित छ भन्ने कुरामा देश,काल, परिस्थितिलाई ध्यानमा राखी स्पष्ट विचारको विकास नगर्नु ।

(८) परकीय बलको र प्रभावको बोलबाला चलेको देखि आफ्नो परंपरा र व्यवस्थामा श्रद्धा भएका व्यक्तिहरूले पनि परकीय प्रभावको चरणमा आत्मसमर्पण गर्नु र आफ्नो परम्परालाई र व्यवस्थालाई परिमार्जित गरी देश,काल, परिस्थिति अनुरूप गराई जगाउने कार्यमा हतोत्साह हुनु ।

(९) त्यसरी हतोत्साह हुनाले आफ्नो हातमा भएका शक्तिको र अधिकारको पनि संस्कृतनिष्ठ विद्याको संरक्षण र संवर्द्धनको सच्चा पक्षमा प्रयोग नगर्नु ।

(१०) राष्ट्रिय जीवनका प्राय सबै पक्षमा महत्वपूर्ण योगदान गर्न सक्ने संस्कृतको परम्परालाई केही क्षेत्रमा मात्र सीमित गर्ने कुरामा संस्कृतकै विद्वान्‌हरूले समेत स्वीकृति दिनु ।

(११) संस्कृत सम्बन्धी योजना बनाउने नेपालीहरूका भनाईबाट नेपाली राष्ट्रिय जीवनमा संस्कृतले दिन सक्ने योगदानका विषयमा योजना कार्यान्वित गर्नेहरूलाई स्पष्ट प्रतीति नहुनु; योजना बनाउन लगाउने र कार्यान्वित गर्ने (सरकार) पक्षले संस्कृत सम्बन्धी योजनालाई व्यावहारिक बनाउन योजना निर्माणकालमै आलोचना गरी सहयोग नगर्नु, योजना प्रस्तुत भैसकेपछि केही अव्यावहारिकतालाई निमित्त बनाई पूरै योजनालाई अस्वीकृत वा अनास्था गर्नु । जस्तै-संस्कृत शिक्षा सुधार परामर्शदात्री समितिका प्रतिवेदनको कार्यान्वयनका निमित्त कुनै कदम नचालिनु ।

(१२) गुणको र सत्कार्यको प्रशंसा गर्ने र दोषको र असत्कार्यको भर्त्सना गर्ने शक्तिको र प्रवृत्तिको संस्कृतज्ञहरूमा ह्रास।

(१३) संस्कृत निबद्ध विद्याको संरक्षण, संवर्द्धन र प्रसारगर्न प्रयत्नगर्ने शुद्ध शैक्षिक र सांस्कृतिक लक्ष्य राखेर संघ बनाई नियमित रूपमा प्रयत्न गर्न नसक्नु, भएका सानातिना संघ संस्थालाई पनि संस्कृतज्ञले नै मास्नु।

आजको नेपालमा राष्ट्रियताका साथसाथै संस्कृतको अर्थात् तन्निबद्ध विद्याको संरक्षण र संवर्द्धन र प्रसारका केही मुख्य मुख्य उपायहरू

(१) सामान्य जनतामा र मुख्यतया राष्ट्रका अभिभावकहरूमा आफ्नो मौलिक परम्परामा दृढ तथा भावनात्मक श्रद्धा जगाउनु।

(२) उपर्युक्त श्रद्धा भएका व्यक्तिले उक्त श्रद्धालाई युक्तिको र व्यावहारिकताको बलसमेत दिई अझै दृढ र कार्यकारी बनाउनु।

(३) आफ्नो परम्परामा भावात्मक, दृढ र कार्यकारी आस्था भएका राष्ट्रका प्रमुख अभिभावकहरू गुरु, पुरोहित, विद्वान्, सन्त-महन्त, साधु, योगीहरूले आफ्नो चरित्रलाई तदनुकूल बनाउनु र आफ्नो सम्पर्क र पहुँच भएका जनतामा

र राष्ट्रका अभिभावकहरूमा उपर्युक्त दृढ र कार्यकारी श्रद्धाको विकास गराउन प्रयत्न गर्नु ।

(४) आफ्नो परम्परामा नभएका तर हाम्रो आजको अत्यावश्यक आवश्यकताको पूर्ती गर्न आवश्यक कुराहरूको भरसक मौलिकरूपमा विकास गर्न प्रयत्न गर्नु । नसके अत्यावश्यक कुरामात्र अरुका परम्पराबाट ग्रहण गरी आत्मसात् गर्नु ।

(५) सच्चरित्र–विकासका लागि आवश्यक सामान्य शिक्षाका साथसाथै कुनै व्यवहार विशेषका सम्पादनको लक्ष्य राखी शिक्षा दिने व्यवस्था गर्नु, अर्थात् शिक्षालाई कार्यकारी बनाउनु ।

(६) संस्कृतमा निबद्ध-विद्याहरूमा कुन कुनले त्यसै पनि हाम्रो आजको खाँचो टार्न सक्छन्, कुन कुनमा कति परिष्कार गरे पछि के कति खाँचो टार्न सक्छन् भन्ने कुराको निर्णय गरी वा प्रतीतियोग्य सम्भावना देखाई तदनुसार काम गर्नु ।

(७) नेपाली राष्ट्रियताका आधारभूत आचार-विचार व्यवहारमा स्वदेशी कुनकुन स्रोतबाट के कति कुरा लिनु पर्छ र त्यसमा वैदिक-परम्पराको कति मात्रामा योगदान हुनु समुचित र आवश्यक छ भन्ने निर्णय गरी तदनुसार काम गर्नु ।

(८) परकीय प्रभावको बोलबाला देख्तैमा हतोत्साह

नभई समुचित दिशामा आफुले सक्दो समुचित युक्तियुक्त प्रयत्न गर्नु ।

(९) क्षुद्र-स्वार्थमा नभुली, तुच्छ गुटबन्दीमा नलागी कसैको र कतैको पनि अनुचित प्रभावमा नपरी आफ-आफ्नो हातमा भएको शक्तिको र अधिकारको संस्कृत निबद्ध-विद्याको उन्नतिका पक्षमा प्रयोग गर्नु पर्ने व्यवस्था गर्नु र सबै संस्कृतज्ञहरू त्यसो गर्न चनाखा रहनु ।

(१०) संस्कृत — निबद्ध विद्याहरूबाट हामीलाई प्राप्त हुन सक्ने सबै लाभको निमित्त संस्कृतको अध्ययन अध्यापन हुनुपर्छ, केवल पूजापाठको निमित्त मात्र हैन भन्ने सिद्धान्त अघि सार्नू र ।

(११) संस्कृत सम्बन्धी योजना बनाउँदा—

(क) संस्कृतका नयाँ पिँडिका विद्वान्हरूको र पुराना पिँडिका विद्वान्हरूको बराबर प्रतिनिनित्व भएको र रचनात्मक-आलोचना गर्ने आधुनिक शिक्षा शास्त्री समेत समाविष्ट भएको समिति बनाउनु पर्छ ।

(ख) त्यो समितिले पैन्यै संस्कृत निबद्धविद्याहरूबाट आजका हाम्रा के कति आवश्यकताहरूको कुन रूपमा पूर्ति हुन सक्छ, त्यसको मोटामोटी रूपरेखा अगाडि राख्नु पर्छ ।

(ग) त्यस रूपरेखामा योजना लागू गर्ने [सरकार] पक्षबाट रचनात्मक आलोचना भई संस्कृतले काम दिन सक्ने क्षेत्रको सामान्यतया निश्चय हुनुपर्छ ।

(घ) तत्तत् क्षेत्रमा अभीष्ट लक्ष्य प्राप्त गर्न योजनाको मसौदा हुनुपर्छ ।

(ङ) योजनाका त्यस मसौदाको योजना लागू गर्ने [सरकार] पक्षबाट रचनात्मक आलोचना हुनुपर्छ ।

(च) योजनाको अन्तिम रूप बनेपछि त्यसको स्वीकृति सरकारबाट हुनुपर्छ ।

(छ) योग्य संस्कृतज्ञहरूद्वारा नै योजनाको कार्यान्वयन सम्बन्धी प्रशासनको समेत व्यवस्था हुनुपर्छ ।

(१२) कुनै क्षुद्र—स्वार्थमा, तुच्छ गूटबन्दीमा र कतैको र कसैको पनि अनुचित प्रभावमा नपरी गुणको र सत्कार्यको प्रशंसा र दोषको र असत्कार्यको भर्त्सना गर्ने शक्तिको र प्रवृत्तिको विकास गरी राम्रो नेतृत्व खडा गरी सुनियोजित प्रयत्न गर्नु ।

(१३) संस्कृत निबद्धविद्याको संरक्षण, संवर्द्धन र प्रसार गर्ने शुद्ध शैक्षिक र सांस्कृतिक लक्ष्य राखेर गैरसरकारी व्यक्तिहरू समेत समावेश भएको एउटा संघ खडा गरी त्यसका माध्यमले उक्त लक्ष्य प्राप्त गर्न नियमित रूपमा प्रयत्न गर्नु ।

संस्कृत-अध्ययन

बुद्धिसागर पराजुली
दिनांक: १७ मंसीर ०२८

श्री योगीजी,

नेपाल संविधान अनुसार हिन्दू धर्म मान्ने राष्ट्र हो। हिन्दू धर्म सम्बन्धी साना देखि लिएर बडे बडे ग्रन्थहरू संस्कृतमा छन्। हिन्दूका यावत् दर्शन, कला, शिल्प, काम, वस्तु, नीति, चिकित्सा, विज्ञान, धर्म, आचरण, कृषि, पशुपालन, खगोल, भूगोल, व्याकरण, साहित्य (काव्य), महापुरुषचरित्र, गल्प उपन्यास, भाणक आभाणक, स्मृति, सूत्र, वेद, इतिहास, पुराण, संगीत, नाराच, नाटक, राग, ताल, वाद्य, वाहन, नृत्य, लक्षण, खनिज, शास्त्र, अस्त्र, ज्यौतिष, गान्धर्व, तन्त्र, योग, आयुर्वेद, धनुर्वेद, उपासना, मन्त्र, तन्त्र रस, भस्म, गुटिका, अञ्जन आदिका साना ठूला लाखौं ग्रन्थहरू संस्कृतमा पाइन्छन्। यसरी संस्कृत वाङ्मय हजारौं शाखा उपशाखामा विभक्त छ। संस्कृतको ज्ञानराशि अगाध छ, संस्कृतको सागर अपरंपार छ। त्यसको महत्ता जो कोहीलाई थाहा हुन सक्तैन। तसर्थ त्यस वाङ्मयमा प्रवेश गर्ने अधिकार पनि आपाततः साधारण रूपमा गरिएका अध्ययनका आधारमा मात्र प्राप्त हुँदैन भन्ने कुरा संस्कृत शिक्षा— विशारदले बुझेकै हो र नेपाल हिन्दू—धर्मावलम्बी सार्वभौम प्रभुसत्ता संपन्न राष्ट्र हो

र हिन्दू—धर्मको वास्तविक ज्ञानका लागि संस्कृतज्ञानको के कति आवश्यकता पर्दछ भन्ने कुरा गम्भीर अध्ययनवेद्यकुरा हो।

यसमा नयाँ शिक्षा नीति निर्माण गर्दा विशेषतया रोटी रोजीको मात्र विचार गरिएको बुझिन्छ, तर राष्ट्रको जीवन रोटी र रोजीमा मात्र निहित छैन किन्तु विशेषतया राष्ट्रको जीवन राष्ट्रियतामा र राष्ट्रियता आफ्नो ऐतिहासिक, सांस्कृतिक तथा परंपरागत धार्मिक पृष्ठभूमिमा समेत अवलम्बित हुन्छ । वर्तमान नयाँ शिक्षा योजनाले यस कुराको राम्रो ख्याल पुऱ्याएको जस्तो लाग्दैन। किनभने त्यसमा संस्कृतको गजूर संम राख्ने प्रयास छ, तर जग बलियो छैन। अतएव जगै राम्रो छैन भने गजूर मात्र राम्रो भएर काम सफल हुनसक्तैन। तसर्थ संस्कृतको जग पनि दृढताका साथ बसाल्नु पर्ने कुरामा अझ सोच विचार गर्न श्री ५ को समक्ष शिष्टाचारपूर्वक विन्ती चढाऊ गर्न र श्री ५ को सरकार समक्ष उचित सुझाव दिनु पर्छ।

अर्को कुरा "हात्तिको दाँत मर्दको बात व्यवहार, एकवार भन्दा हुन्न कैल्यै दुइवार" भन्ने नेपालीको उक्ति छ, यसमा श्री ५ महाराजाधिराजबाट दाङमा भएको ठूलो संमेलन जसमा भारतका ठूला ख्यातनाम विद्वान्, सन्त, महन्तहरूको उपस्थिति थियो। त्यहाँ सबैका समक्ष संस्कृत—विश्वविद्यालयको स्थापना बारे हुकूम भैसकेको छ। विश्वका एक मात्र स्वतन्त्र हिन्दू राजाको यो हुकूम सार्थक पार्नु हामी सबैको साझा कर्तव्य हो। वर्तमान शिक्षा नीतिले यस कुराको संझना गर्न भुलेको जस्तो लाग्छ, तसर्थ यस कुराको जोडदार संझना श्री ५ मा र श्री ५ को सरकारमा गर्नु गराउनु पर्ने देख्छु।

नेपालमा संस्कृतभाषाको अनुत्थानका कारण र यसको उन्नतिका उपायहरु

(संक्षेप एवं सूत्ररूपमा)

–प्रा. शिवगोपाल रिसाल

अनुत्थानका कारणहरू:—

१. संस्कृत भाषालाई व्यवहारमूलक बनाउन कसैको प्रयास भएन ।

२. संस्कृत भाषाप्रति सरकारको उदासीनता ।

३. संस्कृतका ज्ञाताहरूकै यसप्रति अविश्वास ।

४. अंग्रेजीका ज्ञाताहरूको यसप्रति अनादर र बेवास्ता ।

५. संस्कृत भाषालाई सरलीकृत गराउनेतिर कसैको दृष्टि गएन ।

६. संस्कृतका सच्चा सेवकहरूलाई प्रोत्साहन दिइएन ।

७. संस्कृत भाषा – भण्डारभित्र भएका महान् विशेषताहरू एवं उपयोगिताहरूसँग सामान्य जिज्ञासु जनताहरू परिचित भएर लाभान्वित हुन पाएनन् ।

८. संस्कृत भाषालाई जनजीवनमा भिजाउनर, लोकप्रिय बनाउन संस्कृतज्ञहरूले नै रुचि देखाएनन् ।

९. अन्य भाषाका उपयोगी ग्रन्थहरूको संस्कृतमा र संस्कृतका

उत्तम ग्रन्थहरू अन्य भाषाहरूमा अनुवाद गराउने तर्फ सम्बन्धित कसैको पनि दृष्टि पुगेन।

१०. संस्कृतका विद्वान्हरूले मौलिक उपयोगी ग्रन्थहरूको निर्माणद्वारा आफ्नो ज्ञानको परिचय दिएर अरूलाई आकर्षण गर्ने तर्फ उदारता र साधना देखाउन सकेनन्।

संस्कृत भाषाको उन्नतिका उपायहरू:—

१. संस्कृतका विशेषज्ञहरू र सरकारको संयुक्त प्रयासबाट यसलाई सकेसम्म सरलीकृत गराउँदै जीवनमूलक एवं युगोपयोगी बनाउने तर्फ विशेष दृष्टि दिनु वाञ्छनीय देखिन्छ।

२. संस्कृत भाषामा भएका ज्ञान—विज्ञानका विशेषताहरू जनजीवनमा प्रस्तुत गरिनु पर्छ।

३. डेढ, दुइ वर्षे पाठ्यक्रम बनाएर संस्कृत भाषालाई अरु भाषाहरू पढ़ाए झैं पढाउने व्यवस्था हुनु आवश्यक छ।

४. संस्कृत भाषामा नियमित रूपमा पत्र—पत्रिकाहरू, सचित्र बाल साहित्यहरू प्रकाशन गरी व्यापक रूपमा प्रचार गर्नु पर्दछ।

५. संस्कृतज्ञहरूले लेखेर-लेखाएर, बोलेर-बोलाएर, संकुचितता-लाई मिल्काएर, उदारतालाई अंगालेर जनतामा भिजेर यसको उन्नतिमा अग्रसर हुनु पर्दछ।

६. संस्कृत भाषालाई प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा अनिवार्य गराउनु पर्छ।

७. संस्कृत भाषा र हाम्रो राष्ट्रिय जीवनमा भएको अभिन्न सम्बन्धको यथार्थ बोध जनजीवनमा गराएर यसको उपयोगिता देखाउँदै लोकप्रियता बढाउने तर्फ विशेष प्रयत्न हुनु पर्दछ।

८. संस्कृत भाषाको माध्यमबाट हुने ज्ञानलाई एकांगी, निरपेक्ष र सैद्धान्तिक मात्र नबनाएर बहुमुखी, व्यावहारिक, जीवन सापेक्ष र प्रयोगात्मक बनाएमा यसको राम्रो उन्नति हुने देखिन्छ।

९. संस्कृत भाषाका सच्चा सेवकहरूलाई विशेष प्रोत्साहन दिइनु पर्दछ।

१०. राष्ट्र भाषाको जननी-भाषा, राष्ट्रिय धर्म, राष्ट्रिय दर्शन, राष्ट्रिय संस्कृति, राष्ट्रिय साहित्य, संगीत, कला र संपूर्ण राष्ट्रिय जीवनकै मूल आधार संस्कृत भएकोले यसको समुन्नतिको लागि, शासक-प्रशासक, योजनाकार-सल्लाहकार, शिक्षाविद्-शिक्षक, प्राविधिक-लेखक, जनता नेता सबैको भित्रदेखि नै आस्था, श्रद्धा, प्रेम र विश्वास भएको खण्डमा संस्कृतको उन्नतिमा कहिा पनि शंका रहँदैन।

श्री

विषय व्यापक छ तापनि सूचनानुसार थोरैं शब्दमा आफ्नो मन्तव्य प्रस्तुत गर्दैछु

प्रा० रोहिणीराज भट्टराई

पहिले शिक्षा कर्तव्यको बोध, नैतिकता, चारित्रिक उत्थानका निमित्त मानिन्थ्यो र त्यसैको निमित्त लिइन्थ्यो। परिस्थिति बदलिएकोले आज शिक्षा जीविकोपार्जनका निमित्त लिइन्छ; कर्तव्यबोध, नैतिकता- चारित्रिक उत्थानको काम खुशामद,नातावाद, कृपावादबाट पूरा गरिन्छ । त्यसैले शिक्षाको मूल उद्देश्य उपेक्षित छ । पश्चिमी व्यापारी आदर्शको प्राधान्य भएको यस युगमा यस्तो हुनु र संस्कृतप्रति केवल देखावटी आस्था, आन्तरिक उपेक्षा हुनु कुनै नौलो कुरा होइन ।

आज संस्कृत शिक्षा पनि कर्तव्यबोधका निमित्त नलिई जीविकोपार्जनका निमित्त नै लिइने हुनाले र त्यसबाट कुनै जीविकोपार्जनको साधन नभेट्टाइने हुँदा कसैले यसलाई लिन चाहँदैनन् र यो उपेक्षित छ । यसलाई पुनः उत्थान गर्न सर्वप्रथम

संस्कृतज्ञहरूलाई जीविकाको बाटो खुलाइ दिनु पर्छ । त्यसका लागि त्रैमासिक मर्यादा पत्रिकाको हाम्रो भनाई अनुसार मिडिल क्लाशको प्रथम बर्षदेखिनै १०० नम्बरको संस्कृत अनिवार्य गराइएमा संस्कृतज्ञहरूले पनि अधिराज्यका प्रत्येक मिडिल स्कूल र हाईस्कूलमासमेत स्थानपाउने भई जीविकोपार्जनको साधन उपलब्ध हुन्छ । यसले गर्दा अधिराज्यका सबैवर्गको त्यसमा अभिरूचि बढ्छ । त्यसको अतिरिक्त प्रत्येक स्कूलमा अनिवार्य नैतिक शिक्षा पनि तिनीहरूद्वारा दिलाइएमा बालहृदयमा परेको प्रभाव स्थायी रही नैतिकता र कर्तव्यबोधको अभिवृध्दि हुनेछ ।

यो कुरा खेदका साथ भन्नुपरेको छ कि संस्कृतलाई सबैले विशेष गरी अधिकारीहरूले उपेक्षाको दृष्टिले हेरि दिएकोले २१४ विद्यालय छोडी अरु सबैमा जो संस्कृताध्यापक छन् , तिनलाई संस्कृतको ज्ञान राम्रो छैन, त्यस्ताको कामबाट संस्कृत प्रति जनताको अभिरुचि बढ्नुको साटो घट्तै छ र संस्कृतको ऱ्हास हुँदैछ । किनभने विद्यालयका अधिकारीहरू श्राद्ध, न्वारान्, सत्य नारायणको कथा पूजा गराउने जो कोही आफ्ना आश्रित व्यक्तिलाई विशिष्ट संस्कृतज्ञ संझी ती तथाकथित संस्कृतज्ञलाई सस्तो महीनावारीमा नियुक्ति गरी संस्कृत भाषा प्रतिको आफ्नो कर्तव्यको अन्त्य संझन्छन् । परिणामस्वरूप त्यस्ता व्यक्तिद्वारा पढाइएका विद्यार्थीहरूमा बोधको अभाव, उपेक्षा हुन्छ । यी सबै मेरा निजी अनुभव हुन् र यसैको सानो उदाहरण हामी "हिजो आज

भोलि " नामक चित्रपटमा पनि देख्तछौं र अधिकारीहरूको संस्कृतप्रतिको मनोभावना बुझ्दछौं ।

यस्तो कम्जोरीलाई हटाउन अधिराज्यका सबै संस्कृत छात्रावासमा वास्तवमा संस्कृतप्रेमी छात्रहरूलाई स्थान दिई तिनीहरूमध्ये संस्कृत र नेपालीमा व्याकरण, साहित्य, रचना, सदाचारमा विशिष्ट स्थान पाउने उत्तरमध्यमा वा शास्त्री पास भएकालाई प्राथमिकता दिई स्कूलमा नियुक्त गर्नु पर्छ र सरकारी नियम मुताविक आइ०ए०,बी०ए०सरह मासिक दिलाउने प्रवन्ध मिलाउनु पर्छ । यसरी पढाउने संस्कतज्ञहरूलाई अधिराज्यमा ठाउँ-ठाउँमा केन्द्र बनाएर वा छुट्टीको समयमा समूह समूह बनाई, शिक्षाको शिक्षा- पद्धतिको नैतिक ज्ञानको शिक्षा दिने विधि सिकाउनु पर्छ ।

प्रारंभिक शिक्षा राम्रो भएमा छात्रहरूमा संस्कृतप्रति राम्रो भावना पैदाहुन्छ र त्यसबाट राम्रो पाठ सिकी कर्तव्यको बोध र नैतिकतालाई अँगाल्दछन् । त्यसका लागि शिक्षकहरू प्रबुद्ध र सच्चरित्र हुनुपर्छ । त्यस्ता व्यक्तिहरूबाट शिक्षित व्यक्ति अवश्य सच्चरित्र हुन्छ र अभिभावकहरूको प्रति संस्कृतप्रति आस्था बढ्छ ।

यस्तो प्रबन्धको योजना भएमा संस्कृतको उत्थान हुने सम्भावना देख्तछु ।

वर्तमान स्थितिमा संस्कृतलाई बढी प्रभावकारी गराउने एक विचार

गोवर्धन वहादुर कार्की

संस्कृत भन्नाले नै सभ्यताको बोध हुन्छ । सभ्यतालाई नै अर्को शब्दमा आर्यता पनि भनिएको छ । आर्यहरूले अंगालेको भाषा पनि संस्कृत नै हो र त्यस कारण संसारमा आफूलाई सभ्य भनी गर्व गर्ने अधिकांश जाति र भाषाको संस्कृत भाषा र आर्य जाति संग निकटतम सम्बन्ध रहेको देखिन्छ । सभ्यताको चरम सीमामा मानवीय हितका सिद्धान्तका सूत्रहरू यसैको कोषमा उपलब्ध छन् । त्यसैकारण वेदलाई अपौरुषेय मानिएको हो । उपनिषद्, ब्राह्मण तथा स्मृति यसका गहना हुन्, जसले आर्य जातिको महानताको बोध गराउँछ ।

वैदिक विचारले जहिले पनि दिने नै विचार राख्यो । जहिले पनि सहयोगको अनवरत प्रवाहलाई अविच्छिन्न गर्ने गरेको देखिन्छ । यस्तै अनुभूतिले सम्भवतः "सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः ।" भन्ने खालको भावना जनमानसमा उद्भूत हुन सक्यो होला । व्यक्तिको आवश्यकता लौकिक व्यवहार सम्म मात्र हैन पारलौकिक महत्व समेतको अनुभव

गर्ने क्षमता प्राप्त गर्न समर्थ हुन सकेका थिए । तिनै त्याग र तपस्याको उदार संगालोको तेज हिन्दूहरुको "वसुधैव कुटुम्बकम्" भन्ने उक्तिमा चरितार्थ छ ।

विश्वमा सभ्यताको सन्देश बोकेर मानव मात्रको कल्याणको भावना राखी कल र छलले होइन सेवा र सन्तुष्टि दी समाजलाई तृप्त गराउने दधीचि उसीनर आदिको प्रेरणाले आर्यजातिमा आत्मबलको मुहान खोलि दिएको हो । आज त्यो मुहानमा पैरो लागेको छ । संसारको विक्षुब्धावस्थाको मानव समाजलाई त्यस मुहानका शीतल जलको आवश्यकता छ जस्को, पानबाट चिरकालदेखि तृषित मानव समुदायको हृदय शीतल हुनेछ तिर्खा मिट्ने थियो यो असम्भव छैन न गारो नै । यस्को लागी आवश्यकता छ भने त्यसमा दृढ संकल्पीको जस्ले हिमालय झैं अटल भैं लक्ष्यभेद गर्न दर्शाइएका मार्गको अवरोध हटाउने चेष्टा गरोस् ।

वस्तुलाई शक्तिमा र शक्ति वस्तुमा परिवर्तित गर्नसकिने वैज्ञानिक खोजले वैदिक धारणाहरू अझै सत्यको नजिकमा पुग्न आधुनिक पाखण्डवादको जग जगीमा सम्भव गरेकोछ । रेडिपेशनको विभिन्न अवस्थाको गति नै प्रकाश तथा शक्तिको रूपमा प्रभावित हुने खोजले चेतनालाई शक्तिभन्दा पूर्णपृथक् मात्रै हैन अपितु आत्माका पृथक् अस्तित्वको अध्यायमा नयाँ धारणाहरू संगालेकोछ । संस्कृतका ग्रन्थहरूमा यी नौला कुरा होइनन् यस्तो

निधिको आवश्यक प्रयोग गर्न मानव किन पछाडि रह्यो? निश्चय पनि रहस्यमय कुरा छ ।

भाषा जन-जीवनका प्रत्यक्ष रूपमा भिजन नसक्दा त्यसको आवश्यक उपादेयता लिनसकिँदैन । यत्रो अपार शक्ति भएको संस्कृत भाषा यसको प्रत्यक्ष उदाहरण हो। हिन्दूराज्यको नागरिक भएको नाताले प्रत्येक नेपालीले राज्यको यस महान् आदर्शको पूर्तिको लागि संस्कृत भाषालाई सामान्य जनजीवनमा भिजाउने तर्फ ईमान्दार भै चिन्तन मात्र हैन प्रयोगमा ल्याउने चेष्टा गर्नु पर्ने हो। वर्तमान स्थितिमा संस्कृत भाषालाई जन जीवनमा ल्याउन केही खासकुराहरूमा ध्यानपुऱ्याउनु आवश्यक छ । प्रथमतः संस्कृतका हिमायतीहरूबाट खास गरेर संस्कृतज्ञहरूले जन जीवनमा व्यक्त गरिने प्रशंगहरूमा साना तथा सरल संस्कृतका शब्दहरूको प्रयोग गरिनु राम्रो हुन्छ । त्यस्ता सरल शब्दहरूलाई सजिलैसित अन्य स्थानीय भाषाहरूमा पनि प्रयोग गर्ने प्रेरणा जगाउनु पनि त्यस्तै जरूरी हुन जान्छ । संस्कृतमा सामान्य सरल लोकोक्तिहरूको स्वच्छन्द प्रयोग भै नै रहेमा पनि जन समुदायलाई यसले विस्तारै विस्तारै आकर्षित गर्नेछ । हाई स्कूलको स्तरसम्म अनिवार्य संस्कृतको प्रयोग पनि संस्कृततर्फ रूचिबढ्न जाने अवसर व्यक्तिको समक्ष आउनेनै रहन्छ तर यस प्रकारको व्यवहारभन्दा बढी प्रभाव सरकारी क्षेत्रबाट केही खास प्रक्रियामा विचार पुग्न सकेमा पनि संस्कृतको सम्मान शनैःशनैः जनसमाजमा उक्लने अवसर अधिक रहनेछ । प्राविधिक पदबा-

हेक सामान्य प्रशासनको पदमा बढी संस्कृतका पण्डितहरूलाई ग्राह्यता दिने, तर उनिहरूलाई एक विशेष प्रकारको तालिममा सरिक गराइ मात्र सेवामा संलग्न गराउने व्यवस्था भै दिएमा स्वतः समाजमा संस्कृत प्रति आकर्षण उद्भव हुनसक्ने थियो। संस्कृतका पण्डितले देशको समस्यालाई आध्यात्मिक मान्यताहरूको आधारमा समाजले बहन गर्ने पद्धतिहरूकोसाथ समाधान गर्ने चेष्टा गर्ने जस्मा पूर्णतया जन संस्कार र स्थानीय मान्यताहरूले सामञ्जस्य ल्याउने देखिन्छ । नैतिक मान्यतामा उदित हुनगएका विकृतिहरूमा विचार पुऱ्याउने हो भने यीनै मिश्रित मान्यताहरूको फल हो, जस्ले विश्वमा नैतिकता सम्बन्धी समस्या खडा गराएको छ । वास्तवमा यो मानसिक द्वन्द्व हो, जो सत्यको समक्ष आफै लुप्त भएर जान्छ ।

संस्कृतलाई आजको युगमा प्रभावकारी गराउने यो एक बाह्यकार्य मात्र हुने हो । यसलाई स्थायी गराउन केही आन्तरिक प्रयोगहरू पनि गरिनु पर्दछ र यो यस्को अध्यापन शैली तथा यस्का विषयहरू सित सम्बन्ध छ । अध्यापन शैलीमा विषयलाई सोचाई, भनाई तथा गराईमा एक रूपता राखी गरिनु पर्दछ । यस्को लागी विषयको ज्ञान मात्र पर्याप्त हुँदैन । ज्ञात भएको विषय अरूमा बोध गराउने कलाको अभावमा यस्को छात्रहरूमा उल्टो प्रभाव पर्दछ । विषयवस्तुको वास्तविक ज्ञानको सट्टा विद्यार्थीमा अन्धविश्वासले घर बनाउँदछ । यस्तो अवस्थामा मनोवैज्ञानिक प्रभावमा गतिरोध उत्पन्न हुन गै तार्किक बुद्धि

कुण्ठत हुन जान्छ । अस्तु मनोवैज्ञानिक शैलीको द्वार खोली संस्कृतको प्रवाहलाई सँगीलो पार्न सकिन्छ । संस्कृतका विद्यार्थीहरूका लागी मनोवैज्ञानिक मार्गको अनुकरण गर्ने अवसरले व्यक्तिमा आफू भित्र हेर्ने बानी बसाल्दछ जो वैदिक संस्कारको पृष्ठ पोषक हुने हो । आफ्ना कमजोरीहरूलाई व्यक्तिले नियन्त्रण गरेमा ऊ अवश्य पनि सम्पन्न हुनसक्दछ । वैदिक सभ्यताको त्यो सफल दर्शन पुनः मौलाएर विश्वमञ्चमा फैलिन जानेछ । जसले मानव कल्याणलाई अवश्यमेव फलिभूत गराउन सफल हुनेछ ।

★

श्रीः

सभादरणीय श्रीयोगीज्यू, एवं समुपस्थित अन्य संस्कृतप्रेमी विद्वद्वर्ग

—खेमराज केशव शरण

यस सभामा उपस्थित भै संस्कृतको अनुत्थानमा कारण र त्यसमा समुत्थान ल्याउन चाहिंने उपायहरूको सम्बन्धमा केही मन्तव्य प्रकाशित गर्ने सुअवसर दिइयो, यसको निमित्त म श्री योगीज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु । संस्कृतको अनुत्थानमा रहिआएको कारण बात स्पष्ट छ कि त्यसको निमित्त केही भनिरहनु पर्दैन । तथापि सूत्ररूपमा केही मन्तव्य प्रकट गर्नु पर्ने भएकोले मलाई लागेका कारणहरू संकेत मात्रको रूपमा यहां प्रस्तुत गर्दछु । संस्कृतको अनुत्थानमा मैले निम्नलिखित

कारणहरू ठानेको छु । मेरो विचारमा यी प्रत्यक्ष र प्रमुख कारण हुन्:—

१. संस्कृत अध्येताहरूको जीविकाबारे निश्चित र आशास्पद भविष्यको अभाव ।

२. सरकारको सहयोग र प्रोत्साहन विना सामाजिक प्रयासबाट पनि केही हुन सक्छ भन्ने जनविश्वास नभएको सर्वथा सरकारसापेक्षताको सुषुप्तिपूर्ण स्थितिमा पनि श्री ५ को सरकारबाट संस्कृतको प्रोत्साहन तर्फ ध्यान नदिइनु र यस प्रकार समाजलाई संस्कृतको राष्ट्रिय महत्व बुझ्ने अवसर नै प्राप्त नहुनु ।

३. संस्कृतज्ञ जगत्मा सामयिक रूपमा एकता, संगठन र संस्कृत विद्याद्वारा निर्दिष्ट आदर्शहरूको संरक्षण र सम्वर्धनका निमित्त सामूहिक समुत्थान-चेतनाको अभाव ।

४. संस्कृत विद्याका गौरवपूर्ण सार सन्देशहरूको जीवनमा प्रत्यक्ष अवतरण हुनेगरी संस्कृत अध्ययन प्रणालीमा समावेश नहुनु ।

५. शिक्षानीति निर्धारकवर्गमा राष्ट्रिय आत्माका आधारभूत सांस्कृतिक जीवन मूल्य प्रति उपयुक्त अभिज्ञता र आस्था नहुनु,

संस्कृत समुत्थानका निमित्त उपयोगी हुनसक्ने उपायहरू मेरो दृष्टिमा निम्नलिखित छन् :—

१) संस्कृत अध्येताहरूको निमित्त जीविकोपार्जनका आधार सुरक्षित हुनुपर्दछ ।

२) धर्म निरपेक्ष भारतमा समेत राष्ट्रिय तथा अन्तार्राष्ट्रिय स्तरमा संस्कृत संवर्धन— अभियान सञ्चालित छ भने

विश्वको एकमात्र घोषित हिन्दूराष्ट्रमा संस्कृतको वर्तमान उपेक्षित स्थिति आत्मविस्मरणको द्योतक भइ रहेछ । अतः श्री ५ को सरकारद्वारा सबलतासाथ संस्कृत संवर्धनतर्फ प्रयत्न हुनुपर्दछ ।

३) सस्कृतज्ञ जगत्‌मा समयानुकूल संगठन, सामूहिक प्रयास र संस्कृत-विद्याका आदर्शहरूको युगानुकूल सम्वर्धन गर्ने सशक्त अभियान हुनुपर्दछ ।

४) संस्कृतको पाठ्यक्रममा वर्तमान उत्थानोन्मुख राष्ट्रको माग अनुसार भावनात्मक जागरणसमेत ल्याउने गरी सांस्कृतिक मूल्यहरूको बढी समावेश गरिनु पर्दछ ।

५) शिक्षानीति निर्धारण गर्ने केन्द्रमा संस्कृतका वरिष्ठ एवं प्रबुद्ध विद्वान्‌हरूको उपयुक्त प्रतिनिधित्व हुनु आवश्यकछ ।

★ जयतु संस्कृतम् ॥ धन्यवाद !

संस्कृतका अनुत्थानका कारणहरु र त्यसका उत्थानका उपायहरू

विष्णु प्रसाद ज्ञवाली
पुराणेतिहासाचार्य (प्राप्तस्वर्ण पदक)
अर्घाखाँची, ठूलाखर्क लु० अं०

यो भाषा संसारको सब भन्दा पुरानो र सबको मूल भाषा हो, यो भाषा हरेक तहबाट परिमार्जित वा संस्कार गरिएको हुनाले संस्कृत नाम रहेको हो । सिन्धु नदीको तीरमा बस्ने

आदिवासी परमपुर्खाहरू जो थिए, तिनैलाई नै हिन्दू नामले पुकारा गरिन्थ्यो। कुनै कुनै उल्लेखमा प्रयागराज नै हिन्दूहरूको मूल स्थान हो भन्ने पाइन्छ। अर्थात् हिन्दूहरूको आदिनिवासस्थान सिन्धू नदी र विन्ध्याचल पर्वत देखि उत्तर हिमालय संम हो भन्ने कुरा सर्वत्र प्रसिद्ध छ। यिनीहरूको मूल भाषा संस्कृत हो र यसै ठाउँबाट संस्कृत जताततै फैलिएको हो।

जस्तै—बुद्धले नेपालको तराई लुम्बिनीमा जन्मेर आफ्नो बुद्धधर्म एशियाको सारा देशमा व्यापक रूपले फैलाए। त्यस्तै संस्कृत पनि प्राचीन समयमा जताततै फैलिएको थियो। नेपाल, भारत, अफगानिस्तान, जर्मन इत्यादि ठाउँमा अझै बिशेषता पाइन्छ। आर्यनिवास स्थानबाट खान, लगाउन सुविधाको लागि जो यताउति लागे। हावा-पानी र वातावरणले गर्दा आकार प्रकारमा फरक पर्न गयो। नियम चलन आफैं बनाउन लागे। बोलीचालीमा पनि भिन्नता आउँदा करीब एकलाख भाषाभाषीको आविष्कार भयो। विभिन्न देशीय र विभिन्न जातीय नामले पुकारिन थाले।

संस्कृत पुरानो समयमा अर्थात् विक्रमादित्यको समय संम राजभाषा थियो। यही भाषामा बोलीचाली गर्थे। संस्कृतको परम विद्वान् जो थियो, सोही नै राजाको राजसभाको सदस्य रहन्थ्यो। जति विद्वान् हुन्थे, सबले आफ्नो योग्यता बमोजिम स्थान पाउँथे। सबभन्दा अग्रणी विद्या र मानमा कालिदास थिए। राजाहरू स्वयंसंस्कृतका धुरन्धर विद्वान् हुन्थे र विद्वान्को

मर्म पनि बुझ्दथे ।

संस्कृत वाणीलाई इष्टदेवी संझन्थे । संस्कृतमा नै विचारको आदान प्रदान हुन्थ्यो । योगाभ्यास, ज्योतिष विद्या, आयुर्वेदको जडीबुटी, धनुर्वेद इत्यादि सबै संस्कृत ज्ञानबाट नै प्राप्ति हुने हुँदा संस्कृत भाषालाई आवश्यक संझन्थे । कुनै विदेशी भाषाले दबाएको थिएन । सबै आफ्नो आफ्नो योग्यता बमोजिम दक्ष हुन्थे ; नकि आधुनिक विद्यार्थी झैं सर्टिफिकेट हासिल गरेका हुँदैनथे । विद्या प्रयोग गर्ने मौका पाएमा साँढे झैं अघि बढ्दथे नकि भेडा झैं पछि हट्दथे । पहिले सुख मात्र चाहँदैनथे । सबैमा आत्म गौरव थियो । मानमर्यादाका पिपासु थिए । आफ्नो ज्ञानमा पूर्णतया विश्वास थियो, शास्त्रार्थद्वारा नै विद्वान् आफ्नो उन्नति गर्ने मौका पाउँथे । भवभूति कावले पहिले स्थान नपाएर भनेका छन् कि कालको पनि अवधि छैन, पृथ्वी पनि ठूली छन्, मेरो मौका आउँला । (कालो ह्ययं निरवधिर्विपुलाचपृथ्वी) पछि राजाको आश्रय पाएर योग्य हुँदा आफ्नो विद्या फैलाउने मौका पाए ।

आचार नियम धर्म र राजनीति ऐनहरू सब धर्मको आधारबाट नै चलन चल्ती हुन्थ्यो । न्यायाधीश संस्कृतका पोख्त विद्वान् रहन्थे । तसर्थ संस्कृतको उत्थान भएको थियो । अहिले संस्कृत राजभाषाबाट हट्नु मुख्य कारण छ । धर्म शास्त्रको आधारबाट न्याय इन्साफ नभै देशीय तथा विदेशी नियम अनुसार चलन चल्ती गर्नु । संस्कृतका विद्वान्को राजा–

बाट कदर नहुनु । संस्कृतको परंपरावादी आचार संहितालाई ढ्वाँगी प्रथा मानी तिरस्कार गर्नु । संस्कृत पढ्नेले योग्यताको दिग्दर्शन नदिई केवल सर्टिफिकेटको भरमा चल्नु । संस्कृतज्ञको विश्वास नगरी हाम्री विग्रे पनि छोरा नाति बनाउन पर्छ भनी संस्कृत छोडाई इङ्गलिशमा लगाउनु । संस्कृतको कोशमा गणित, आधुनिक भूगोल, इतिहास, समाज शास्त्रको समावेश नगरी बाक्चतुरता नगराउनु । संस्कृतज्ञ कर्मठ नभै आफ्नो जीवन निर्वाह मात्र गर्न खोज्नु । आफ्नो वास्तविकता विचार नगरी पाश्चात्य सभ्यता पछि लाल्ची हुनु । अंग्रेजी विद्याको प्रभावले दबीनु ।

*

नेपालमा संस्कृतको ह्रासको कारण

दुर्गाप्रसाद उपाध्याय दवाडी

संस्कृत नै किन ?

साहित्य समाजको दर्पण हो र साहित्य संस्कृतिको प्रधान वाहन हो। संस्कृतिको आत्मा साहित्यरूपी शरीरमा आधृत छ । संस्कृत साहित्य हिन्दू-समाजका भव्य विचारको रुचिर दर्पण हो । हिन्दू समाज र सामाजिक संस्थाहरूको अध्ययन संस्कृताध्ययन विना अपूर्ण रहन्छ । संस्कृतमा केवल साहित्य (काव्य) मात्रै छ भन्नु अज्ञान हो। संस्कृतमा के छैन ? "यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्कचित" को डिण्डिमघोष संस्कृतले

गरेको छैन ? । ६४ कलाहरू मात्रैको विचार गरे पनि आधुनिक प्रायः सम्पूर्ण प्राविधिकज्ञान ६४ कला भित्र नै परिगणित हुन्छन् इतिहास, आगम, काव्य अलङ्कार, लिपिकर्म आदि देखि धातु अक्ष्मक्रिया मृत्क्रिया, दाह क्रिया, वाणिज्य, कृषिसम्म सबै कला हुन्, एतद् विषयकज्ञान संस्कृतमाछ । यसमा वास्तु (इञ्जिनियरिङ्ग) र मूर्ति वयन (विविङ्ग) आदि संपूर्ण प्राविधिक ज्ञान संस्कृतका ग्रन्थहरूबाट हुन सक्छ, निश्चय नै त्यो ज्ञान सैद्धान्तिक हो, त्यसको प्रायोगिक ज्ञान ता प्रयोगद्वारा नै सम्भव छ र यो अवसर संस्कृतले प्राप्त गर्नु पर्छ । साथै रसायन शास्त्र भौतिक विज्ञान, वनस्पति विज्ञान पनि प्रशस्त मात्रामा संस्कृतमा छ । संस्कृतको आयुर्वेद विज्ञानमा प्रायः प्रत्येक वृक्ष या क्षुपको जरो, मूल, शाखा, पात, पुष्प, फल सबैको वर्णन र गुणको पनि विवेचन छ । मूर्तिकलाको उत्कृष्टता केवल संस्कृतको नै देन हो ।

प्राचीनताको दृष्टिकोणले हेर्दा संस्कृतसाहित्य जस्तो प्राचीनतम साहित्य कुनै छैन र हाम्रो त्यो रिक्थहो भन्दा गौरवको अनुभूति हुन्छ व्यापकताको दृष्टिबाटपनि संस्कृतज्ञानका प्रायःसबै शाखाको धनीछ । कौटिल्यको अर्थशास्त्रता प्रसिद्धनैछ, राजनीतिको अध्ययन पनि संस्कृतको राजनीतिसित तुलना नगरी पूर्ण नै हुँदैन । विश्वका सर्वप्रथम सम्विधानका निर्माता मनु मानिएका छन् र अमेरिकी कांग्रेसकासम्म भवनमा मनुको भव्यमूर्ति स्थापित छ । धार्मिक दृष्टिले ता संस्कृत धर्मको पर्यायवाची नै हो भने हुन्छ । धर्म भनेको कर्तव्य हो, संस्कृतले सर्वप्रथम कर्तव्य नै सिकाउँछ ।

पहिले क अर्थात् कर्तव्य अनि ख अर्थात् खानु यो हाम्रो आदर्श संस्कृतद्वारा नै प्राप्तछ। "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' संस्कृतले शिक्षा दिन्छ। संस्कृत साहित्यको धारा अविच्छिन्न चालू छ र यस युगमा पनि आजका आदर्श श्री ५ महेन्द्रको प्रशस्तिमा कतिपय काव्य र नाटक संस्कृतमा रचिएका छन्।

यसरी प्राचीनता, अविच्छिन्नता, व्यापकता, धार्मिकता, सभ्यताको दृष्टिले हेर्दा हाम्रो संस्कृत नितान्त महत्वपूर्ण छ। विशेषरूपले हाम्रो नेपाल संस्कृतको रक्षार्थ उत्तरदायी छ; किन कि संसारमा एकमात्र हिन्दूराष्ट्र घोषित भएको हुनाले यसको रक्षाको पूर्णभार नेपालमा नै निहित हुन आएको छ।

केवल उत्तराधिकारले पनि उतिभार थिएन स्वयं स्वत्व र नेपालीत्वको रक्षार्थ पनि संस्कृत रक्षा आवश्यक छ। हामीले विश्वलाई केही दिनसक्छौं भने त्यो दिने हाम्रो संस्कृतनै हो। आजपनि 'राष्ट्रिय अभिलेखालय' राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय आदिबाट विदेशीहरूले प्राचीन प्राविधिक ज्ञानको सिद्धान्त पुस्तकहरूको फिल्म इत्यादि बनाएर लैजाँदैछन्। यदि संस्कृत अध्ययन बन्दभो भने यी पुस्तकालयहरूमा आगो लाइदिए हुन्छ।

संस्कृतको ह्रास किन ?

आज पनि संस्कृत केवल काठमाण्डु घाटीमा मात्रै हैन संपूर्ण देशमा व्यापक छ। राजधानीमा यसको अध्ययन केही शिथिल भएको छ, तर देशका कुना काप्चामा आज पनि सर्वस्व त्यागेर संस्कृतको अध्ययन गर्ने मानिसको अभाव छैन। भारत-

का विशेषरूपेण उत्तर प्रदेशका संस्कृत पाठशालाहरू नेपाली विद्यार्थीका भरमा नै चलेका छन् । नेपाली छात्रहरूको अध्ययनशीलताको प्रशंसा भारतका प्रायःअधिकांश विद्वान्हरूले गर्छन् । यस स्थितिमा संस्कृतको ऱ्हास किन ? यो स्वाभाविक प्रश्न हुन्छ यसको ऱ्हासको कारण मेरो दृष्टिले निम्नाङ्कित छ —

(१) उच्चवर्गको उपेक्षा धनीमानी व्यक्ति आधुनिक विलासिताको युगमा त्याग र कर्तव्यको उपदेशक संस्कृतका उपेक्षक हुन गएका छन् । संस्कृतको आवश्यकता अनुभव गरेर पनि हुने खानेले आफ्ना सन्तानलाई संस्कृत पढाउँदैनन् र "यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः" का अनुसार अरु वर्गको पनि उपेक्षा स्वाभाविकै छ ।

(२) श्री ५ को सरकारद्वारा संस्कृतका पाठशालाहरू बन्द गरिदिनु । भाषा पाठशालाहरू बन्द भएर संस्कृतको जरो नै मास्सियो ।

(३) संस्कृतलाई वर्ग विशेषको मात्रै धन ठान्नु । संपूर्ण नेपाली समाज जन्मदेखि मरणसम्म यसको प्रयोग प्रतिदिन गर्छ, तापनि यसको अध्ययन अनिवार्य नभएकोले वर्गविशेषले त्याग गरेपछि संस्कृत नै उपेक्षित हुन्छ ।

(४) शिक्षानीति निर्धारण गर्नेमा संस्कृत समाजको उचित प्रतिनिधित्व नहुनु । जब पनि शिक्षा सम्बन्धी कुनै कार्य हुन्छ, त्यसमा संस्कृत पट्टीको पक्षको उपस्थापनार्थ उचित प्रति-

निधित्व हुँदैन र संस्कृतको यथार्थ पक्ष समक्ष आउन पाउँदैन।

(५) संस्कृतका पृथक् निरीक्षक र निर्देशक नहुनु । संस्कृत पाठशाला र अंग्रेजी स्कूलमा केही मौलिक भेद छ, अतः अंग्रेजी पद्धतिका निरीक्षक, निर्देशक संस्कृतको यथार्थ मूल्याङ्कन गर्न सक्दैन र संस्कृत उपेक्षित हुन्छ।

(६) संस्कृतका विषयहरूको उपेक्षा-संस्कृतमा अनुसन्धानको पर्याप्त आवश्यकता छ। आयुर्वेदको वृक्ष र क्षुपको परिचय दिने मानिस न्यून भई सके । संस्कृतमा निहित अर्थशास्त्र, राजनीति, वास्तुकला, इतिहास, समाजशास्त्र (नृतत्त्व), रसायन विज्ञान, भौतिक विज्ञान, वनस्पति विज्ञान आदिको अध्ययनको व्यवस्था नै छैन, पाठ्यक्रममा यी विषय आँग्ल पद्धतिका स्कूलमा मात्रै पढाइन्छन्। संस्कृत पद्धतिका पाठशालामा पनि इनको अध्ययन आंग्ल पद्धतिको नै छ। यी विषयहरूको पाठ्यक्रममा उपेक्षाले संस्कृतको ठूलो अहित भएको छ।

उपाय के ?

रोगको निदान नै आधा चिकित्सा हो। यदि ह्रासका कारण निश्चित गरी सकिए भने, ती कारण हटाउनु नै संस्कृतको उत्थानको उपाय हुन जान्छ । के गर्ने यस सम्बन्धमा मेरो व्यक्तिगत विचार निम्नाङ्कित छ:—

(१) उच्च वर्गले संस्कृत अपनाउनु पर्छ। यसको निमित्त उपदेशद्वारा कुनै सान्दैनन्। संस्कृत स्नातकस्तर सम्म अनिवार्य

रूपले पाठ्यक्रममा निवेशित हुन पर्छ र यो एक विषयको रूपमा हुनु पर्छ । सर्वप्रथम राष्ट्रभाषा अनि संस्कृत भाषा र पछिल्लो स्थान विदेशी भाषाको हुनु पर्छ ।

(२) हाम्रा श्री ५ नवयुवराजको निमित्त अरू विषयको ज्ञाताहरू जस्तै संस्कृतको ज्ञाताको पनि नियुक्ति हुनु पर्छ । "यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्" यसको ध्यान गरी शिशु अवस्थामा नै संस्कृताध्ययनको प्रवन्ध हुनु पर्छ ।

(३) हाम्रा संस्कारहरूको महत्व बोध गरी संस्कारको रक्षा निमित्त संस्कृतज्ञहरू विशेष प्रशिक्षित गरेर देशका कुना कुनामा व्यवस्था दिने पदमा नियुक्त हुनु पर्छ ।

(४) संस्कृत सबैलाई अनिवार्य हुनु पर्छ । यो राष्ट्रको धन हो, राष्ट्रले नै यसको रक्षा गर्नु पर्छ ।

(५) संस्कृत शिक्षा एक पूर्ण शिक्षा हो, अतः शिक्षा व्ययमा संस्कृतको आधा अंश; उती नभए चतुर्थांशता अवश्य हुनु पर्छ । ६ प्रतिशत अंश सर्वथा अनुचित हो ।

(६) शिक्षा योजनाको निर्माण गर्दा ५०॰/. प्रतिशत सदस्य संस्कृतको पनि हुनु पर्छ । संस्कृतज्ञ नभएको योजना समितिले संस्कृतको महत्व नै नबुझी संस्कृतको तुलना गोरुसित नगरेर गदहासित गर्न सक्छ ।

(७) शिक्षा मन्त्रालयान्तर्गत संस्कृत विभाग पृथक् हुनु पर्छ. संस्कृतका निर्देशक, निरीक्षक इत्यादि विशुद्ध संस्कृत पाठ–

शालाको माध्यमबाट पढेका व्यक्ति हुनु पर्छ । त्यसो भए संस्कृताध्येताको कठिनाईको यथार्थ अनुभव अधिकारीहरूलाई हुन्छ ।

(८) संस्कृतको पाठ्यक्रममा परिवर्तन र संशोधन हुनु पर्छ । वास्तुकला इत्यादिको निवेश संस्कृतका ग्रन्थहरूबाट नै पाठ्यक्रममा हुनु पर्छ । यसो गर्दा प्राचीन विषयहरूको उपेक्षा नहोस् यो पनि ध्यानमा राखिनु पर्छ ।

(९) संस्कृतको विश्वविद्यालय देशको मध्य स्थलमा हुनु पर्छ ।

(१०) प्रतिवर्ष संस्कृतका कुनै विशिष्ट विद्वान्को सम्मान राजकीय स्तरमा हुनु पर्छ, जस्तो कि भारतमा हुन्छ । राष्ट्रपतिले अलङ्कृत गरे सरह नै हुनु पर्छ ।

(११) बी. ए. बा सो सरह शब्द हटाएर शास्त्री अथवा सो सरह इत्यादि हुनु पर्छ ।

(१२) आजका अधिकारी वर्गमा भएका संस्कृतका प्रति उपेक्षाको पूर्वाग्रहलाई हटाउन माथिबाट नै परिपत्रद्वारा निर्देश हुनु पर्छ । यद्यपि संस्कृतज्ञहरू प्रत्येक क्षेत्रमा योग्यता देखाएर बढ्दै गएका छन् रतापनि प्रायः उच्च अधिकृतहरू संस्कृतज्ञहरूलाई खटाउन चाँहदैनन् र संस्कृत उपेक्षित हुन्छ ।

(१३) शिलालेखहरू राष्ट्रभाषामा र संस्कृतमा हुनुपर्छ । विदेशी भाषालाई शिलालेखमा स्थान दिनु कालान्तरमा भ्रम

उत्पन्न गराउन सक्छ । पछि सदैवको स्वाधीन र स्वतन्त्र नेपाल पनि परतन्त्र थियो भन्ने भान पार्न सक्छ ।

अग्रिम पाँचवर्षे योजनामा आयुर्वेद विश्वविद्यालय स्थापनाको पनि उद्देश्य राख्नुपर्छ । आयुर्वेद पूर्णतः स्वतन्त्र विज्ञान हो र यसका क्षेत्र सीमित भएमा हाम्रा राष्ट्रको ठूलो क्षति छ ।

(१५) संस्कृत कठिन हैन अत्यन्त सरल हो । हाम्रो राष्ट्रभाषामा ७५% शब्द संस्कृतका नै छन् । अतः सरल संस्कृतको अध्ययन आंग्ल पद्धतिका विद्यालयहरूमा र शास्त्रीय पद्धतिको अध्ययन संस्कृत पद्धतिका विद्यालयहरूमा गरिनु पर्छ । प्रत्येक प्राविधिक प्रशिक्षण (तालीम) मा संस्कृतज्ञहरूलाई पनि स्थान दिइनु पर्छ । आई. ए. र बी. ए. लाई मात्रै तालिममा नलिएर उत्तर-मध्यमा र शास्त्रीलाई पनि स्थान दिनुपर्छ । प्रतियोगितामा सम्मिलित हुन नदिनु अधिकार हनन हो, यो कदापि उचित छैन ।

सारांश:—

संस्कृतको ह्रासको मुख्य कारण शिक्षा जगत्‌बाट संस्कृतको निष्काशन हो र राजकीय सेवाहरूमा संस्कृतको उपेक्षा हो । यो कारण नभएमा संस्कृत पुनःफष्टाउने छ, यसमा मलाई सन्देह छैन ।

सम्मति

प्रा. महेन्द्र बहादुर थापा
त्रि. वि. वि.

श्री आचार्य पूर्णचन्द्र ढुङ्गेलज्यूको संस्कृतको अनुत्थानका कारण र उन्नतिका उपायहरू सम्बन्धी लेख सरसरती पढें। वहाँको लेख मार्मिक र समयानुकूलछ । देशको गौरव र प्रतिष्ठा बढाउन अरूको नक्कल गरेर हुने होइन, यसमा दुई मत छैन, तथापि बाटो हिंड्दै जांदा कता र कसरी भन्ने कुरा चाहिं गंभीर विवाद र छलफलको विषय हुनआउँछ र धेरै सोच-विचारपछि मात्र हामी अघि बढ्नुपर्छ । वेलायती कुकुरले के अंग्रेजीमै भुक्छ? हामी संस्कृत मात्र पढ्नेले गहिरो र नौलो विचार गर्नै सक्तैनौ र ? यस्तै एकाध कुरा गहिरिएर विचार गर्नु पर्ला जस्तो छ ।

संस्कृतको पतन र उत्थानको सम्बन्धमा केही विचार

पुष्करनाथ ठाकुर

सचिव-बृहदाध्यात्मिक परिषद्

संसार भरिमा जति पनि साहित्य छन्, त्यसमा सब भन्दा प्राचीन एवं अपौरुषेय साहित्य संस्कृत साहित्यमा भएको ऋग्वेद छ। यो निर्विवाद सिद्ध छ र यसमा भएका भाषालाई देवभाषा एवं लिपिलाई देवनागरी लिपि भनिन्छ । संस्कृत साहित्यले द्वापरयुगसम्म आध्यात्मिक ज्ञान-विज्ञानमा सम्पन्नता प्राप्त गरी चरम सीमासम्म पुगेको थियो, परन्तु— "संसारमें किसका समय है एकसा रहता सदा। है निशि दिवासी घुमती सर्वत्र विपदा सम्पदा" भन्ने सूक्ति अनुसार महाभारतको युद्ध देखि संस्कृतको पतन र उत्थान हुन लाग्यो।

कलियुगमा राजा विक्रमादित्य र भोजको समयसम्म यसको उत्कर्ष सर्वसाधारण जनपदसम्म पुगेर जन-जीवनमा व्याप्तथियो। त्यसपछि आठसय वर्षसम्म यवनहरूका जहाँनियाँ शासनको राज्यकालमा संस्कृत, संस्कृति र सभ्यताको निर्मम हत्या गरियो।

यसको पतन भएपछि १९४७ ई. सम्म २०० सय वर्ष भारतका भाग्यविधाता''गौराङ्गहरुको राज्यकालमा अवशेष रहेको संस्कृत, संस्कृति एवं सभ्यतालाई निर्जीव तुल्याउन निमित्त शिक्षाक्रममा अंग्रेजी शिक्षाको मीठो विषको प्रयोग गरी यहाँका उद्योग, वाणिज्य कला एवं सजीव आचार-विचारलाई अवसान गरी भारतलाई प्रत्यक्ष र परोक्ष दुवै तहबाट पारतन्त्रताको जञ्जीरमा बाँधियो।

संस्कृतको समूल विनाशका लागि विदेशी शासकहरूले अनेकौं अवैध उपाय गर्दा पनि उखेल्न सकेनन् । किनकि—संस्कृत साहित्य भारतको एक महान् अक्षयनिधि हो । जसको अमूल्य भाव रत्नको विमल-तेजोमय आभाले आज पनि यसको गौरवान्वित मुखमण्डल प्रदीप्त छ । यसलाई अध्यात्मरूपी त्यो सनातन-अनन्त सुधा—धाराको नासो छ कि जसको पतन भएर पनि आर्यजाति आजसम्म जीवितमात्र होइन कि अजर - अमर पनि छ । संसारभरिमा कुनै पनि यस्तो शक्ति छैन, जुन कि यसको जरो उखेल्न सकोस् । १९४७ ई. मा महात्मा गान्धीजीको नेतृत्वमा धर्म निरपेक्ष राष्ट्रको रूपमा भारत स्वतन्त्र भयो, जो कि कहिले पनि स्वीकार थिएन । यसको अन्तर्जगत् स्वच्छ-पवित्र एवं स्वतन्त्र भएर पनि बहिर्जगत्मा दासताको प्रतीक धेरैजसो अंशमा आजसम्म पनि कलङ्क छ । अस्तु—

भारतको शिरोमुकुट एवं हिमाल माल मण्डित हाम्रो देश, नेपालराष्ट्रमा पनि दक्षिणी हावा नलागेको होइन,तर यसको

सार्वभौम अखण्ड स्वतन्त्रता र आफ्नु वैदिकी अक्षुण्ण व्यवस्था आजसम्म सजीव रहँदै आएको, यो निर्विवाद सत्य छ । यस्तो स्थितिमा आत्मवादको आधारमा निर्विकल्प पञ्चायती प्रजातन्त्र व्यवस्थाको अनुरूप सर्वाङ्ग पूर्ण छ भनी वर्तमान "राष्ट्रिय शिक्षा पद्धति योजना" लाई भन्न सकिन्न । यसमा संस्कृत र संस्कृतिको मूल काटिएको छ ।

२०२६ सालमै श्री ५ को सरकारले नेपाल संस्कृत विश्वविद्यालयको स्वीकृति प्रदान गरेकोमा त्यस्ता महत्वपूर्ण जीवनोपयोगी संस्थाको नयाँ शिक्षा योजनामा समावेश नभएकोमा सार्है दुःखद काम भएकोछ। यस सम्बन्धमा श्री ५ को सरकार संग पुनः पुनः अनुरोध गर्न चाहौंला कि राष्ट्रिय शिक्षा पद्धति योजनामा संशोधन गरी विश्वविद्यालयको र राष्ट्रिय शिक्षाको पाठ्यक्रममा अनिवार्य संस्कृत शिक्षा प्राथमिक स्कूलहरूमा समावेश गर्नु पर्दछ । त्यस्तो नभएमा हाम्रो मौलिकताको स्थितिमा विश्वास गर्न सकिन्न जस्तो लाग्दछ ।

१, संस्कृतको पतनका केही निम्नाङ्कित कारणहरू:—

(क) संस्कृत शिक्षाको पतन "राजा कालस्य कारणम्" भन्ने नीति अनुसार कोमलाङ्ग राजाहरूको पतनको कारणले भएको छ ।

(ख) पथप्रदर्शक अग्रजन्मा ब्राह्मणहरूको शृङ्गारिक साहित्यको निर्माण र आध्यात्मिक कर्मच्युत भई धर्मको नाउँमा आडम्बरवादको प्रश्रयले भएको हो ।

(ग) विदेशी शासकहरूका संस्कृत र संस्कृतिको सर्वाङ्ग माथि कैयौं शताब्दी सम्म नृशंस प्रहारले यसमा अनियमितता एवं शिथिलता भएको हो ।

(घ) सम सामयिक संस्कृत शिक्षा सुधारको अभाव र आफ्नोपनको विस्मृतिले भएको छ ।

(ङ) उपनिवेशकहरूले व्यावहारिक क्षेत्रबाट वञ्चित राखेको हुनाले कर्मकाण्ड सम्म मात्र सीमित गरी संस्कृतको अवहेलना भएको छ ।

(च) संस्कृतका विद्वान्हरूले आ-आफ्नो छोरानातीहरूलाई अङ्गरेजी पढाउने र आफ्नो वृत्ति रक्षार्थ संस्कृततिर प्रवृत्ति गराउनाले पनि यस प्रति अनिष्ठा आएको हो ।

(छ) संस्कृतज्ञहरूमा आत्मज्ञानको अभावले स्तुतिवादले प्रश्रय पाई यसको आत्मा मरेको हो ।

(ज) संस्कृतज्ञहरूले शैक्षिक क्षेत्रमा शोषण गरेको छ र "गोपनीयम्"को नारा दी संस्कृत विद्यालाई पतन गराएका छन् ।

(झ) मठ, मन्दिर आदि धर्म क्षेत्रका संरक्षकहरूले संस्कृतको अवहेलना गरेका छन् ।

(ञ) सन्यासी एवं सन्तहरूले धर्म र संस्कृतको नाउँमा "तपस्वी धनवन्त दरिद्रगृही" भन्ने सूक्तिलाई पुष्टि गर्नु भएको छ र समाज सुधारको सट्टा अनपेक्षित आचरण गरी संस्कृत प्रति अनास्था जगाएका छन् ।

(ट) उपर्युक्त कारणहरूमध्ये प्रथम कारण यै लाग्दछ कि आध्यात्मिक भावविहीनता र आत्म चिन्तनको अभावमा यी सबै भएका छन् ।

२. संस्कृतोत्थानका केही उपायः—

(क) "राजा कालस्य कारणम्" भन्ने त्रिकाल सत्य नीति अनुसार "राजा" आफ्नु देशमा जुन शिक्षा चलाउन चाहन्छ, त्यो शिक्षा बढ्छ ।

(ख) साधु-ब्राह्मण, सन्यासी एवं समाज सुधारकहरू नैतिक समाजको निर्माण र देशान्तरहरूमा पनि संस्कृतको शुभ-सन्देश दी आकर्षणका केन्द्र विन्दु बनाई संस्कृतोत्थान गर्न धेरैजसो अंशमा सक्षम हुन सक्तछन् ।

(ग) "यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्" भन्ने सूक्ति अनुसार वालक-वालिकाहरूको प्रारम्भ देखिनै चरित्र निर्माण एवं संम्कार शोधनका लागि संस्कृत शिक्षा अनिवार्य एवं निःशुल्क हुनु पर्दछ ।

(घ) शास्त्रज्ञ, धर्मज्ञ, कर्मठ, ब्रह्मनिष्ठ, शस्त्रास्त्रविज्ञ,

दानवीर, शूरवीर, देश एवं समाजसेवी, छात्र-छात्राहरू निर्माण गर्ने आफ्तोपनको एक स्वतन्त्र संस्कृत विश्वविद्यालय हुनु नितान्त आवश्यक छ।

(ङ) संकृस्त शित्ता कुनै उद्योगद्वारा वा—कथाच्छलेन बालानां नीति स्तदिह कथ्यते" भन्ने नीति अनुसार दृष्टान्तद्वारा हुनु पर्दछ।

(च) संस्कृतको सरलीकरण गरी आधुनिक समय सुहाउँदो ज्ञान—विज्ञानको समन्वय गरी शित्ता हुनु पर्दछ।

(छ) लोकसेवा आयोगबाट प्रकाशित सूचनामा संस्कृतज्ञहरूको प्राथमिकता हुनु पर्दछ।

(ज) संस्कृत शित्ताको व्यवस्था प्रत्येक मठ, मन्दिर तथा धार्मिक क्षेत्रहरूमा अनिवार्य रूपले हुनु पर्दछ।

(झ) संस्कृत शित्ताको दैनिक कार्यक्रममा शिष्टाचार एवं आचार संहिताको आचरण गराउने प्रबन्ध अनिवार्य रूपले रहनु पर्दछ।

(ञ) अध्यापनका पुस्तकहरूको निर्माण अनुभवी विद्वान्हरूबाट हुनु पर्दछ।

(ट) चतुर्थ कक्षादेखिनै राष्ट्र भरिका स्कूलहरूमा संस्कृत शिक्षा १०० एकसय नम्बरको हुनु पर्दछ।

इतिशम्

संस्कृतको अनुत्थान र उत्थानका कारणहरू

शिवहरि मरहट्टा
प्रा० त्रि० वि० वि०

आजसम्म संस्कृत वाङ्मयका सम्बन्धमा कति चर्चा र उपचर्चाहरू भए तापनि यस किसिमको संयुक्त विचार गोष्ठीभएको यो पहिलो अवसरहो भन्ने मलाई लाग्छ । संस्कृत-परामर्श दात्री समिति, राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् अन्तर्गत संस्कृत उपसमिति लगायत संस्कृत शिक्षालाई बढी प्रभावकारी सुव्यवस्थित र आकर्षक बनाउने उद्देश्य राखी बनाइएका विभिन्न संस्कृत समितिहरूले प्रस्तुत गरेका सुझाव र प्रतिवेदन अनुसार कुनै ठोस कार्यक्रम सन्तोषप्रदरूपमा जनसमक्ष नआउँदा यी सबै बाहिरी आडम्बर र संस्कृत समाज तथा संस्कृत प्रेमीहरू प्रतिको फोस्रो आश्वासनजाल विछ्याइएका रहेछन् भन्न सहसा सकिन्छ । आजसम्मको संस्कृत शिक्षाको रूपलाई हृदयङ्गम गर्दा यसलाई देशोन्नतिको सहायकको रूपमा हेरिएको भान हुँदैन । चलिरहेको प्रक्रियालाई अकस्मात् परिवर्तन गर्दा जन-साधारणमा अर्कै प्रतिक्रिया पर्ने संभावना देखिएर हो या किन हो ? केवल भुलभुलैयामा पार्ने चेष्टा भइरहेको प्रतीत हुन्छ । संस्कृत

समाजको अघिल्तिर संस्कृतभाषा साहित्य संस्कृति र कलाको आधार हो भन्दै संस्कृतको (संस्कृतमा निहित विद्याको) गरिमा र महिमालाई निर्धक्क पछि नपर्ने मनीषीहरू संसारको सभ्यताको इतिहासको विकासमा संस्कृतको महत्वपूर्ण देन छ। संस्कृतको ज्ञान नभई हामीले आफ्नै आचार विचारको मर्म पनि बुझ्न सक्तैनौं। वैदिककालमा कस्ता उच्च आदर्शहरू उत्कृष्ट भावनाहरूको उठान भएर आर्य संस्कृतिको प्रवाह बग्दै आयो। हाम्रो दैनिक जीवनमा त्यस्को करवो प्रभाव परेको छ प्रत्यक्ष छ" भन्ने दाङ् विद्वत्संमेलन २०२४ लाई बक्सेका श्री ५ महेन्द्रका उद्गार लाई कार्यरूप दिने प्रयत्नमा सर्वथा विफल नै देखिन्छन्। संस्कृत शिक्षालाई नयाँ मोड दिने वा समाप्त हुन दिने भन्ने विचारणीय प्रश्न हुन लागेको समयमा यस किसिमको संस्कृतका अनुत्थानका कारणहरू र उन्नतिका उपाय पत्ता लगाउने बारेको गोष्ठीले उक्त प्रश्नको समाधानमा निक्कै सघाउ पुर्‍याउला भन्ने म आशा गर्छु।

आयुर्वेद र ज्यौतिष जस्ता प्रत्यक्ष शास्त्रको बढी अनुसन्धान गर्नेतिर सामूहिक जमर्को नहुनु (१) संस्कृतको उपयोगिता र अपरिहार्यताको वास्तविक बोध जन-साधारणमागराउन जिल्ला स्तरीय वा क्षेत्रीय रूपमा गोष्ठीहरू गर्न यथाशक्य प्रयास गरेको नदेखिनु (२) युगको माग अनुसार समालोचनात्मक पठन-पाठन प्रणालीतिर उन्मुखै नहुनु (३) प्रचलित प्रक्रियामा सामूहिक असन्तुष्टि नहुनु (४) जस्ता साधारण एवम् असाधारण

त्रुटिहरू बितेका दिनमा संस्कृत समाजबाट भएका छैनन् भन्न म नसक्ने भए पनि कुनै निश्चित कार्यक्रमको अभावमा रहिरहेको संस्कृत शिक्षाको अवनतिमा पूरापुर संस्कृत समाज नै उत्तरदायी छ भन्ने कुरा स्वीकार गर्न सकिन्न। सम्बन्धित क्षेत्रबाट सुझाव र परामर्श अनुसारका सुनियोजित कार्यक्रम सञ्चालित हुँदाहुँदै संस्कृतका विद्वान् र विद्यार्थी समुदायमा नैराश्य, निष्क्रियता र उपेक्षाभाव देखिन आएका भए संस्कृत समाजमा त्यो जिम्मेवारी आउन संभव थियो भन्ने सम्झन्छु। संस्कृत समाजले हिन्दू राज्यका परम्परालाई केही मात्रामा जोगाएर राख्न नसकेको भए २०१९ सालमा विश्वको एकमात्र हिन्दूराज्य हुने सौभाग्य कसरी नेपाललाई प्राप्त हुन्थ्यो होला ? यसरी हेर्दा अवनति या अनुत्थानमा मुख्य भूमिका संस्कृत-समाजकै रहेको छ भन्नु निश्चय नै युक्तियुक्त देखिँदैन।

सारांशमा अनुत्थानका कारणहरू यसरी देखाउन सकिन्छ—

ज्ञान-विज्ञान र कर्मकाण्ड संस्कृत भाषाका प्रबल पक्ष हुन् भन्ने कुराको ज्ञान खास गरी पहाडी क्षेत्रका संस्कृत-प्रेमीहरूमा नहुँदा कर्मकाण्ड गर्नु या सिकाउनु नै संस्कृतको उद्देश्य भन्ने स्पष्ट धारणा उनीहरूमा पाइन्छ। संस्कृतमा निहित ज्ञान र विज्ञानबाट बलात् प्रभावित हुन पुगे पनि त्यस प्रतिको नैसर्गिक अनास्था र अनिच्छाले केहीमा बुझलाई पचाउने प्रवृत्ति पट्टि नै रहेको छ। विदेशी सभ्यता र प्रभावमा चुर्ल्म्म डुबेका र डुब्न पुगेका व्यक्तिहरूको स्वेच्छाचारिता र विदेशी-सभ्यता प्रतिको

अन्ध-भक्तताले कर्मकाण्डको विश्वासमा पनि प्रतिकूल प्रभाव परेको भान हुन्छ ।

अधिराज्यका सबै प्रारम्भिक र प्राथमिक पाठशालालाई रूपान्तरण गरिंदा संस्कृत शिक्षाको स्रोत सुक्न गएको छ। संस्कृतमा आस्था र विश्वास हुनेले पनि बाध्य भएर अर्कै बाटो लिनु परिरहेको छ ।

नेपाल जस्तो विकासोन्मुख देशका बहुसंख्यक जनताले हिमालयका काख र विभिन्न पहाडी वन-जङ्गलमा पाइने असंख्य बहुमूल्य जडि बूटीहरूको प्रयोग गरेर स्वास्थ्य लाभ गर्नसक्ने आयुर्वेद जस्तो कम खर्चिलो चिकित्सा विज्ञानलाई एलोपैथिक॰ को समकक्षता प्रदान गर्नुको सट्टा उपेक्षित र तिरस्कृत रूपमा आजसम्म राखिंदा नराम्रो धारणा उत्पन्न हुन गएको छ ।

हरेक क्षेत्रमा अंग्रेजीलाई नचाहिंदो मात्रामा प्रोत्साहन दिइनाले एकातिर संस्कृतलाई राष्ट्रबाटै विदा दिने परिस्थिति सिर्जना गर्ने लक्ष्य राखिएको प्रतीत हुन्छ भने अर्कोतिर अंग्रेजी शिक्षामा लगाएको खर्च खेर जाँदैन भन्ने विश्वासले कतिपय शिक्षार्थीका बाबु-आमाले खेत बारी उडाए र उडाउँदैछन , साथै पहिले उडाउनेहरू पश्चात्तापको भुमरीमा पनि धमाधम परेकै छन् ।

आर्य संस्कृतिका अनुयायी हिन्दू-सम्राट्को शासन कालमा हिन्दू संस्कृति नै नेपालको होइन, नेपालको कुनै संस्कृति नै छैन भन्नी बोल्ने र तदनुकूल व्यवहार गर्ने अधिकारी वर्गको

स्वतन्त्रताले यसका अनुयायी विज्ञजनहरूको हिन्दू संस्कृति प्रतिको निष्ठा र आवाजलाई फिका गराउन बल मिल्न गएको छ ।

संस्कृत शिक्षाको माध्यमबाट कतिपय व्यक्तिहरूले महानिर्देशक निर्देशक र प्रमुखजिल्ला अधिकारीजस्ता विभिन्न प्रशासनिकओहदामा काम गरिरहेको उदाहरण विद्यमानहुँदाहुँदैपनि उच्च अधिकारी वर्गमा रहेको संस्कृतका विद्यार्थीमा प्रशासानिक दक्षता हुँदैन, भन्ने पूर्वाग्रहपूर्ण भावनाले जीवीकोपार्जनको क्षेत्र साँगुरिएको देखेर छात्रहरू केही हतासिन पुग्नु, व्यक्ति विशेषलाई सन्तुष्ट पारेर संकुचित स्वार्थ पूर्ति गर्ने अभिलाषा केही संस्कृतज्ञमा प्रवलरूपले हुनु सस्कृत समाजभित्र पारस्परिक एकता नहुनु र मुठीभर संस्कृतज्ञहरूले इमान्दारी साथ कामगरी पाएको पारिश्रमिकमा पनि इर्ष्यात्मक प्रवृत्ति देखिनु जस्ता कारणहरूबाट संस्कृत समाजलाई मात्र नभएर देशलाई समेत हानि हुन गएको छ ।

संस्कृत शिक्षा देशको लागि आवश्यक या अनावश्यक भन्ने दुवै थरी विद्वान्हरूको सामूहिक विमर्शबाट निष्कर्ष निकाल्ने परम्परा भएको नबुझ्नाले केहीगर्न खोजिएर कार्यक्रम प्रकाशमा आए पनि समय समयमा गठित सस्कृत समितिको प्रतिवेदन अनुकूल सुनियोजितरूपमा सञ्चालित हुन खोजेको दृष्टि गोचर हुँदैन । प्रस्तुत राष्ट्रिय शिक्षा योजनाले संस्कृत शिक्षालाई राष्ट्रिय शिक्षाको एक अभिन्न अङ्गको रूपमा स्वीकारेर माध्यमिक तहदेखि अनुसन्धान तहसंम पुऱ्याउने लक्ष्य राखेको छ तापनि अंग्रेजीतिर जस्तो माध्यमिक तहको पृष्ठभूमि

तयार गर्ने कुनै व्यवस्था नगरिएकोले मूलोच्छेदन हुन गई अनुसन्धान तहसंग पुऱ्याउने योजनाको परिकल्पना साकार नहुने स्पष्ट देखिन्छ ।

पाठ्यक्रम र पाठ्य प्रणालीमा समयानुकूल सुधार गरी संस्कृत शिक्षालाई बढीआकर्षक र उत्पादक बनाउनुको साटो केही दान दिएर वा वृत्ति दिएर संतुष्ट गराउन खोज्ने परम्परा र प्रवृत्तिले अध्ययन काल पछिको जीविकाको समस्याले विद्यार्थी बढी चिन्तित हुनु र तदनुसार शिक्षकहरूमा केही उदासीनता देखा पर्नु स्वाभाविकै ठहर्छ ।

अंग्रेजीमा बोल्न बढी गर्व ठान्ने नयाँ प्रवृत्तिले संस्कृत मूलक नेपाली राष्ट्रभाषाको अनादर हुन जाँदा संस्कृत प्रतिको अनास्था बढ्न गएको छ ।

जहाँसम्म उपाय पत्ता लगाउने प्रश्न छ– पत्तो लागिसकेर जम्मा भएका उपायहरूकै प्रयोग गरिएमा पनि यस क्षेत्रमा निकै समयानुकूल परिवर्तन हुन सक्छ भन्ने म संझन्छु, तर पनि १–२ कुरा यहाँ उल्लेख गर्नु असामयिक नहोला —

आज संस्कृत, शिक्षा आवश्यक या अनावश्यक भन्ने द्वन्द्वात्मक अवस्थामा यो पक्ष नै प्रबल र उपयोगी भनी टुङ्गो व्यक्ति विशेष या २–४ जनाको अधिकार होला जस्तो लाग्दैन 'तसर्थ देशव्यापी संस्कृतज्ञ सम्मेलन गरिनु पर्छ र त्यसमा अरु क्षेत्रका लब्ध प्रतिष्ठित विद्वान्हरूलाई संमिलित गराई संमेलनको सुझाव र निष्कर्ष मुताविक समयानुकूल हुने

गरी संस्कृत शिक्षालाई डोऱ्याइनु पर्दछ ।

देशव्यापी संस्कृतज्ञ सम्मेलनले नेपाली विद्याको अधार को रूपमा समेत देशको लागि संस्कृत शिक्षाको आवश्यकता देखाए पनि आफ्नै खर्च गरेर संस्कृत पढ्ने परिस्थिति सिर्जना हुने गरी संस्कृत शिक्षालाई नयाँ रूप दिई संस्कृतज्ञको आवश्यकता भएको र सन्तोषप्रदरूपमा काम गर्न सक्ने क्षेत्रको निर्धारण गरिनु पर्दछ– अन्यथा भावी जीविकाको समस्याबाट जेलिन पुगेर अध्ययन कालको सुविधाबाट मात्र बढ़ी प्रवृत्ति हुन र उत्पादनशील बन्न नसक्ने कुरा प्रमाणित भइसकेको छ ।

संस्कृत-शिक्षा व्यक्ति विशेष या वर्गविशेषसित मात्र संबन्धित होइन । संस्कृत भाषामा निबद्ध ज्ञान विज्ञान राष्ट्रकै संपत्ति हो । यसैले यसको सुरक्षा गर्नु अथवा नगर्नु सम्पूर्ण नेपालीको बिवेक-क्षेत्रको कुरो हो । अझ भन्ने हो भने संस्कृत शिक्षाको सम्बन्ध राष्ट्र र राष्ट्रियतासित गाँसिन पुगेकाले यस घडीमा यस शिक्षाको पृष्ठभूमि कसरी तयारी गर्ने ? नेपाली, संस्कृत र अंग्रेजीमा कुन स्थान यसलाई दिनु व्यावहारिक र युक्तिसंगत देखिने हो ? यतातिर प्रत्येक देशभक्त नेपालीले एक पल्ट ध्यान मग्न हुन जरूरी भएको म अनुभव गर्छु । अब संस्कृतज्ञ तथा संस्कृतज्ञप्रेमीहरू संस्कृत शिक्षाको यस्तै उपेक्षात्मकरूप रहिरहने हो भने बेला बेलामा यसै गरी परिस्थिति अवगत गराउन प्रयास गर्नु सिवाय राष्ट्रिय संस्कृति र धर्मको संरक्षणगर्ने अभिभारा लिन चाहँदैनन् र शायद सक्दैनन् पनि ।

संरक्षणको सामूहिक दायित्व पूरा गर्न सार्वजनिक रूपमा सत्प्रयास र ससादर हुन अतिनै आवश्यक भएको छ । अन्यथा अल्पसंख्यक व्यक्तिमा जिम्मा लगाइएको वस्तु संरक्षित र प्रसारित हुन अवश्य सक्ने छैन । तर पनि संस्कृत शिक्षा नेपालमा रहेसम्म यस क्षेत्रमा देखापर्न आएका अक्षम्य त्रुटिलाई लुकाउनु आफ्नो परम कर्तव्य हो भन्ने कुरा संस्कृतज्ञले अवश्य ठान्ने छैनन् भन्ने मेरो दृढ विश्वास छ । अन्त्यमा संक्षिप्त विचार यहीं टुङ्गिन्छ ।

संस्कृतको अनुत्थानका कारणहरु र उत्थानका उपायहरु

मु० कृष्णबहादुर शाही जुविधा जुम्ला

वैदिक आर्य 'हिन्दू' जातिको मातृभाषा संस्कृत क्रमैसित प्राकृत शाखाहरूमा बाँडिए र अनेक प्रकारको देखिए तापनि सबैको आदि मूल संस्कृत नै हो र संस्कृतको रक्षा नभई नेपाली भाषाको रक्षा असंभव छ । तर ज्ञान-विज्ञान संहारकारी महा युद्ध पछि संस्कृतको पतन हुन थालेको छ । समय समयमा कतिपय शासनकाल आए, जसले संस्कृत र संस्कृताश्रित आर्य संस्कृतिको गौरव पनि राखे । परन्तु चिरकालसम्म संस्कृतको मूल स्थल आर्यावर्त; राजनीतिक परिवर्तनमा पर्दा संस्कृत भाषा माथि अनेक प्रकारको ठूलो वज्रपात पर्‍यो । त्यसको प्रभाव आर्यावर्तको मूर्धन्य छिमेकी देश नेपालमा पनि पर्‍यो र आज

यो अवस्था हाम्रो सामु देखापरेको छ ।

अब हामीले संस्कृतिको उत्थान गर्नु संस्कृतको उत्थान गर्नु अनिवार्य छ र उत्थानका उपायहरू निम्न लिखित अम्ल्याउँन सकिन्छः—

(१) हामी हिन्दू जातिको धर्म संस्कृति सभ्यता साहित्य, सङ्गीत, कला, इतिहास, राष्ट्रभाषा र मातृभाषाको अस्तित्व संस्कृतमा सुरक्षित छ र संस्कृत सुरक्षित भए मात्र ती सबैको सुरक्षा हुन सक्तछ । यो तथ्य जनसाधारणमा बुझाउने साधनको सदुपयोग गर्नु पर्छ ।

(२) मातृभाषाको साथसाथै संस्कृत शब्दकोष पढेर सरल संस्कृत साहित्य पढ्ने, अनि मात्र सरल व्याकरण पढ्ने पाठ्यक्रम बनाएमा सबैलाई सजिलो पर्छ र संस्कृत भाषा जटिल भन्ने भय भाग्छ । यसो भएमा सबैको स्वतः प्रवृत्ति हुन्छ ।

(३) संस्कृतका मर्मज्ञ विद्वान्हरूले मनोवैज्ञानिक दृष्टिकोण राखेर शब्द सरल, भाव गम्भीर भएका पाठ्यपुस्तक लेख्नु पर्छ ।

(४) व्यावहारिक, व्यावसायिक सच्चरित्र उदात्त र उदार सक्षम शिक्षा पाएका संस्कृतज्ञहरूको देश सेवामा समुचित स्थान रहनु पर्छ ।

(५) सृष्टिका आदिकाल देखि सर्वतन्त्र र स्वतन्त्र हाम्रो हिमाली हिन्दू राष्ट्रको मौलिक गौरव संस्कृतको संरक्षणमा संरक्षित रहन्छ भन्ने ध्रुव सत्य वस्तुस्थिति सबैले सम्झी सक्नुपर्छ ।

संस्कृतको पतनका कारणहरु

शास्त्री खगेन्द्रनाथ योगी
प्रथमीयर (फष्टीयर्ड) वेदेगाउँ
दुल्लु, दैलेख, (भेरी अञ्चल)

संसार प्रगतिशील भएकोले परिवर्तनशील पनि छ र भाषापनि संसारका मानवप्राणीहरूको भावाभिव्यक्तिको माध्यम भएको हुँदा, भाषामा पनि हेरा फेरी तथा ह्रास-विकासको क्रम चालू रहन्छ । अतएव संस्कृत-भाषाको पनि समयसमयमा ऱ्हास र विकास भएको हामी पाउँछौं । संसारको भाषा इतिहासमा यो कुरा सिद्ध भै सकेको छ कि, संसारका जति पनि भाषाहरू छन्, तिनी सबैको मूल स्रोत संस्कृत नै हो र संस्कृत नै अति प्राचीन, सुसभ्य र बहुविकसित भाषा हो । वर्तमान–काल संस्कृत भाषाको ऱ्हासको काल भन्न सकिन्छ, तर, यो पनि आवीकार गर्न सकिँदैन कि, आज पनि संस्कृत भाषाको पदलालित्य र अर्थगौरव लाई छुन सक्ने संसारको कुनै भाषा छैन । ठूलो दुःखको कुरा त यो छ–सर्वगुण सम्पन्न संस्कृत भाषाले आफु उचित स्थान लिन सकेको छैन । मेरो विचारमा संस्कृतको ऱ्हास हुनु तथा उसले आफु उचित स्थान ग्रहण गर्न समर्थ न हुनाका केही कारणहरू छन् जो यसप्रकार छन्–(१) सर्वप्रथम संस्कृतज्ञहरूको आवश्य-

कता भन्दा बढी सहनशीलता, उदारता र केही निजीस्वार्थ। (२) संस्कृतका विद्वान्हरूको सामाजिक क्षेत्रमा उपेक्षा हुनु। (३) जनसाधारणको संस्कृत विषयमा अज्ञानता। (४) संस्कृत पठन— पाठनमा जटिलता। (५) मुगल वादशाहहरूको र अग्रेज-शासनको लामो अवधिले गर्दा उर्दु र अंग्रेजीको हिन्दु समाजमा प्रभाव पर्नु। उपरोक्त कारणहरूले गर्दा संस्कृतको ह्रास भयो। किनभने संस्कृतज्ञहरूको सहनशील र उदार हुने हुँदा संस्कृतमा जे जति अन्याय र अत्याचार भए तापनि मौन रहे दोश्रो कुरा उनको निजी स्वार्थको कारण उनीहरूले संस्कृतलाई केवल पारिवारिक भाषा बनाएर संस्कृतलाई राष्ट्रव्यापी न बनाई पाठपूजामा सीमित बनाए।

२- संस्कृतका विद्वानहरूले आफु विद्वान् भै समाजमा संस्कृतको प्रचार गर्ने, संस्कृतमा भएका अमूल्य गुणहरूलाई विकसित गरि समाजको प्रेम संस्कृत तर्फ झुकाउँनाको सट्टा आफु पण्डितजी महाराज बनेर समाजलाई तुच्छ देख्ने र संस्कृतमा भएका गुणहरू समाजदेखि लुकाउँने,स्त्रीशूद्रले संस्कृत पढनै हुँदैनभन्ने र शिष्यलाई दासतुल्य गर्ने हुँदा समाज उपेक्षित भएर संस्कृतमा उदासीनता भयो। अर्को कुरा संस्कृतका विद्वान्ले नोकरी गर्न हुँदैन, सामाजिक क्षेत्रमा जानु हुँदैन, घरैमा पण्डितजी महाराज बन्नु पर्छ भन्ने भावना।

जनसाधारणको संस्कृत—ज्ञान नहुँदा संस्कृतका विशेषताहरू जान्न थाहा पाउन सकेनन् र संस्कृत पढेर के गर्ने ?

हामीले त जागिर खानु पर्छ, व्यापार गर्नु पर्छ, हलो जोत्नु पर्छ, संस्कृत पढे पछि यी सब कुराहरू गर्न सकिंदैन भनेर जनसाधारणले विदेशी ठाँटबाट देखेर तिनकै भाषा जाने यो त्यो ठाँटबाट पाइन्छ भन्ने भावनाले विदेशी भाषामा नै झुके। संस्कृतमा श्रद्धा हरायो, यो पनि एक संस्कृत पतनको कारण भयो।

४- संस्कृत—पठन—पाठनमा जटिलताः— अन्य भाषामैं केवल शब्दार्थ ज्ञान मात्र गर्नें नभै संस्कृतमा शब्द निर्माण समेत शास्त्रार्थपूर्वक गर्नु पर्ने र सूत्र—वृत्ति रट्दा—२ विद्यार्थीको सातो नैं हराउने र समय पनि ज्यादा लाग्ने भएकोले विद्यार्थी वर्गले संस्कृतापेक्षा विदेशीभाषा इङ्गलिशलाई माया गर्नु पनि संस्कृत पतनको कारण हो।

५) मुगल बादशाहहरूको र अंग्रेज शासनको लामो अवधिः— भारतमा मुसलमानहरूको र त्यसपछि अंग्रेजको शासनले गर्दा धेरै लामो समयसम्म संस्कृतले शिर उठाउँन पाएन, किनभने उनिहरू आफ्ना-२ भाषाको विकास चाहन्थे। र प्रथम मुसलमानहरूले उर्दू को प्रचार गरे, अनेकौं लोभ लालच हरूद्वारा हिन्दु समाजलाई आकर्षित पारिदिए जसको कारण संस्कृत नाममात्र रह्यो। त्यसपछि अंग्रेजहरूले पनि अरु सब भाषाहरूलाई एकातिर पन्छाएर इङ्गलिशलाई बढाए किन कि आफ्नु मए पनि आफ्नु भाषा सभ्यताले विश्वमा शासन गरोस भन्ने उनको लक्ष्य थियो। यो पनि संस्कृत-पतनको ठूलो कारण सिद्ध भयो।

संस्कृतोत्थानका उपायहरू

संस्कृतको उत्थान नभै हिन्दुजातिको र हिन्दु संस्कृतिको उत्थान, प्रायः असम्भव छ, अतः संस्कृतको विकास गर्न उपायहरू सोच्नुछ, सोचेर मात्र हुँदैन गर्नु पनि नितान्त आवश्यक छ । मेरो विचारमा निम्नलिखित उपायहरूद्वारा पनि संस्कृत उत्थान सम्भव छ ।

उपायहरू यसप्रकार छन्:—१ संस्कृतका विद्वानहरूले आफ्नु निजी स्वार्थलाई त्यागेर केवल घरैमा पण्डित जी महाराज न बनेर सामाजिक क्षेत्रमा सक्रिय भाग ली सर्वसाधारणमा यो सिद्ध गर्नु कि संस्कृत पढेका व्यक्तिले समाजको जुनसुकै पनि चाहिंदो कार्य गर्नु हुन्छ र विदेशीभाषाका भन्दा बढी गुण संस्कृतमा विद्यमान छन् साथै संस्कृतज्ञले केवल पाठपूजा मात्र हैन कि सांसारिक समस्त कार्यकलापमा पनि क्षमता प्राप्त गरेको हुन्छ ।

२) जनसाधारणलाई यस कुरामा विश्वास पार्न पनि आवश्यक छ कि, विदेशी भाषा केवल बाह्य सम्पर्कको लागी मात्र हो, आफ्नु प्राथमिकता त संस्कृतमा नै छ र संस्कृतमा पनि ज्ञान विज्ञान संपूर्ण छ ।

३) आज भोली जस्तो संस्कृत पढेका युवकहरूलाई मात्र बी. ए. गरेको छैन भनेर खुला प्रतियोगितामा उत्कृष्ट नम्बर ल्याएता पनि स्थान दिन हिचकिचाई कम नम्बरवाला बि. ए. लाई ग्राह्यता दिने चलन हाम्रै सरकारी व्यवस्थामा पाइन्छ,

यस कुराको जरो पनि निःशेष नष्ट गराउनु पर्छ।

४) संस्कृत अध्ययन प्रणालीमा केही हेरफेर गरी प्राचीन जटिलतालाई हटाई मौलिकता ल्याउनु पर्छ र सम्भव भए अन्य भाषा मै शब्दार्थज्ञान प्रणालीबाट नै विद्यार्थीलाई अध्ययन गराउने।

५) पाठ्यक्रममा शुरु कक्षाबाट नै संस्कृतलाई समावेश गर्ने र राष्ट्रमा द्वितीय भाषाको रूपमा अनिवार्य गर्ने।

६) संस्कृतका स्नातकलाई अंग्रेजीका स्नातक भन्दा बढी ग्राह्यता दिने, जस्तै बी.ए. वा सो सरहको ठाउँमा शास्त्री वा सो सरह भन्ने।

७) जिल्ला—२ मा र अञ्चल—२ मा संस्कृत विद्यालय, महाविद्यालय र युनिवर्सिटीको स्थापना गर्ने। संस्कृतको सरकारी रूपले प्रचारगर्ने र दाङमा स्थापित संस्कृतविश्वविद्यालय जस्ता महान् राष्ट्रिय संस्थालाई बढी सहयोग गर्ने इत्यादि उपायहरू द्वारा देशमा संस्कृतको उत्थान सम्भव छ।

●

न हि कल्याणकृत् कश्चिद्
दुर्गतिं तात गच्छति
(गीता)

(निवेदक प्रस्तोता)

प्रा० मधुसूदन रिसाल "प्रदीप" [एम्० ए०, दर्शनाचार्य, गीता वक्तामा, सांख्ययोगाचार्य, महेन्द्र विद्याभूषण] वाल्मीकि संस्कृत महाविद्यालय रामशाह पथ काठमाडौं (नेपाल) मार्ग २६ गते बुधवार २०२८। अस्तु श्री कृष्णार्पणम्

श्री समादरणीय योगीनरहरिनाथज्यू

संयोजकः—संस्कृतानुसन्धान गोष्ठी आयोजक समिति ।

महोदय !

नेपालमा संस्कृत भाषाको अनुत्थानका कारणहरू र यसका उन्नतिका उपायहरू बारे मैले विचार गरेका बुंदाहरू सूत्र रूपमा निम्न प्रकार निवेदन गरेको छु । पुनश्च मार्ग १६ गते सम्म मै पेश गरी सक्नु पर्ने लिखित सुझाव पेश गर्न ढिलो भएकोमा क्षमा प्रार्थी छु। एक संस्कृतानुयायीको नाताबाट प्रेषित यो सूत्रात्मक विचार अवश्य नै स्वीकृत होला भन्ने आशा लिएको छु:—

क) अनुत्थानका प्रमुख कारणहरू

१) श्री ५ महाराजाधिराज सरकारको यसप्रति ममता र आस्था प्रशस्त रहे तापनि श्री ५ को सरकारका विशिष्ट पदाधिकारीहरूबाट यसको महत्त्व नबुझी उपेक्षापूर्ण व्यवहार हुनु अनुत्थानकोमूल कारण हो ।

२) संस्कृतका विद्वान्हरूले यसको महत्ता र उदारतालाई व्यापकरूपमा प्रचार प्रसार गर्न नसक्नु र आफूले भोगेको दुःख एवं आर्थिक संकटबाट पीडित भै आफ्ना सन्तानहरूलाई अंग्रेजी–आदिको अध्ययन गराउनु ।

३) वर्तमान संस्कृत-विद्यार्थी बन्धुहरूको बाहिरी चहलपहलमा मात्र ज्यादै अभिरुचि रहनु र अध्ययन प्रति कम दिलचस्पी रहनु ।

४) संस्कृत तर्फका स्नातक (शास्त्री) र स्नातकोत्तर (आचार्य आदि) लाई अध्ययन पछि जीविकोपार्जनको कुनै निश्चित क्षेत्र नरहनु इत्यादिलाई नै संस्कृत भाषाको अनुत्थानको बीज रूपमा उल्लेख गर्न सकिन्छ ।

ख) उन्नतिका उपायहरु

१) संस्कृत भाषाको व्यापक महत्वलाई हृदयङ्गम गरी सरकारको यस प्रतिको उपेक्षापूर्ण दृष्टि हट्नु पर्दछ ।

२) संस्कृतका विद्वान्हरूले यसको महत्तालाई राम्ररी जनतामा बोध गराउनु पर्दछ ।

३) वर्तमान संस्कृतका विद्यार्थी बन्धुहरूमा जस्तो बाहिरी विषयमा ज्यादा अभिरुचि छ, त्यस्तै अध्ययन विषयमा पनि ठूलो उत्साहपूर्ण अभिरुचि रहनु पर्दछ । यस्तै आफ्नो सभ्यता, संस्कृति र धर्ममा पूर्णरूपेण आस्था रहनु पर्दछ ।

४) संस्कृतका विद्वान्हरूले आफ्ना सन्तानहरूलाई अनिवार्य रूपले संस्कृत पढाउनै पर्दछ र आदर्श नमूना बनाउनु पर्दछ ।

५) संस्कृतका स्नातक र स्नातकोत्तरका लागि जीविकाको निश्चिन्तता (ग्यारिण्टी) हुनु पर्दछ । यस्तै शास्त्र रक्षा हुने खालका विशेष परीक्षा र साधारण तह समेत गरी दुई तहको शास्त्री र आचार्यको परीक्षाको व्यवस्था हुनु पर्दछ । शास्त्र रक्षा तहमा अध्ययन गर्ने प्रतिभाशाली र विशेष मतिमान् छात्रहरूका लागि विशेष वृत्तिको व्यवस्था हुनु पर्दछ ।

६) नं. ५ मा उल्लिखित व्यवस्था मिलाउन पहिलेनै घोषणा भै सकेको "नेपाल—संस्कृत—विश्वविद्यालय"को स्थापना शीघ्रातिशीघ्रनै हुनु पर्दछ । इत्यादि ।

संस्कृतको अनुत्थानका कारण र उत्थानका उपायहरू

तुलसी "वैरागी"
पूर्व ३ नं. चिसङ्खु

विश्व हिन्दु दर्शनमा सबैले अम्ल्याएको एकमात्र हिन्दु राज्य नेपाल। बुद्ध र सीतालाई काखि च्यापि दुवै कांधमा शिव पार्वती लिएको यो नेपाल । जसको (संस्कृतको) छत्रछायामा हुर्केर वीर गोर्खालीको पदवी पाएको नेपाल । आफ्नो धर्म आत्म विश्वास देवी देवता माथि आस्था ईश्वरीय वरदानले गर्दा आज प्रत्येक नेपालीलाई भरिपूर्णँ छ भन्नमा अत्युक्ति नहोला ब्रह्मा पनि एकदिन मर्छन् भन्ने आत्म—ग्लानिलाई लिएर अर्थात् हामी-हामी मै विश्वास नहुंदा यसको परिणाम र यसको आन्तिम ठक्करले हाम्रो मातृ भाषा र यसको जननी संस्कृतमा गएर ठूलो असर पारेको छ। यस रोगको निवारण र (संस्कृतको) संवर्द्धनको लागि निर्दलीय पञ्चायती व्यवस्था र शोपण रहित समाजको सिर्जनालाई साथी पाएर पनि रोग निवारण गर्नु भन्दा संबर्द्धनको उपायमा हामीहरू जागृत हुन थाली सकेका छौं। यस्तो फितलोपना हामीहरूमा आउन थालो भने हाम्रा भविष्यका सान्ततिले हामीलाई धिक्कार गरेर बोक्रे भाषाको अर्थात् (म्लेच्छ) भाषाको ओत प्रोत स्थितिमा कठपुतली भएर बस्ने छन् ।

हाम्रो समाजमा पञ्चायती व्यवस्था केही दिन अगाडि आए पनि शुरू शुरूका नेपालका संस्कृत प्रेमीहरूले देवताकै वरदानद्वारा भनौ देशको मौलिकतालाई अपनाए । पञ्चायती व्यवस्था अँगालेको साक्षी हाम्रा इतिहासका पाना अगाडि छिप्न सक्तैनन् । मातृ भूमि नेपाल आमाको रगतले मुछिएका एक करोड तेह्र लाख नेपालीलाई बाहिर बोक्रे पनाले आवरण गरे पनि नेपालीको भाग्य र नेपाल आमाकै देन हो । हामीले संस्कृत भाषा भन्ने बित्तिकै हृदय देखि नै देवी देवतालाई स्मरण गरि हाल्छौं । म्लेच्छ भाषाको उच्चारण मात्र गर्दा सीधै नर्क पट्टी ध्यान आकर्षित हुन जान्छ । यो दोश्रो विशेषता ईश्वरीय वदानको परिणाम र साक्षात् नेपाल आमाको स्तुत्य सन्तान जनाएकोहो । एतावता संस्कृतधर्मले नेपालीको अस्तित्व र नेपालीले संस्कृत धर्मको अस्तित्व राख्नु अनिवार्य र अत्यावश्यक भएको छ । संस्कृत मासिनुनै हाम्रो मातृभाषा मासिनु हो र आफैले प्रादुर्भाव गरेको पञ्चायती व्यवस्थाको गलो रेटेर विश्वलाई हँसाउनुहो । ईश्वरीय प्रदत्त हात खुट्टालाई बदलेर हात खुट्टा बनाएर कहिल्यै पनि हामी अगाडी बढन सक्तैनौं । नेपाल र नेपालीको विचारधारामा कुनै पनि वैज्ञानिकले तौलन सकेको थिएन । तौलन कस्को तागत छ भन्ने हामीले पूर्ण विश्वास लिएका थियौं जसको (संस्कृतको) अस्तित्व गुमाउने चेष्टा सबैलाई सौख्य-प्रद बन्दै आएको छ । हामी बोक्रा पनि फ्याक्न सक्तैनौ गुदीको संरक्षण कालले नै गरेको हुन्छ। विदेशीले आएर

निःशुल्क किताव वितरण गर्ने निउले विदेशी धर्मको प्रचार गरि रहेका छन् यो कसैलाई थाहा छैन, यसको मतलब यही हुनआउँछ कि नेपालीको चुरो समाते पछि छुटकारा पाउन नेपाल १९४७ अघिको भारत बन्नेछ । यदि समयमा नै संस्कृत भाषाको सम्बर्द्धनमा लाग्यौ भने राष्ट्र भाषाले स्वतः रामबाणको काम दिने छ, हामी बोक्रेपनामा नढली दुरो लाटी टेकेर साथ नपाएर हराउन लागेका पुराना शब्द र सांस्कृतिक तत्व खोज्नुहोभने ढुङ्गा ढुङ्गामा कान्ला, काँन्लामा टाकुरा–टाकुरामा, डाँडा-डाँडामा पर्वत पर्वतमा वुट्टा–वुट्टामा र जङ्गल-जङ्गलमा प्राप्त गर्न सक्छौ । यी शब्दहरूलाई सामु ल्याएर व्यवहारमा प्रयोग गर्ने हो कुनविदेशी नेपालीको गहिराई र सगरमाथाको उचाइमा दाँज्न सक्तछ । अहिले ठेट नेपाली शब्द प्रयोगमा आउँदा हामीहरूलाई अनौठो लाग्न थालीसकेको छ । धोबीको कुक्कुर घर न घाट भने झैं यसो भो भने न मातृभाषा जान्दछौ न विदेशी भाषा नै अनि रुघा खोकीको खिचड़ी हामीलाई सर्नेछ । कुन वैज्ञानिकले आज खेतमा बीज नछरी स्वतः वीज उमार्ने वैज्ञानिकता देखाएको छ, पुरानो रीतिरिवाजलाई पल्टाएर कल्याणप्रद बन्न यस संसारमा कुनै पनि महापुरुष जन्मेको छैन र भविष्यमा पनि जन्मने छैन । वीनै पुराना रीति र स्थितिमा पुच्छर जोड्ने मात्र हुन् । अरु कुनै पनि यस्तो देश छैन । जुन कि हाम्रो देशले झैं मातृभाषाको सट्टा विदेशी भाषाको बहुमत ल्याएर विदेशी भाषालाई प्रधान र मातृभाषालाई गौण गराउने ।

संस्कृत भाषाप्रति हामीहरूलाई आस्ता घट्दै गएको यो पनि देखापर्छ कि बैज्ञानिकहरूले साँझ बिहान पूजा गर्ने हाम्रो देवताको वक्षस्थलमा पाइला हाली सकेका छन् । यसको यही जबाफ हुन सक्तछ, म्लेच्छ भाषाज्ञहरूको धर्म र संस्कृति हामीहरूमा मिल्दैन र हाम्रो धर्म संस्कृति उनिहरूमा मिल्न सक्तैन (उनीहरू) बाइबीललाई धर्मग्रन्थमान्छन् हामीहरू वेद, पुराणादि। उनीहरू इषुकृष्ट आदिलाई ईश्वर समानमान् छन् त हामीहरू राम, सीता आदिलाई । यसै कारण हाम्रो ईश्वरको वक्षस्थलमा पाइला हाल्न उनीहरू केही हिच् किचाउँदैनन् । हामीहरूले हाम्रो ईश्वरको वक्षस्थलमा टेके भन्दैमा अब आमाबाबुलाई छोड्नु दाजुभाईलाई दाजुभाई भन्न छोड्नु, र दिदी बहिनीलाई दिदी बहिनी भन्न छोड्नु राष्ट्रभाषाको पतन गराउनु हो साथै जननी संस्कृतभाषाको लोप गराउनु हो । यस्तै गर्दै गयौं भने अलि दिनमा हामीले नेपाली भन्न पनि अवश्य छोड्छौं । यसमा केही सन्देह छैन।

दोश्रो उत्तर के बैज्ञानिक चन्द्रमा पुग्नु भन्दा पहिले हाम्रो ज्यौतिषज्ञहरूलाई थाहा नभएको हो र यस दिन चन्द्रग्रहण र यस दिन सूर्यग्रहण लाग्छ भनेर प्रत्यक्ष सबैको सामु देखाई दिएका थिए, यो पनि कम महत्व पूर्ण विज्ञान होइन । चन्द्रमामा वैज्ञानिकहरूले टेके यसमा दुईमत कसैले गरेको छैन, तर किन प्रत्यक्ष हाम्रा ज्यौतिषज्ञहरू झैं सबैको सामुन्ने गराउने चिन्ह राख्न सकेनन्। यसबाट यही स्पष्ट हुन्छ कि हाम्रा नीतिशास्त्र,धर्म

ग्रन्थ र गणित आदिको खण्डन मण्डन, र राम्रो चिन्तन गर्ने हो भने वैज्ञानिकमात्र नभएर विशेष वैज्ञानिक हामीहरू बन्ने थियौं र अन्तमा यही भन्न सकिन्छ संस्कृत भाषाको उत्थान नभई अरु उपायबाट राष्ट्रभाषा संरक्षण र स्फष्टाउन सक्तैन। मातृभाषा र पञ्चायती व्यवस्थाको जननी संस्कृत भाषा हो भन्न मा नेपाली दुइमत हुंनसक्तैन। यही भाषा, यही धर्म, यही कर्म द्वारा शोषणरहित समाजको सिर्जना गर्न सकिन्छ।

श्री ५ को सरकारसित संस्कृत जगत्का साधिकार मागहरू

(एकादश—सूत्र)

राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सभ्यता, संस्कृति, धर्मको संरक्षण र सम्बर्धन गर्न आदिकालकदेखि आजसम्म आर्य अध्यात्म विभूतिहरूले वैज्ञानिक दृष्टिकोणबाट प्रतिपादन र परिमार्जन गर्दै ल्याएको वैदिक संस्कृत वाङ्मय बद्धमूल रहोस् र "सर्वे भवन्तु सुखिनः" भन्ने सर्वभूत हितसाधनकानिमित्त निम्न लिखित संस्कृत जगत्का मागहरू श्री ५ को सरकारले अविलंब पुरा गरोस्।

१) राष्ट्रिय शिक्षा समितिमा न्यूनतम ३ जना हामीहरूले छानेका प्रतिनिधि राखियुन्।

२) चतुर्थ कक्षादेखि उच्चकक्षासम्म सर्वत्र सरलसंस्कृत न्यूनतम १०० नं को पाठ्यक्रम अनिवार्य होस।

३) आर्य संस्कृतिका अनुयायी हिन्दूधर्मावलम्बी घोषित हिन्दू राष्ट्रमा सञ्चालित नेपाल-संस्कृत–विश्व-विद्यालय दाङ्गलाई स्वशासित रूपमा चल्न दिइयोस् ।

४) संस्कृत पाठ्यक्रम आमूल परिवर्तन गरी सरल व्यावहारिक व्यावसायिक र सामाजिक बनाइयोस् ।

५) राष्ट्रिय शिक्षा पद्धतिको योजनामा प्रथम स्थान राष्ट्रभाषाको द्वितीयस्थान संस्कृतभाषाको र, तृतीयस्थान अरू भाषाको रहोस् ।

६ शास्त्रीको ख वर्गको आधारमा सम्बन्धित विषयको एम्. ए. र, संस्कृत स्नातकत्वको आधारमा बी. एल. मा यसै सत्र देखि प्रवेश खुलोस् ।

७) पाठ्यक्रम निर्माण नीति निर्धारण प्रसंगमा हामीहरूले प्रस्तुत गरेका योजना अनुसार पाठ्यक्रम निर्माण कार्य अविलम्ब प्रारम्भ होस् ।

८) शिक्षण संस्थाहरूमा भवनहरूको अविलम्ब आवश्यक नव निर्माण र जीर्णोद्धार होस् ।

९) वेद, आयुर्वेद, ज्यौतिष, संस्कृत शिक्षण संस्थाहरूमा रिक्त का० मु० र अपुग पदको अविलम्ब पूर्ति होस् ।

१०) सेवा, सूचना, आदिमा सो सरह नभनी स्पष्ट किटान गरियोस् ।

११) राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को संशोधन होस् ।

‘हिन्दूराष्ट्रमा संस्कृतको हत्या नहोस्’’

हृदय नारयण चौधरी बी.ए.

संस्कृत भाषा नै विश्वभरिका भाषाहरूको मातृभाषा हो र हामीलाई जतिको गौरवशाली जगज्ज्येष्ठ वैदिक वाङ्मय धर्म संस्कृति सभ्यता र हिन्दू राष्ट्रको प्राण संस्कृतभाषामा निहित छ भन्ने कुरा पनि सर्व विदित छ ।

जब कि धर्म निरपेक्ष भारतमा संस्कृतकालागी अनेक प्रबन्ध हुँदैछन् । जर्मनीमा राष्ट्रिय समाचार समेत संस्कृतमा प्रसारित हुन्छ र उच्चकोटिको वैदिक साहित्य सुरक्षित छ । रुस आदि विश्वका अनेक राष्ट्र संस्कृतका पोषक र रक्षक बनेका छन् । अफगानिस्तान इत्यादि देशमा संस्कृतको अनिवार्य पाठ्यक्रम छ । एवं संस्कृतको मौलिकता र गरिमा विश्वले जानेकोछ ।

तैपनि हाम्रो आर्य संस्कृतिको अनुयायी हिन्दू धर्माबलम्बी हिन्दू राष्ट्र संस्कृतको जरै काटेर पातमा पानी हाल्ने नाटक खेल्दै छ । यो कुरा संस्कृतका विद्वान्, शिक्षक, विद्यार्थी र संस्कृत प्रेमी कसैका अगी उपेक्षणीय र क्षमायोग्य छैन ।

अतः समयमा नै सबैले एकमत भएर हिन्दु राष्ट्रको सातो फर्काउनु पर्छ र चारकक्षादेखिनै सरलसंस्कृत — सर्वत्र एक-सय (१००) नम्बरको पाठ्यक्रम अनिवार्य हुनुपर्छ ।

राष्ट्रिय शिक्षा समितिमा प्रतिभाशाली संस्कृत-विद्वान्

न्यूनतम एक तिहाई राखिनु पर्दछ । संस्कृत शिक्षकहरूको प्रशिक्षण गर्ने केन्द्र अविलम्ब खुल्नुपर्छ । संस्कृतको सरल पाठ्यक्रम निर्माण गर्ने समिति अविलम्ब गठित गरी काम सुम्पिनु पर्छ, संस्कृत शिक्षा संस्थाहरूमा रहेका त्रुटिहरूको संशोधन हुनुपर्छ । जनक-याज्ञवल्क्य-गार्गी वाल्मीकि-कपिल—गार्ग्यायण— गौतम-मार्कण्डेय—वत्स—पुलह—ऋष्य शृङ्ग—भृगु—पराशर-व्यास आदिको जन्म एवं कर्मभूमि आर्यावर्तका माल-प्रदेश-नेपालमा सर्वथा समुचित संफेर देश-विदेशका मनीषिमण्डलीद्वारा आकाङ्क्षित, प्रस्तावित एवंम् अनुमोदित तथा अपार-जनसहयोगद्वारा सञ्चालित र विश्वमा अद्वितीय तथा घोषित हिन्दुराष्ट्र नायकद्वारा घोषित नेपाल—संस्कृत—विश्व—विद्यालय दाङ्गलाई सबलता पूर्वक सञ्चालन गर्नु हिन्दू मात्रको परम कर्तव्य हो ।

संस्कृत केक लागि ?

—योगी नरहरिनाथः

आज संस्कृतको समस्या गम्भीर छ । संस्कृतको नौका डगमगाएको छ । नौकारूढ यात्रीहरू आत्तिएका छन् । संस्कृत कल्पवृक्षको मूलच्छेद गर्न कूटनीतिक कठोर कुठार उठेको छ । हुरीले हाँङ्गाविङ्गा हल्लाइरहेछ । चक्रवातले जरा खलबल्याइरहेछ । पात चुडिएर आकाशमा उडिरहेछन् । संस्कृतका सघन

सफल छायामा बसेका—आर्यमर्यादा, हिमवत्संस्कृति, हिन्दूधर्म, सभ्यता, देशसेवा, देशभक्ति, राष्ट्रियता, राष्ट्रभाषा, सद्भावना, विश्वात्म—दर्शन, विश्वबन्धुत्व, विश्वमैत्री, विश्वशान्ति, विश्व सहअस्तित्वहरू किंकर्तव्य विमूढ भएर दुवै हातले आँखा छोपेर फेदैमा थुप्रिएका छन् । शाखासीन शकुनिगण शाखोपशाखा छोडेर पखेटा फटार्ने झञ्झावातमा कान्दिशीक दशामा उडिरहेछन् । फूटको कालकूट बोकेर फैलाउँदै कालो बतास बगिरहेछ । अनन्त आकाशमा झमलिएर उत्पातमेघ घनघोर गर्जना गर्दै बिल्वस्थूल मेघोपल बर्षाइरहेछन् । फलफूल र पालुवा चुँडिएर झरिरलेछन्, उडिरहेछन् । भूकम्प भइरहेछ । प्रलयङ्कर भयङ्कर दुःस्थिति छ । थाहा छैन यसको पर्यवसान चारैतिर कस्तो हुन्छ । होहल्ला र कोहोलो मच्चिएको छ:— संस्कृत भाषा मृतभाषा हो ! ग्रीक लेटिनका कोठामा थन्क्याउ ! संस्कृतले धन दिन्न ! धक्का मारेर ढोका कटाइदेउ ! संस्कृतले मान दिन्न, मार सुङ्ग्री मुग्लान खेदिदेउ ! संस्कृतमा सङ्कीर्णता छ, चटक्क छाडिदेउ ! संस्कृतमा विज्ञान छैन विदा गरिदेउ ! संस्कृतमा व्यवसाय छैन विदेश निकाला गरिदेउ ! संस्कृतमा जीविका छैन, जीवन छैन, जीर्ण शीर्ण भैसक्यो, फाटेको थाङ्नु फालिदेउ ! प्रगतिशील जमाना छ, मानिस चन्द्रलोक पुगिसक्यो, यन्त्रयुग आइसक्यो, खुट्टाले हिंड़ेर हुदैन, हातले कमाएर पुग्दैन, मुखले बोलेर कसैले सुन्दैन, लाउड् स्पीकर लगाउ ! आँखाले देखेर देखिन्न, चश्मा लगाउ ! पृथ्वीले बसोबास पुग्दैन, आकाशमा

अड्डा बनाउ ! अन्नपानीले पेट भरिन्न, अरू अरू कुरा खाउ ! धर्मका बन्धन बाधक हुन्, धक्कामारी तोडिदेउ, ईश्वर भन्ने धोका हो, पुण्यकर्म छोड़िदेउ ! धर्म ढोगी मुर्दाबाद ! इन् क्लव जिन्दावाद ! इत्यादि ।

एकातिर गगनभेदी गम्भीर नारा लागिरहेछन्:- संस्कृतम् वेद भाषा ! संस्कृतम् देव भाषा ! संस्कृतम् मातृभाषा ! संस्कृतम् राष्ट्रभाषा ! संस्कृतम् विश्वभाषा ! जयतु संस्कृतम् जयतु संस्कृतिः, जयतु सभ्यता ! जयतु सनातनो धर्मः ! इत्यादि ।

यस्ता जटिल समस्याको समाधान निष्पक्ष मध्यस्थ, विवेकी मात्रले गर्न सक्छ । प्रश्न आउँछ— संस्कृत केका लागि पढ्ने ? केका लागि पढाउने ? केका लागि बढाउने ? संस्कृतमा अर्थराशि किन लगाउने ? गिदी किन खियाउने ? संस्कृत शिक्षण किन गर्ने । संस्कृतले के दिन्छ ? संस्कृतबाट के पाइन्छ ? संस्कृतमा के छ ?

हाम्रो राष्ट्रभाषा संस्कृतको धरातलमा उम्रेको हो, संस्कृतका आधारमा आधारित छ । शतप्रतिशत शब्द तत्सम-तद्भव र तद्विकृत रूपमा छन् । राष्ट्रभाषा साहित्यलाई समृद्ध पार्न राष्ट्रभाषा भण्डारलाई भर्न, राष्ट्रभाषा नदीलाई प्रगतिशील गर्न, संस्कृत पढ्नु पढाउनु अनिवार्य छ । राष्ट्रभाषा भगवतीका अङ्ग प्रत्यङ्ग अलङ्कृत गर्न संस्कृतका उज्ज्वल अलङ्कारको आवश्यकता छ । उपमा कालिदासस्य-कवि कुल गुरु कालिदासका

आलङ्कारिक संस्कृत भाषाको अनुवाद पनि अद्भुत लाग्छ । त्यो संस्कृतको महिमा हो । भानुभक्त, लक्ष्मीप्रसाद, लेखनाथ आदि राष्ट्रभाषाका महाकविहरूले संस्कृत पढेका थिए र गतिलो साहित्य दिन सक्षम भए । गहकिलो र चोखो साहित्य सर्जनका लागि संस्कृतको तलस्पर्शी परिशीलन गर्नु पर्‍यो । संस्कृतको व्याकरण, कोष र साहित्य सम्झेका विद्यार्थीहरू विश्वका अरू सबै भाषामा छिटो प्रगति गर्छन् । किनकि, विश्वभाषाको मूल संस्कृत वाङ्मय हो । हाम्रो भाषा संस्कृत कल्पतरुको मुख्य शाखा हो । मूलच्छेद गरे पछि शाखाहरू स्वतः समाप्त हुन्छन् । संस्कृत मेघबाट बर्षेको जल हो । हाम्रो भाषा छानाबाट झर्ने पानी हो । अरू भाषा आङ्गनमा परेर नालीबाट बगेको पानी हो । मूलतः एउटै वस्तु पनि पात्रभेदेन विभिन्न भाँतिको हुन्छ । मूलको पानी, कुलको बानी धमिलो हुँदैन । हामीले हाम्रा मौलिकताको प्रतिपालन गर्न पनि संस्कृतको प्रतिपालन गर्नु पर्छ । हिमवत् संस्कृतिको हृदय, आर्यसंस्कृतिको आत्मा, हिन्दू धर्मको तत्त्व, हिन्दू राष्ट्रको महत्त्व, हिन्दू—जातिको एकत्व र मानवताको अस्तित्व यी सबै संस्कृतमा निहित छन् । तिनको रक्षा गर्न पनि संस्कृतको रक्षा गर्नु पर्‍यो । एउटै देशमा, एउटै कालमा, एउटै जातिमा पनि मूल विस्मृतिले वैमनस्यको विष वमन गर्छ । तसर्थ "माता च पार्वती देवी पिता देवो महेश्वरः। बान्धवा मानवाः सर्वे स्वदेशो भुवनत्रयम्" ॥ भन्ने विश्वात्म–भावनाको लहरो हरियो राख्न पनि संस्कृतको जरो काट्नु भएन । "पुरुष

विषाऽनित्यत्वात्कर्मसंपत्ति र्मन्त्रो वेदे" भनेर वैदिक धर्म कर्म साङ्गतार्थ वैदिक संस्कृत भाषाको मञ्जूषा बनेको हो। तर गोप्यको अर्थ 'गुप्त रत्तरो' नसम्झेर गोप्यको अनर्थ लोप्य गर्नु भएन। संस्कृतसित हाम्रो भाषिक सम्पर्क मात्र नभई भावनात्मक बलियो सम्बन्ध छ आमूल चूल संस्कृतको गम्भीर गवेषणा नगरी हामीले हाम्रै आदर्श इतिहासका सुनौला पाना पनि पल्टाउन सक्तैनौं। संस्कृतको सम्यक् स्वाध्याय नगरी हामीले "हामी" भइकन बाँच्नु पनि कठिन छ। तसर्थ स्वस्थ मस्तिष्कले सबैले यो गुनिदिनु पर्‍यो—संस्कृत केका लागि।

संस्कृतको पतनका कारणहरू र उत्थानका उपाय

लेखनाथ कोइराला
सपादक— विश्वात्म-दर्शन

पतनका कारणहरू:—

१) संस्कृत भाषा—निबद्ध प्राचीन जटिल ग्रन्थहरू असामयिक भइसक्ता पनि सामयिक पाठ्यपुस्तक तयार नहुनु।
२) पठन पाठनको नयाँ प्रशिक्षण नहुनु।
३) आधुनिक वैज्ञानिक—ज्ञान यस भाषामा समावेश गर्ने प्रयास नहुनु।
४) केही अल्पज्ञ विद्वान् भनाउँदाबाट संस्कृत वाङ्मयको

महानतालाई नबुझी जाति, वर्ण, लिङ्ग आदिमा भएको भ्रामक भेद—भावले संस्कृत भाषा प्रति वञ्चित वर्गमा ठूलो अनास्था, अविश्वास र असहयोग भएको हुँदा यसको पतन हुँदै गयो ।

५) यसको समुन्नतिको निमित्त सरकारबाट उचित प्रबन्ध हुन नसक्नु ।

६) संस्कृत वाङ्मयसङ्ग सम्बन्धित केही धार्मिक व्यक्तिहरूले धर्मको नाममा गरेका ढोङ्गी कार्यहरूले पनि सर्वसाधारणमा विस्तार विस्तार अनास्था बढ्दै गयो ।

७) गुरु, पुरोहित, सन्त, महन्त, पूजारीहरूमा आचार—विचार विद्वत्ता आदिमा भन्दा घूस, पेश, भेषलाई बढ़ी मान्यता दिइएकोले धार्मिक जगत्मा आएको शिथिलताले संस्कृत भाषालाई नछोईरहन सकेन ।

८) विदेशको रङ्गी—चङ्गी देखेका केही व्यक्तिहरू हाम्रो संस्कृत संबन्धी विचारधारालाई छोडेमा प्रगति गर्न सकिने रहेछ भन्ने भ्रान्त धारणामा परेर यसको उपहासपट्टि बेसि तसिएका र त्यस्तै व्यक्तिलाई सरकारले पनि विशेष प्रोत्साहित गरेको हुँदा संस्कृतको पतन भएको हो ।

९) सरकारी नोकरीमा संस्कृतको स्थान सीमित गरिदिएको हुँदा जीविकोपार्जनको भयले यसमा शिक्षार्थीहरू दिनानुदिन घट्तै गए ।

१०` अङ्गरेजी भाषा प्रति सरकारको अनन्य भक्तिले त संस्कृतको धुक-धुकी मात्र बाँकी राखिदिएको छ ।

उक्त दोषहरूको निवारण भएमा यसको स्वतः उत्थान हुन जान्छ ।

★

आयुर्वेद-विज्ञान-समीक्षा

संक्षिप्त

ले. रामचन्द्र अधिकारी
अध्यक्षः आयुर्वेद छात्र समिति

आयुर्वेद चिकित्सा–विज्ञान नेपाली जनजीवनमा अमीट रूपले भिजेको छ। जन स्वास्थ्यको सुरक्षाको साथै आर्थिक दशकको खास सफलता चाहने हो भने आयुर्वेदको उत्थान र विकास अनिवार्य हुन आउँछ। हुन त आयुर्वेदको विकास गर्ने सन्दर्भमा यता केही वर्ष देखि पालैपिच्छे फेरिँदै आएका अनगिन्ती मन्त्रीज्यूहरूले असंख्य आश्वासन र मौखिक भरोषाहरू पनि नदिनु भएको होइन। तर वास्तवमा आयुर्वेदको खास उत्थानको लागि हुनु पर्ने आन्तरिक व्यवस्था र आधारभूत योजनाहरू भने तर्जुमा नभएको बुझिन्छ। त्यसको प्रत्यक्ष प्रमाण त हाम्रो अगाडि तेर्सिएको राष्ट्रिय शिक्षा पद्धति २०२८ को योजना पुस्तिका छँदैछ।

अब आयुर्वेदको उपयोगितापट्टि केही चर्चा गरौं सरकारी तवरबाट जतिसुकै उपेक्षा गरियोस् तापनि आयुर्वेदको परम्परा अझै नेपालमा वर्षौं (यावच्चन्द्र दिवाकरौ) जीवित रहन सक्दछ। अझै यहाँ गाऊं र देहातका निवासीहरू बिना अध्ययन परंपरागत आयुर्वैदिक संस्कार अनुसार आफ्ना घर वरिपरिका

वन, उपवन र खेत बारि आदिका छेउछाऊमा पलाएका रूख-विरूवाका जरा बोक्रा घोटेर आफ्ना भयानक शत्रु—रोगलाई हटाउँदछन् । यो नेपालीको आफ्नै संस्कार हो । अब अवस्था अनुसार डाक्टर र कविराजको सामर्थ्यको तुलना गरौं, कुनै साधनविहीन डाक्टर र कविराज मानौं दुर्गम पहाडी गाउँमा पुगे, त्यहाँ असंख्य भयानक रोगीहरू फेला परे, अब डाक्टर, औषधि र उपकरण छैनन् भनेर टवाल्ल परिरहन्छ । कविराज भने धमाधम वरिपरि पाइने जडीबुटी खोजेर एकाएक रोगीहरूलाई निको पार्दै जान्छ । गाऊं गाऊंले भरिएको देश नेपालको (शहरीक्षेत्र बाहेक) लागि डा० र क० कुन बढी महत्त्वपूर्ण होला ? यो बताइरहनु पर्ने कुरा पनि होइन । न त हो डाक्टरको अनास्था नै ।

केहीः— आयुर्वेदका अवरोधका कारण र उत्थानका उपायहरू यहाँ दर्शाइन्छ ।

अवरोधका कारणहरूः—

१, आयुर्वेदलाई आधुनिकीकरण र लोकप्रिय बनाउने तर्फ श्री ५ को सरकारको ध्यान नजानु ।

२, आयुर्वेदका केही सङ्कुचित व्यक्तिहरूले आयुर्वेदलाई केवल जीविकाको साधन मात्र सम्झनु ।

३, देशमा स्तर युक्त औषधिको पर्याप्त मात्रामा निर्माण हुन नसक्नु र सिंहदरवार वैद्यखानालाई स्वशासित नबनाई सात घुंति भित्र गुम्स्याइ राख्नु ।

४, देशका धनी परिवारहरुले आयुर्वेदीय औषधि प्रति अनास्था दर्शाउनु ।

५, आयुर्वेदको पठन पाठनको लागि आवश्यक शैक्षिक सामग्रीहरु र प्रशिक्षणप्राप्त प्राध्यापकहरुको व्यवस्था नहुनु ।

६, भरदेशका आयुर्वेदविद् बैद्य कविराजहरुको संगठन न हुनु ।

७, आयुर्वेदीय औषधिको सबै चिकित्सालय (हस्पिटल) हरुमा स्थान नराखिनु ।

८, परिवार नियोजन र स्वास्थ्य टोलीहरुमा आयुर्वेदलाई समावेश नगरिनु ।

९, विदेश निकाशि हुने जडी बुटीमा नियन्त्रण न हुनु र, जड़ीबुटीको संरक्षणको व्यवस्था नहुनु ।

१०, आयुर्वेदको लागि आवश्यक बजेट र योजनाको तर्जुमा नहुनु ।

११, आयुर्वेदकोलागि अधिकृत स्तरीय पद ज्यादै कम वा नगण्य मात्र हुनु ।

उत्थानका उपायहरु:—

१, नया शिक्षा योजनामा आयुर्वेदलाई अनुसन्धान तह सम्म नै राखिनु पर्दछ ।

२, आयुर्वेद विद्यालयलाई डिग्रीकलेजस्तरीय मान्यता वा नया शिक्षानीति अनुसार अविलम्ब अध्ययन संस्थान (इन्स्टी च्यूट)को रुपमा लिइनु पर्दछ ।

३, आयुर्वेद अध्ययन गर्ने छात्र-छात्राहरुलाई पुरै छात्रवृत्तिको सहुलियत हुनु पर्दछ ।

४, आयुर्वेदाचार्यको परीक्षा त्रि.वि.वि.ले लिनु पर्दछ ।

५. देशका प्रत्येक अंचल र जिल्लामा आयुर्वेद अध्ययन—अध्यापन संस्थान खोलिनु पर्दछ ।

६, राष्ट्रिय जन—आवश्यकतानुसार स्तरयुक्त औषधि, निर्माण गर्ने औषध निर्माण शाला अविलम्ब निर्माण गर्ने व्यबस्था हुनु पर्दछ ।

७, आयुर्वेदलाई राष्ट्रिय-चिकित्सा-पद्धतिको रूप दिइनु पर्दछ ।

८, प्रत्येक हस्पिटल र हेल्थ सेन्टरहरुमा आयुर्वेदीय औषधिको समावेश हुनु पर्छ ।

९, आयुर्वेदीय वनौषधिको प्रचुरता हेरि प्रत्येक अंचलमा एक एक औषधि निर्माण कारखाना (फ्याक्ट्री) खोलिनु पर्दछ ।

१०, देशका प्रत्येक गा.पं. मा आयुर्वेदीय औषधालयहरूको स्थापना गरिनु पर्दछ ।

११, अनुसन्धानको लागि उचित व्यबस्था हुनु पर्दछ ।

★

(२०२८।८।६।५ प्रांतः ८ बादने काष्ठमण्डपस्थिते संस्कृत छात्रावासे छात्रैरायोजितायां छात्र विद्वत् सभायां छात्रैः कृतानां प्रश्नानां सूत्रात्मकानि गति वाक्यानि योगिनो नरहरिनाथस्य निम्नाङ्कितानि)

—योगी नरहरि नाथः

१ प्रश्नः— किम्नाम संस्कृतम् ?

यस्य निश्वसितं वेदायो वेदेभ्योऽखिलं जगत् ।
निर्ममेतमहं बन्दे विद्यातीर्थं महेश्वरम् ॥१॥
संस्कृतं नाम सा भाषा यत्र वेदाः सनातनाः ।
या भाषा वैदिकार्षाणां या भाषा जगदादिमा ॥२॥
या भाषा स्थायिनी लोके या भाषा सुव्यवस्थिता ।
वेदोपवेदोपनिषद् ब्राह्मणानि स्मृतिः स्थिता ॥३॥
यत्र सूत्राणि भाष्याणि षडङ्गानि च दर्शनम् ।
इतिहासाः पुराणानि वाकोवाक्यं कथास्तथा ॥४॥
यत्र तन्त्राणि मन्त्राश्च नीतिशास्त्राणि नाटकम् ।
अर्थशास्त्रं राजशास्त्रं धर्मशास्त्रं समोन्नकम् ॥५॥
तथा समाजशास्त्रं च शास्त्राणि त्रिविधानि च ।
स्तोत्राणि च पवित्राणि कर्मकाण्डं कलाः शतम् ॥६॥
तथोद्यानविनोदाश्च गद्यपद्यमयं बहु ।
काव्यं चम्पूमयं चैव ज्ञानं विज्ञानमेव च ॥७॥
पञ्चप्रयोजना यत्र नवधा व्याकृतिः स्थिरा ।
वाक्चतुष्कं स्थितं यत्र यत्र विद्याश्चतुर्दश ॥८॥

यत्र सूक्ष्मं स्थितं तत्त्वं लौकिकं पारलौकिकम् ।
परा चैवा परा चेति द्वे विद्ये यत्र संस्थिते ॥९॥
भूगोलं च खगोलं च मनोविज्ञानमुन्नतम् ।
शिल्पशास्त्रं प्राणिशास्त्रं नाट्यशास्त्रं च शाकुनम् ॥१०॥
यत्र खनिजशास्त्रं च शास्त्रं सामुद्रिकं तथा ।
वैदिकं लौकिकं सर्ववाङ्मयं यत्र विद्यते ॥११॥
आर्याणां भावना यत्र निबद्धाः श्रद्धया सह ।
सृष्ट्यादेः सुस्थिता यत्र धर्म-संस्कृति-सभ्यताः ॥१२॥
आर्याणामेकतासूत्रं बलीयः संस्कृतं स्मृतम् ।
तन्नाम संस्कृतं सर्वे भाषा शास्त्रविदो विदुः ॥१३॥
संस्कृतं नाम दिव्या वाग् देवदानवमानवैः ।
साधारणी पुराणी च कृता व्याहारमध्यमा ॥१४॥

२ संस्कृतं किम्प्रयोजनम् ?

जगज्ज्येष्ठं सर्वंश्रेष्ठं रक्षितुं वेदवाङ्मयम् ।
आदर्शानां पालनार्थं रक्षितुं च परम्पराः ॥१५॥
आद्यानामुपदेशानां सन्देशानां मनीषिणाम् ।
पालनार्थं धर्मसेतोः संस्कृतस्य प्रयोजनम् ॥१६॥
आत्मा वै विश्वमूलं च कृण्वन्तो विश्वमार्यकम् ।
आत्मवत् सर्वभूतानि वसुधैव कुटुम्बकम् ॥१७॥
ईशावास्यमिदं सर्वं यत् किञ्च जगत्यां जगत् ।
तेनत्यक्तेन भुञ्जीथामा गृधः कस्यस्विद्धनम् ॥१८॥
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।

सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत् ॥१९॥
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ॥२०॥
सह नाववतु । सह नो भुनक्तु । सहवीर्यं करवावहै ।
तेजस्विनावधीतमस्तु । मा विद्विषावहै ॥२१॥
धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥२२॥
इत्यादि स्वस्थमव्याज विश्वं विश्वात्मदर्शनम् ।
विश्वमानवकल्याणं कर्त्तुं संस्कृतमुत्तमम् ॥२३॥
रक्षितुं चार्यमर्यादां हिन्दुधर्मं च रक्षितुम् ।
स्वत्वसंस्कृतिरक्षार्थं संस्कृतस्य प्रयोजनम् ॥२४॥
वर्णाश्रमव्यवस्थार्थं पुरुषार्थचतुष्टयम् ।
सुखं साधयितुं लोके संस्कृतस्य प्रयोजनम् ॥२५॥
निगमागमतत्त्वानां बोधार्थं संस्कृतं हितम् ।
ओघत्रयस्य बोधार्थमनिवार्यं हि संस्कृतम् ॥२६॥
ऊर्ध्वमूलमधःशाखं मानवं वंशशाखिनम् ।
विज्ञातुं साधनं दिव्यं संस्कृतम् सत्प्रयोजनम् ॥२७॥
चण्डीसप्तशतीनीतिं गीतानीतिं च वेदितुम् ।
चाणक्यशुक्रनीती च संस्कृतं साधुमाध्यमम् ॥२८॥
विश्वभाषामूलभूतं विश्वभाषाऽऽशुबोधकम् ।
विश्वमानवसंपत्तिः संस्कृतं सप्रयोजनम् ॥२९॥
हिमवत्संस्कृतेर्धाम हिन्दुराष्ट्रस्य गौरवम् ।

विश्वहिन्दूत्थानहेतुः संस्कृतं सुप्रयोजनम् ।।३०।।
स्वान्तःसन्तोषलाभार्थं वेदितुं ब्रह्मकर्मणी ।
विश्वशान्त्यैविश्वमैत्र्यै संस्कृतस्य प्रयोजनम् ।।३१।।
आब्रह्मन्निति चाराष्ट्रे योगः क्षेमश्च कल्पताम् ।
इमा रुद्राय तवसे ग्रामे ऽ अस्मिन्ननातुरम् ।।३२।।
स्वस्ति गोभ्यः शाश्वतीभ्यः सौरभेयीभ्य एव च ।
वाचं धेनुमुपासीत वाग्धेनूपस्तुतैतु नः ।।३३।।
माता मे पृथिवी पुत्रोऽहं पृथिव्याः नमो मात्रे पृथिव्यै ।
मातृ देवो भवेत्यादि सत्यं वद वृषं कुरु ।। २४ ।।
उत्तिष्ठत-जाग्रतेति संस्कृतस्य प्रयोजनम् ।
अनुवादे न ते भावास्तस्माद् रक्ष्यं हि संस्कृतम् ।। ३५ ।।
राष्ट्रभाषापुष्टिहेतोः संस्कृतस्य प्रयोजनम् ।
राष्ट्रभाषासुरक्षार्थं संस्कृतस्य प्रयोजनम ।।३६।।

३ आर्य संस्कृते : संस्कृतस्य च कः सम्बन्धः ?

यथा शब्दार्थसम्बन्धो धरित्रीगन्धयोर्यथा ।
यथा दुग्धाज्ययोर्योगो यथा पुष्प सुगन्धयोः ।। २७ ।।
यथा रसाम्बुनोर्योगः स्पर्शवाय्वेर्यथा मिथः ।
यथाग्निरूपयोर्योगो यथा शब्दविहायसो ।।२८।।
तथार्यसंस्कृतेः स्थाया सम्वन्धः संस्कृतस्य च ।
जन्य-जनक-सम्बन्धःसंस्कृतेः संस्कृतस्य च ।।३९।।
आधाराधेमयोर्योगः पोष्य पोषकयोर्यथा ।
तथा संस्कृत संस्कृत्योः सम्बन्ध शाश्वतः स्थित ।।४०।।
अस्माकं सफलार्याणां संस्कृतिः संस्कृते स्थिरा ।

संस्कृते नाशिते नाशः संस्कृतेश्च स्वतो भवेत् ॥४१॥
संस्कृतस्य नाशकारण किम् ?
पुरा विद्यासीदुपशमवतां क्लेशहतये,
गता कालेनासौ विषयसुखसिद्ध्यै विषयिणाम् ।
इदानीं तु पेक्ष्य क्षितितलभुजः शास्त्रविमुखान्
अहो ! कष्टं सेयं प्रतिदिनमधोऽधः प्रविशति ॥४२॥
विदेशीय - विजातीय विधर्मिणां प्रशासनात् ।
संस्कृतस्य विनाशोऽभूद् विदेश-भाषया तथा ॥४३॥
सङ्कीर्णभावनाभिश्च वृत्तिच्छेदादुपेक्षया ।
निराश्रयतया नाशः संस्कृतस्य प्रजायते ॥४४॥
अनुसन्धानहीनत्वाज्जाटिल्येन वितण्डया ।
शिक्षाया मूलशैथिल्याद् वादजल्पविनाशतः ॥४५॥
सङ्गच्छध्वं संवदध्वं संवो मनांसि जानताम् ।
महर्षीणां समाजस्य भङ्गादङ्कैकलम्बनात् ॥४६॥
गोपनीयार्थभिन्नत्वाद् व्यक्तिवादात्त प्रमादतः ।
प्रचारस्य प्रसारस्य प्रश्रयस्य च लोपनात् ॥४७॥

४. संस्कृतस्य संस्कृतेश्च संरक्षणोपायाः के ?

संस्कृतस्य संस्कृतेश्च रक्षणोपायचिन्तने ।
सारल्यं प्रथमं कार्यं सारस्यं पदमित्रता ॥४८॥
भाषाविज्ञानदृष्ट्या च मनोविज्ञानदृष्टितः ।
मातृभाषा-राष्ट्रभाषा-मुखेनैव हि संस्कृतम् ॥४९॥
ज्ञातव्यं ज्ञापनीयं च भाषा-सन्धि-विधानतः ।
शब्दकोषः पुरा पाठ्यः साहित्यं सरलं ततः ॥५०॥

ततो व्याकरणं पाठ्यं व्यापकं सरलं लघु ।
क्रमशः कठिनं पाठ्यं लौकिकं वैदिकं बहु ॥५१॥
प्रकृति-प्रत्ययादीनामुपसर्गादुषङ्गतः
ॐ स्वस्ति स्वागतं श्रीमत्-प्रमुखानि पदानि च ॥५२॥
व्युत्पाद्य बोधनीयानि समासेनानुयायिना ।
एकः शब्दः सुप्रयुक्त इति शब्दस्य भावना ॥५३॥
एकैकशब्दो बोद्धव्यः सम्यक् संस्कारपाटवात् ।
शब्दार्थबोधवैधुर्याद् थिक्यः पुनरुक्तयः ॥५४॥
लेखकैर्वक्तृभिर्बद्धा स्थाने स्थाने वृथा यथा-।
खड्गशंशेरसंज्ञा च वीरबहादुराभिधा ॥५५॥
शेष—बाकी—मुखाः शब्दाः प्रयुज्यन्ते पदे पदे ॥
धातु-प्रत्यय-बोधेन विहीना अहिता गिराम् ॥५६॥
धातुमूलं शब्दशास्त्रं धातु-बोध-प्रयोजनम् ।
भाषाविज्ञानतो भाषाभाषणं लेखनं पुनः ॥५७॥
पठनं पाठनं ग्रन्थ रचना च प्रचारणम् ।
संस्कृते रक्षिते सम्यग् राष्ट्रभाषा सुरक्षिता ॥५८॥
भाषाभ्यां भावना रक्षा भावैः संस्कृतिरक्षणम् ।
प्रथमं राष्ट्रभाषायाश्चतुर्धा शोधनं हितम् ॥५९॥
साङ्गे जनपदे कोष-व्याकृत्योरनुशीलनम् ।
भाषारक्षणतो रक्षा धर्म-संस्कृति-सभ्यताः ॥६०॥
मानवी पद्धतिर्बद्धा वैदिकीयं सनातनी ।
समये संस्कृता पूर्वैः पुनरुद्धारमिच्छति ॥६१॥
विद्यार्थिनोऽथ विदुषः शासकाननुशासकान् ।
योगी नरहरिर्नाथः प्रार्थये श्रूयतां जनैः ॥६२॥

[शिवम्]

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

श्री ५ मा हाम्रा मागहरू

(शिष्ट मण्डलद्वारा प्रस्तुत २०२८।९।१३।३मा

१. राष्ट्रिय शिक्षा समितिमा तृतीयांश संस्कृतज्ञहरू रहनु
२. राष्ट्र र राष्ट्रियता प्रति वफादार रही राष्ट्रिय एकता,
राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने तथा पञ्चायती व्यव
आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने भन्ने
योजनाको उद्देश्य प्राप्त गर्न संस्कृत-निबद्ध-विषयहरू बढता
हुँदा तदनुकूल शिक्षा व्यवस्था हुनु पर्दछ ।

३) संस्कृत माध्यमिक विद्यालयमा प्रवेश गर्न योग्यताकः चो
कक्षादेखि सातौं कक्षासम्म ऐच्छिकरूपमा विशेष संस्कृत पढाउने व्यवस्था हुनु पर्दछ ।

४) चतुर्थकक्षादेखि सर्वोच्च कक्षासम्मसर्वत्र न्यूनतम १००। पूर्णाङ्कको हिन्दु संस्कृति सम्बन्धी सरल—संस्कृत अनिवार्य हुनु पर्दछ ।

५) संस्कृत शिक्षालाई समयानुकूल बनाई कार्यान्वित गर्ने उच्चाधिकार सम्पन्न संस्कृत–आयोग गठित हुनु पर्दछ र आयोगद्वारा निर्धारित नीति अनुसार पाठ्य पुस्तक निर्माणार्थ आवश्यक प्रबन्ध हुनु पर्दछ ।

६) उच्चशिक्षामा पनि साधारणतया पढाइको माध्यम राष्ट्रभाषा नै हुनु पर्दछ ।

७) आयुर्वेद अध्ययन संस्थान स्वतन्त्र हुनुपर्दछ र अनुसन्धा
जानु पर्दछ ।

८) घोषित हिन्दु राष्ट्रमा अनिवार्य ठानेर देश–विदेशका शिक्ष
हरूका सम्मति अनुसार श्री ५ महाराजाधिराजद्वारा घोषित
जनसहयोगद्वारा सञ्चालित नेपाल-संस्कृत-विश्वविद्यालयको राष्
योजनामा स्थान हुनु पर्दछ र स्वशासितरूपमा सुधार सञ्च
पर्दछ

शिष्टमण्डल --(१) योगिराज नरहरिनाथः (२) प्राचार्य रामनाथ
चार्यः (३) प्राचार्य आ० पूर्णचन्द्र ढुङ्गेल (४) प्रधानाध्यापक विश्वेन
पोखरेल (५) प्राध्यापक शिवराज आचार्य (६) श्री योगराज थापा
सदस्य वृ० आ० परिषद् ।

संस्कृ